नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जनसंख्या व्यवस्थापन महाशाखा
जनसंख्या ... तथा सूचना शाखा
रामशाहपथ

२२३५८०
२६२६९६
२६९७३६
४- २६२८०२
२६२१८७
२६२४६८
२६२५४३

पत्र संख्या:-आ.व.२०८१/०८२
च.नं.:-

मिति: २०८१/११/१८

**विषय: राय सुझाव सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा राष्ट्रिय जनसख्या नीति २०७१ लाई परिमार्जन गरी नयाँ राष्ट्रिय जनसङ्ख्या नीति २०८१ निर्माणको प्रकृया अगाडि बढाएको र सो को प्रारम्भिक मस्यौदा तयार भइसकेको अवस्था छ । सम्बद्ध मस्यौदा तयार गर्ने क्रममा सातै प्रदेशमा गई विज्ञ, सरोकारवाला समूह तथा यस विषयमा चासो र सरोकार राख्ने सबैसँग राय सुझाव संकलन गरी महत्वपूर्ण सुझावहरुलाई समावेश गरी नीतिको अन्तीम मस्यौदा तयार गरी उक्त नीति मस्यौदालाई सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ ।यसर्थ संलग्न राष्ट्रिय जनसङ्ख्या नीति २०८१ को मस्यौदा उपर राय सुझाव दिन चाहनुहुने सम्बन्धितले यस मन्त्रालय अन्तरगत जनसङ्ख्या व्यवस्थापन महाशाखाको pmis.mohp11@gmail.com इमेलमा २०८१।११।२९ गते सम्ममा सुझाव पठाउनुहुन अनुरोध छ।

# राष्ट्रिय जनसङ्ख्या नीति, २०८१

## जनसङ्ख्याः दिगो विकास र समृद्धिको आधार

**(छलफल तथा परामर्शका लागि तयार गरिएको प्रारम्भिक मस्यौदा)**

## परिच्छेद १. परिचय

### १.१ पृष्ठभूमि

मानव जनसङ्ख्यालाई राज्य निर्माणको आधारभूत पक्षका रुपमा लिइएको छ । कुनै एक भौगोलिक सीमा भित्रका गुणात्मक तथा संख्यात्मक विशेषता भएको तथा सामाजिक, आर्थिक तथा सामाजिक विविधता सहितको समावेशी मानव समुदायनै जनसङ्ख्याका रुपमा वर्णित छ । जनसङ्ख्यालाई मानव समुदायको गुणात्मक तथा परिमाणात्मक स्वरुप, उपयोगिता तथा मनोव्यवहारिक स्थितिको संयोजनका रुपमा समेत लिइन्छ। विकास र शासनका सबै विषयको मुख्य निर्धारकका रुपमा रहेको जनसङ्ख्यालाई मानवको जन्मदर, मृत्यूदर, वितरण तथा जनघनत्व, बाच्ने सरदर उमेर तथा उमेर संरचना, आन्तरिक तथा वाह्य रुपमा हुने बसाइसराइ एवं विविध कारणले हुने जनसङ्ख्याको विस्थापन जस्ता विषयले चिनारी गराएका हुन्छन् ।

नेपालको संविधानले राज्यको मानवीय तथा जैविक आधारका रुपमा जनसङ्ख्यालाई स्थान दिएको छ । नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता सहितको जनसांख्यिक उपस्थिति भएको राज्यका रुपमा संविधानले स्थापित गरेको छ । संवैधानिक संरचनाले मानव जनसङ्ख्यालाई सामाजिक न्याय, समावेशिता, समानता र समतामूलक समाजको निर्माण, सबै नागरिकको आधारभूत हकहितको संरक्षणको प्रत्याभूति, राष्ट्रिय हितप्रति समर्पित, सक्षम र गुणवत्ता भएको नागरिक समुदायमा आधारित तुल्याएको छ। यसका साथै राष्ट्रिय आवश्यकता र धान्न सक्ने जनसांख्यिक क्षमता हासिल गर्ने, मातृमृत्यूदर घटाउने, युवा मानव पँजीको विकास गर्ने, परिवार नियोजनका लागि प्रोत्साहन दिने जस्ता आधारभूत दायित्व संविधानले बहन गरेको छ।

संविधानमा उल्लिखित राज्यका नीतिमा सर्वाङ्गिण मानवीय विकास एवं सुरक्षाको प्रत्याभूति गर्ने, जनसांख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासंग आवद्ध गर्ने, नागरिकका लागि एकीकृत परिचयपत्रको व्यवस्था र नागरिक सेवा प्रणालीसंगको आवद्धता कायम गर्ने, सबैको ज्ञान, सीप र अनुभवलाई मुलुकको हितमा उपयोग गर्ने, विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिने नागरिकलाई स्वस्थ बनाई नागरिकको व्यक्तित्व विकास गर्न शिक्षा, स्वास्थ्य, रोजगारीको विषयमा राज्यले लगानी वृद्धि गर्ने, वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी अधिकारको प्रत्याभूत गर्न नियमन र व्यवस्थापन क्षमता सुदृढ तुल्याउने, सबै नागरिकका लागि रोजगारीको अधिकार, समावेशी तथा सामाजिक न्यायमा आधारित मानव समाजको निर्माण, सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारी एवं वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण आय, सीप र

दक्षताको उत्पादनशील उपयोगमा संवैधानिक व्यवस्थाले जोड दिएको छ । साथै तहगत संघीयकरणका रुपमा मानव विकास तथा जनसङ्ख्या व्यवस्थापनको अधिकार र जिम्मेवारीको बांडफांड प्रदेश तथा स्थानीय तहमा गरिएको छ ।

नेपालका विगतका आवधिक योजनाहरुले जनसङ्ख्याको विषयलाई विकासको महत्वपूर्ण सम्वाहकका रुपमा प्राथमिकता दिंदै आएका छन् । यी योजनाले विशेष गरी गुणस्तरीय र उत्पादनशील जनसांख्यिक स्रोतको प्राप्ती, जनसङ्ख्या र विकासबीच तादात्म्यता कायम गर्ने, जन्मिने शिशुको सम्वर्द्धन गर्ने, स्वस्थ, सवल तथा आर्थिक रुपले सक्रिय जनसङ्ख्या, सामाजिक न्याय र समावेशितामा आधारित जनसङ्ख्याको प्राप्ती, जनसांख्यिक लाभको उपयोग, व्यवस्थित शहरीकरण र बसाइसराइको व्यवस्थापन, जनसङ्ख्याको गतिविधि वारे तथ्यगत आधारको विकास र उपयोग, जस्ता विषयलाई समग्र विकासको योजनागत आधारका रुपमा प्रष्ट पारेका छन् । हाल कार्यान्वयनमा रहेको सोह्रौं योजनाले जनसङ्ख्याको गुणवत्तालाई विकासको आधारका स्थापित गरी रोजगारी तथा मर्यादित श्रम, दिगो सामाजिक सुरक्षा, स्वस्थ, शिक्षित तथा सीपयुक्त मानव पुँजी, लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाजमा आधारित जनसङ्ख्या जस्ता विषयमा प्राथमिकता दिएको छ ।

नेपालमा जनसङ्ख्या र विकासबीचको गतिशीलताको व्यवस्थापन गर्न नीतिगत, संरचनागत तथा प्रणालीगत प्रयास हुंदै आएका छन् । वि.सं. २०६६ सालमा घोषणा गरिएको जनसङ्ख्या सम्बन्धी नेपालको दीर्घकालीन योजना (सन् २०१० देखि २०३० सम्म) ले जनसङ्ख्याको बहुआयामिकतालाई आत्मसात गर्दै यसको दीर्घकालीन विकास र उपयोगका लागि विकासका सबै पक्षमा जनसङ्ख्याको विषयलाई एकाकार गर्ने, गुणस्तरीय जनसङ्ख्याका लागि मानव विकास प्रणाली सुदृढ तुल्याउने, जनसङ्ख्या व्यवस्थापनका लागि सक्षम संस्थागत व्यवस्था गर्ने तथा समावेशी तवरले जनसङ्ख्याको व्यवस्थापन गर्ने पक्षमा उपलब्धि र नतिजा हासिल गर्ने ध्येय राखेको छ । त्यसैगरी, वि.सं. २०७१ साल देखि कार्यान्वयनमा ल्याइएको जनसङ्ख्या नीतिले शासन र विकासका सबै पक्षमा जनसङ्ख्या विषयको मूलप्रवाहीकरण र एकीकरण गर्ने, जनसङ्ख्या र विकासबीच तादात्म्यता र सामन्जस्य कायम गर्ने, सामाजिक रुपले समावेशी जनसङ्ख्या हासिल गर्ने तथा जनसङ्ख्या व्यवस्थापनका लागि तथ्यगत आधार निर्माण गर्ने गरी नीतिगत व्यवस्था गरेको छ । नेपालका शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगार, लैङ्गिक समानता, वातावरण संरक्षण, जलवायु परिवर्तन, गरिबी निवारण, भूउपयोग, पूर्वाधार विकास, उद्योग, आदिसंग सम्बन्धित नीतिगत व्यवस्थाले जनसङ्ख्यालाई प्रभाव पार्ने आर्थिक तथा सामाजिक एवम् दिगो विकासका विविध पक्षमा जोड दिएका छन् ।

नेपालले दिगो विकास लक्ष्य २०३० मा उल्लिखित उपलब्धिका क्षेत्रमा आफ्नो पूर्ण संलग्नताका लागि प्रतिवद्धता व्यक्त गरेअनुरुप सन् २०१६ देखि २०३० सम्मको मार्गचित्र तयार गरी सो बमोजिम कार्यान्वयन तत्परता देखाएको छ । जनसङ्ख्याको विषयसंग प्रत्यक्ष रुपमा सम्बन्धित रहेको लक्ष्य खासगरी स्वस्थ पृथ्वीका लागि सबै मानवको मर्यादित तथा गुणात्मक जीवनका आधारमा लक्ष्य हासिल गर्ने गरी दिगो मानव विकासका विभिन्न पक्षमा राज्यलाई जिम्मेवार

**जनसङ्ख्याको विषयसंग प्रत्यक्ष रुपले सम्बन्धित दिगो विकास लक्ष्यहरु**

लक्ष्य १: गरिबी न्यूनीकरणका लागि गुणस्तरीय परिवार
लक्ष्य २: भोकबाट छुट्कारा पाउनका लागि आर्थिक संलग्नता
लक्ष्य ३: गुणस्तरीय मानव समुदायका लागि राम्रो स्वस्थ र समुन्नत जीवन
लक्ष्य ४: सार्थक जनसङ्ख्याका लागि गुणस्तरीय शिक्षा
लक्ष्य ५: गुणस्तरीय जनसङ्ख्याका लागि लैङ्गिक समानता
लक्ष्य ६: मानव जीवनका लागि स्वच्छ र सफा खानेपानी
लक्ष्य ८: मर्यादित श्रमका आधारमा आर्थिक सवलता
लक्ष्य ९: उद्योग, नवप्रवर्तन तथा पूर्वाधारको विकास र जनसांख्यिक गुणवत्ता
लक्ष्य ११: गुणस्तरीय शहरी जीवन
लक्ष्य १३: जनसङ्ख्याका लागि जलवायु न्याय

र जवाफदेही तुल्याएको छ । दिगो मानव विकासका लागि यी लक्ष्यले समावेशी आर्थिक वृद्धि, रोजगारी सृजना र सुदृढ सामाजिक संरक्षण गर्ने ध्येय राखेको छ । यी लक्ष्यले जनसङ्ख्या र विकासका कोसेढुङ्गाका रुपमा सबै किसिमका गरिबीको अन्त्य गर्ने, भोकमरीबाट छुटकारा दिने तथा उन्नत पोषण प्राप्त गर्ने, सबै उमेर समूहका जनसङ्ख्याका लागि स्वस्थ र समृद्ध जीवनस्तर हासिल गर्ने, समावेशी तथा न्यायोचित एवं गुणस्तरी शिक्षाको अवसर सुनिश्चित गर्ने, लैङ्गिक समानता हासिल गर्ने र महिला सशक्तीकरण गर्ने तथा विश्वसनीय तथ्याङ्क प्रणालीको विकास र उपयोग गर्ने गरी सारभूत रुपमा रुपान्तरण गर्ने वृहत् उद्देश्य राखेको छ ।

जनसङ्ख्या र विकासको मार्गदर्शकीय आधार तयार गरेको सन् १९९४ को अन्तर्राष्ट्रिय जनसङ्ख्या तथा विकास सम्मेलनले जनसङ्ख्याको विषयलाई राष्ट्रिय योजना प्रणालीमा उच्च प्राथमिकतासहित वित्तीय स्रोत परिचालन गर्ने, दिगो विकासमा आधारित जनसङ्ख्या व्यवस्थापन क्षमता हासिल गर्ने, अधिकारमा आधारित तथा समावेशी प्रणालीका आधारमा जनसङ्ख्याको गुणस्तर प्रवर्द्धन गर्ने, प्रभावकारी जनसङ्ख्या व्यवस्थापनका लागि राष्ट्रियस्तरमा क्षमता विकास गर्ने तथा जनसङ्ख्या नीति तथा योजनाको कार्यान्वयन, अनुगमन र जनसङ्ख्याका लागि उच्च तहको राजनीतिक नेतृत्वको क्रियाशील भूमिका सुनिश्चित गर्ने विषयमा नेपाललाई प्रतिवद्ध तुल्याएको छ । सन् १९९५ को बेइजिंग कार्ययोजनाले लैङ्गिक समानता र महिला अधिकारका विषयमा राज्यलाई मार्गदर्शन गरेको छ भने सबै क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने, नीतिगत, कानुनी र संस्थागत सक्षमता र सम्वेदनशीलताका आधारमा लैङ्गिक उत्तरदायी र सक्षम शासनको प्रत्याभूति गर्ने, सबै प्रकारका लैङ्गिक हिंसा र विभेदको अन्त्य गर्ने तथा महिलाको आर्थिक र सामाजिक रुपान्तरण गर्ने उद्देश्य लिई राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ कार्यान्वयनमा आइसकेको छ । राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुंचलाई निर्देशक सिद्धान्तका रुपमा आत्मसात गरेको छ । यस नीतिले संविधानप्रदत्त स्वास्थ्यसम्बन्धी हक सबै नागरिकका लागि सबै तहमा उनीहरुको सहज पहुंचका साथै उनीहरुले उपभोग गर्न पाउने गरी कार्यान्वयनको व्यवस्था गरेको छ ।

नेपालको संवैधानिक व्यवस्था तथा मानव विकाससम्वद्ध नीतिगत व्यवस्थाले जनसङ्ख्याको विषयलाई दिएको महत्व, विश्वव्यापी रुपमा दिगो विकासका लागि जनसङ्ख्याको महत्व उजागर भएको विषय, आर्थिक तथा सामाजिक विकासका लागि मानव पँूजीको विकास र उपयोगको सान्दर्भिकता र अपरिहार्यता, उद्यमशील तथा संस्कारयुक्त जनसङ्ख्याका आधारमा राष्ट्रको समुन्नति हासिल गर्ने विषय, जनसङ्ख्यासम्वद्ध संस्थागत क्षमता तथा तथ्यगत आधारमा व्यवस्थापकीय सक्षमताको आवश्यकता, आदि पक्षले नेपालमा जनसङ्ख्याको विकास र व्यवस्थापनका लागि मार्गदर्शन गर्न, समन्वय र सामन्जस्य कायम गर्न तथा जनसांख्यिक गतिशीलतालाई मुलुकको समृद्धिका लागि उपयोग गर्न अवसर प्राप्त भएको छ । जनसङ्ख्या सापेक्ष तथा केन्द्रित विकास प्रणालीविना नेपालमा दिगो विकास हुन नसक्ने तथ्यलाई आत्मसात गर्दै जनसङ्ख्यालाई गुणवत्ता, यसको उत्पादनशील क्रियाशीलता तथा यसबाट मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणको आधार निर्माण गर्ने एवं यसको सही व्यवस्थापनका लागि नीतिगत सुधारको अपरिहार्यता रहेको विषयलाई मनन् गर्दै नेपाल सरकारले यो राष्ट्रिय जनसङ्ख्या नीति घोषणा गरेको छ ।

## १.२ (क) समस्या तथा चुनौती

जनगणना २०७८ को नतिजामा आधारित रही नेपालको जनसांख्यिक स्थितिको विवेचना गर्दा वि.सं. २०६८ देखि २०७८ को बीचको दश बर्षको अवधिमा जनसङ्ख्या वृद्धिदर प्रतिबर्ष सरदर ०.९२ प्रतिशत मात्र रहेको छ भने कुल जन्मदर २.५२ बाट १.९४ प्रतिशतमा झरेको छ जुन जवकि जनसङ्ख्याको इच्छित प्रतिस्थापन दर २.१ भन्दा कम नै रहेको छ । शहरी क्षेत्रको जनसङ्ख्या १७.०७ प्रतिशतबाट बढेर ६६.०८ प्रतिशत पुगेको छ भने ग्रामीण क्षेत्रको जनसङ्ख्या ३३.९२ प्रतिशत रहेको देखिन्छ । परिवारको आकार ४.८८ बाट घटेर ४.३२ को संख्यामा झरेको छ । १५ बर्ष उमेर भएका बालबालिकाको संख्या ३४.९ प्रतिशतबाट घटेर २७.८ प्रतिशतमा झरेको छ । औसत आयु ६६.६ बर्ष बाट बढेर ७१.१ बर्ष पुगेको छ भने ६० बर्ष माथिका जनसङ्ख्याको अंश ६.४ प्रतिशतबाट बढेर ८.१ प्रतिशतमा पुगेको देखाएको छ । त्यसैगरी अनुपस्थित जनसङ्ख्या ७.३ प्रतिशतबाट बढेर ७.५ प्रतिशतमा पुगेको देखिन्छ ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ ले कुल जन्मदरका सम्बधमा १५ देखि ४९ बर्ष उमेर समूहका महिलामा सरदर २.१ को संख्यामा बच्चा जन्माउने इच्छा रहेको, १५ देखि ४९ बर्ष उमेर समूहका १००० को संख्यामा ७१ रहेको छ भने २० देखि २४ उमेर समूहका १००० महिलामा १६० को संख्यामा बच्चा जन्माउने इच्छा देखिएको छ र तत्पश्चातको उमेर समूहमा घट्दै गएको देखिन्छ । त्यसैगरी, सन् १९९६ मा प्रति महिला ४.८ जन्मदर रहेकोमा २०२२ मा २.१ मा झरेको छ  भने विवाहित महिलामा परिवार नियोजनको साधन उपयोगको स्थिति सन् १९९६ मा २९ प्रतिशत रहेकोमा सन् २०२२ मा ५७ प्रतिशत पुगेको देखिन्छ । मृत्यूदरमा सर्वेक्षणले पांच बर्षमुनिको बाल मृत्यूदर ३३।१००० रहेको, दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा २० मा झार्ने रहेको, शिशु मृत्यूदर २८।१००० रहेको छ दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा १६ मा झार्ने रहेको, भने १२ महिनासम्मको शिशु मृत्यूदर ५।१००० रहेकोमा नवजात शिशु मृत्यूदर २१।१००० रहेको, दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा १२ मा

भार्ने रहेको तथा पांच बर्षमुनिको बालबालिकाको कुपोषणको स्थिति सन् १९९६ मा ५७ प्रतिशत रहेकोमा सन् २०२२ मा २५ प्रतिशतमा घटेको पाइएको छ ।

नेपाल जीवनस्तर सर्वेक्षण २०२२।२३ ले प्रकाशित गरेको नतिजामा उमेर समूहका आधारमा जनसङ्ख्याको वितरणको स्थितिमा १४ बर्षसम्मको उमेर समूहको जनसङ्ख्या १९९६ मा ४२.४ प्रतिशत रहेकोमा सन् २०२२।२३ मा २८.३ प्रतिशत रहेको देखिएको, १५ देखि ५९ बर्षसम्मको उमेर समूहको जनसङ्ख्या १९९६ मा ५०.८ प्रतिशत रहेकोमा सन् २०२२।२३ मा ६०.८ प्रतिशत देखिएको तथा ६० बर्ष र सोभन्दा माथिको उमेर समूहको जनसङ्ख्या १९९६ मा ६.८ प्रतिशत रहेकोमा सन् २०२२।२३ मा १०.९ प्रतिशत देखिएको छ । त्यसैगरी परिवारको आकारका सम्बन्धमा नतिजाले सन् १९९६ परिवारमा २ जनासम्म भएको ९.५ प्रतिशत रहेकोमा सन् २०२२।२३ मा २२.६ प्रतिशत रहेको, सन् १९९६ मा परिवारमा ३ देखि ४ जनासम्म भएको २५.५ प्रतिशत रहेकोमा सन् २०२२।२३ मा ४३.१ प्रतिशत रहेको, सन् १९९६ मा परिवारमा ५ देखि ६ जनासम्म रहेको ३३.८ प्रतिशत भएकोमा सन् २०२२।२३ मा २५ प्रतिशत रहेको तथा सन् १९९६ मा परिवारमा ७ जना र सोभन्दा बढी रहेको ३१.३ प्रतिशत भएकोमा सन् २०२२।२३ मा घटेर ९.२ प्रतिशत रहेको, घरपरिवारको सरदर आकार सन् १९९५।९६ मा ५.७ रहेकोमा सन् २०२२।२३ मा घटेर ४ प्रतिशतमा सीमित रहेको देखाएको छ ।

जनसङ्ख्या सम्बन्धी नेपालको प्रवृत्तिगत स्थितिले जन्मदरमा आएको निरन्तर कमी, बांच्ने उमेरमा भएको बढोत्तरी, बालबालिकाको संख्यामा कमी, ज्येष्ठ नागरिकको संख्यामा निरन्तर वृद्धि, युवा पीढीमा प्रजनन् सम्वद्ध मनोव्यवहारमा आएको परिवर्तन, विश्व श्रम बजारको उदारीकरण, वैदेशिक रोजगारी एवम् शैक्षिक आप्रवासनमा युवा वर्गको बढ्दो आकर्षण तथा अव्यवस्थित आन्तरिक बसाइसराइ र शहरीकरण तथा बढ्दो शहरी गरिबीको अवस्था विद्यमान रहेको छ । त्यसैगरी, परिवार नियोजनको प्रणालीको उपयोगितामा देखिएको सारभूत परिवर्तन, कोविड १९, एचआइभी एड्स, जलवायु परिवर्तन, मानव वेचविखन तथा तस्करीका कारण जनसङ्ख्या व्यवस्थापनमा आएको जटीलता, सूचना प्रविधि र खासगरी कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) प्रणालीको बढ्दो उपयोगको कारण मानव रोजगारीमा पर्नसक्ने असर तथा निकट भविष्यमा नै विश्व रोजगार बजारबाट नेपाली श्रमको विस्थापन हुनसक्ने प्रवल सम्भावना र तिनको व्यवस्थापन गर्नुपर्ने अपरिहार्यता एवं जनसङ्ख्या व्यवस्थापनमा बढदो जटीलताको स्थिति रहेको देखिन्छ । जनसङ्ख्या वृद्धिदर न्यून हुंदै जानाले युवा जनसङ्ख्यामा थप हुनसक्ने बालबालिकाको संख्या कम हुने र जनसांख्यिक लाभको स्थिति नकारात्मक हुने कारक प्रवल हुनसक्ने, ज्येष्ठ नागरिकको संख्यामा हुने वृद्धिले आर्थिक उपार्जनको सम्भावना न्यून हुंदै जाने, सामाजिक सुरक्षा र आधारभूत मानवीय सेवामा हुने सार्वजनिक खर्चमा बढोत्तरी हुने, अन्तरवंशीय सामन्जस्य र सम्बन्धमा जटीलता बढ्ने देखिएको छ । जनसङ्ख्यामा अपर्याप्तताले आर्थिक रुपमा सक्रिय जनसङ्ख्यामा कमी हुंदै जाने र उत्पादनका लागि जनशक्तिको कमी हुने, मानव पुँजीको विकासमा संकट आउने र आर्थिक वृद्धिमा असर पर्ने, विकासका पूर्वाधारको उपयोगिता र सो बाट आर्थिक उपार्जनमा प्रतिकूलता देखिने, जनसांख्यिक वितरणमा सन्तुलन विग्रने जस्ता स्थिति पैदा हुने देखिन्छ ।

नेपालले राष्ट्रियस्तरमा जनसङ्ख्याको विकास र व्यवस्थापनका लागि सर्वप्रथम प्रतिवद्ध नीतिगत व्यवस्थाका रुपमा राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ कार्यान्वयनमा ल्याएको हो । यसले जनसांख्यिक गतिशीलतालाई नीतिगत रुपमा सम्वोधन गर्ने प्रयास गर्नुका साथै आधार तयार गरेको छ जसमा मुख्य विषयका रुपमा नागरिकको गुणवत्ता तथा जनसङ्ख्या र विकासबीचको इच्छित सम्बन्धलाई समावेश गरेको छ । यसको समीक्षा गर्दा जनसङ्ख्याको विषय विकास र शासनमा मूलप्रवाहीकृत हुन नसकेको, जनसङ्ख्याको गुणवत्ता र राष्ट्रको बहुआयामिक विकासमा जनसङ्ख्याको योगदानका विषय गौण रहेको, तथ्यगत प्रमाणमा आधारित जनसङ्ख्या व्यवस्थापनका लागि कमजोर संस्थागत संरचना रहेको, नीतिगत व्यवस्थाले जनसङ्ख्याको क्षेत्रमा देखिएका गतिशीलतालाई सम्वोधन गर्न नसकेको जस्ता विषय उजागर भएका छन् । त्यसैगरी घट्दो कूल जन्मदर तथा मृत्यूदर, बढ्दो सरदर बांच्ने उमेर र ज्येष्ठ नागरिकको संख्यामा बढोत्तरी, बढ्दो युवा श्रम आप्रवासन, अव्यवस्थित आन्तरिक बसाइसराइ एवं जनसङ्ख्याको असामान्य वितरण जस्ता विषयलाई सम्वोधन गर्न नीतिगत अपर्याप्तता देखिएका छन् । हालसम्म अवलम्वन गरिएका परिवार नियोजनका प्रणाली जसको मूल उद्देश्य नै जनसङ्ख्या वृद्धिदर घटाउने रहेको छ, यसको सान्दर्भिकतामा र उपयोगितामा प्रश्न उठेको छ । सुरक्षित, मर्यादित तथा व्यवस्थित श्रम आप्रवासनका विषयमा नीतिले भूमिका निर्वाह गर्न सकेको छैन । अव्यवस्थित शहरीकरणका कारण शहरी गरिबी, कमजोर मानव विकास सेवा, ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप घट्दै गएको, आदि विषय समेत गम्भीर समस्याका रुपमा देखिएका छन् ।

हालसम्मको नीतिगत व्यवस्थाको समीक्षाले नेपालमा जनसङ्ख्याको विषयसंग सम्बन्धित रणनीति, संरचनागत, प्रणालीगत तथा मनोव्यवहारगत तहमा समस्या रहेको देखाएको छ । जनसङ्ख्याको विषयले अपेक्षित अर्थ राजनीतिमा प्राथमिकता पाउन नसकेको, जनसङ्ख्या व्यवस्थापनको विषय शासन र विकासका क्षेत्रमा आन्तरिकीकरण हुन नसकेको, जनसांख्यिक विषयमा तथ्यगत आधार कमजोर रहेको, मानव विकासका विभिन्न पक्षमा नीतिगत व्यवस्थाले सम्वोधन गर्न नसकेको, शासकीय व्यवस्थामा स्थापित संघीय संरचना बमोजिम जनसङ्ख्या व्यवस्थापनको विषय बहुतहगत सरकार सञ्चालनमा संस्थागत हुन नसकेको, जनसङ्ख्या व्यवस्थापनको विषयले कानुनी वैधता प्राप्त गर्ने गरी उपयुक्त कानुनी व्यवस्था नरहेको जस्ता समस्या उजागर भएका छन् । त्यसैगरी, नीतिगत व्यवस्थाले जनसांख्यिक लाभको उच्चतम प्राप्ती तथा उपयोगमा मार्गदर्शन गर्न नसकेको देखिएको छ जसका कारणमा रोजगारमूलक शिक्षा र आधारभूत स्वास्थ्यको क्षेत्रमा लगानीको अपर्याप्तता, ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप सम्बन्धी पूर्वाधार र रोजगारीका अवसरमा कमी, उद्यमशीलता विकास, व्यवसाय सम्वर्द्धन र रोजगारीका अवसर वृद्धि गर्नका लागि निजी व्यावसायिक क्षेत्रलाई प्रोत्साहन नभएको तथा शिक्षा प्रणालीलाई युवावर्गमा रोजगारी र व्यवसाय उन्मुख हने गरी सुधार गर्न नसकिएको जस्ता मुख्य रहेका छन् ।

नेपालको आर्थिक उपार्जनको मुख्य आधारका रुपमा रहेको श्रम आप्रवासनलाई व्यवस्थित, सुरक्षित र मर्यादित तुल्याउने विषय समस्यामा रहेको, योजनाविनाको आन्तरिक बसाइसराइले वातावरणीय तथा विकासका पूर्वाधारको निर्माण र उपयोगमा तादात्म्यता कायम हुन नसकेको, जन्मदर तथा मृत्यूदरमा आएको कमी, बांच्ने उमेरमा निरन्तर

बढोत्तरी तथा ज्येष्ठ नागरिकको बढ्दो संख्या र सोका कारण सामाजिक सुरक्षा प्रणालीमा परेको असर, आदिले समस्यामा जटीलता थपेको छ । राष्ट्रिय आर्थिक तथा सामाजिक प्रणालीप्रति खासगरी युवावर्गको विश्वसनीयता घट्दै जानु र वैदेशिक रोजगारी तथा शैक्षिक आप्रवासनप्रतिको आकर्षण बढ्दै जानु जस्ता कारणले समस्याको बहुआयामिकता प्रष्ट भएको छ ।

मुलुकको जनसङ्ख्या सम्पत्ति हुनुको साटो दायित्व बन्दै जानु जनसङ्ख्या नीतिका दृष्टिले सबैभन्दा प्रमुख चुनौती हो । युवावर्ग जो आर्थिक रुपमा सक्रिय हुनु पर्ने र उत्पादनमा आधारित अर्थतन्त्रको मुख्य आधार हुन्, उनीहरुलाई उत्पादन, उद्यमशीलता र कार्यसंस्कृति तर्फ उन्मुख र प्रेरित गर्नु पर्ने चुनौती हामी सामु विद्यमान छ जुन राष्ट्रिय जनसङ्ख्या नीतिले सम्वोधन गर्नु पर्ने नै हुन्छ । त्यसैगरी युवावर्ग राष्ट्रनिर्माणका स्तम्भ हुन् र यसका लागि उनीहरुमा सक्षमता, संस्कार तथा सृजनात्मक सकारात्मकताको विकास गरी राष्ट्रनिर्माणमा योगदान गर्न अभिप्रेरित गर्नै पर्ने हुन्छ ।

शैक्षिक तथा रोजगारीका लागि लागि युवावर्गको वाह्य श्रम आप्रवासनले एक त मुलुकमा आर्थिक रुपले सक्षम जनशक्तिको कमी हुंदै गएको छ भने अर्को तर्फ सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारी प्रत्याभूत गर्नु पर्ने चुनौती टड्कारो रुपमा रहेको छ । अनौपचारिक तवरले तथा विना स्वीकृति वैदेशिक रोजगारीका नाममा बढ्दो मानव तस्करीले सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारी प्रत्याभूत गर्नमा गम्भीर चुनौती थपिंदै गएको छ । यो तथ्य पनि हामी सामु छ कि वैदेशिक रोजगारी भनेको आर्थिक विकासको अस्थायी रणनीति मात्र हुन सक्दछ र जनसांख्यिक समृद्धिका लागि मुलुक मै उत्पादनशील, उद्यमशील र सक्षम मानव समुदायको अपरिहार्यता रहन्छ ।गुणबत्तायुक्त जनसङ्ख्या, जनसङ्ख्याका उद्यमशील तथा उत्पादनशील उपयोग, मानव पँूजीको विकास र उपयोगका लागि लगानी, श्रमको उत्पादकत्व अभिवृद्धि एवं समावेशी र सामाजिक न्यायमा आधारित जनसङ्ख्याको प्रत्याभूति गर्नु पर्ने दायित्व राज्यको नै रहेको हुन्छ जसलाई सृजनात्मक र कौशलयुक्त जनसङ्ख्या व्यवस्थापनको माध्यमबाट सम्वोधन गर्नै पर्ने चुनौती रहेको छ ।

मानव विकासका लागि शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा भएका सकारात्मक पहलका कारण मानवको बांच्ने उमेरमा भएको बढोत्तरीले समाजमा ज्येष्ठ नागरिकको संख्यामा वृद्धि भैरहेको छ । यसमा ज्येष्ठ नागरिकको अनुभव र पेशागत क्षमताको उपयोग गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन सकिने आधारको उपयोग गर्नुपर्ने एकातिर छ भने उनीहरुका लागि मर्यादित जीवन सुनिश्चित गर्न सामाजिक सुरक्षाको भरपर्दो व्यवस्थामा यथेष्ट सुधार गर्नु पर्ने चुनौती थपिएको छ । नेपालमा जनसङ्ख्या सापेक्ष चुनौतीको समीक्षा गर्दा अवको जनसङ्ख्या नीतिले जनसांख्यिक लाभको उच्चतम प्राप्ती र उपयोगका लागि गुणवत्तायुक्त जनसङ्ख्या गर्नु, आर्थिक तथा सामाजिक विकासमा जनसङ्ख्याको योगदान बढाउनु, दिगो मानव विकास र वातावरणबीचको सकारात्मक अन्तर्सम्बन्ध कायम गर्नु, समावेशी र सामाजिक न्यायमा आधारित जनसङ्ख्या प्रत्याभूत गर्नु तथा जनसङ्ख्या व्यवस्थापनलाई सक्षम बनाउनु चुनौतीका रुपमा रहेका छन् जसलाई अवको नीतिगत व्यवस्थाले सम्वोधन गर्नु पर्ने हुन्छ ।

## १.२ (ख) नयां नीतिको आवश्यकता र औचित्य

संघीय लोकतान्त्रिक शासन व्यवस्थाले जनसङ्ख्या विषयलाई दिएको महत्व र अवलम्वन गरेको दृष्टिकोण, जनसङ्ख्या र विकासका लागि वैश्विक प्रतिवद्धता र प्राथमिकता, संघीय संरचना बमोजिम जनसङ्ख्याको विषयलाई सम्वोधन गर्न प्रदेश तथा स्थानीय तहमा अधिकारसम्पन्न शासकीय संरचना,समृद्ध, स्वस्थ, शिक्षित र समावेशी जनसङ्ख्याका लागि दिगो विकास लक्ष्य तथा जनसङ्ख्या विषयको कार्यक्षेत्रगत व्यापकता र बहुआयामिकताले जनसङ्ख्या जवाफदेही विकास र शासनका लागि नीतिगत सुधारको अवसर प्रदान गरेको छ । त्यसैगरी, जनसांख्यिक स्रोतको विकासात्मक प्रभावको व्यापकता तथा जनसांख्यिक लाभ प्राप्त गर्ने पर्याप्त अवसर, गुणस्तरीय जनसांख्यिक स्रोतको बढ्दो माग र अपरिहार्यताको स्थिति, बहुउद्देश्यीय श्रम आप्रवासन तथा विश्व श्रम बजारको विस्तार, विकासका साझेदारहरुसंग सहकार्य र साझेदारीको व्यापक अवसर तथा जनसङ्ख्या र विकासका विषयमा अध्ययन तथा अनुसन्धानका लागि प्राज्ञिक तथा विशेषज्ञ समुदायको क्रियाशीलतालाई नीतिगत विकासका लागि पर्याप्त अवसरका रुपमा लिन सकिन्छ । यी अवसरले नेपालमा गुणवत्तायुक्त जनसङ्ख्या हासिल गर्ने, जनसांख्यिक लाभको प्राप्ती र उपयोगको अवसर बृद्धि गर्ने, जनसङ्ख्या र विकासबीच दिगो विकासका लागि फलदायी अन्तर्सम्बन्धको विकास गर्ने, समावेशी र सामाजिक न्यायमा आधारित जनसङ्ख्या प्रत्याभूत गर्ने तथा संघीय शासन व्यवस्था समेतका दृष्टिले जनसङ्ख्या व्यवस्थापन सक्षमता हासिल गर्न महत्वपूर्ण नीतिगत अवसर प्राप्त भएको छ ।

नेपालमा जनसङ्ख्याको बनावट, संरचना, विशेषता तथा वितरणलाई उपलब्ध स्रोतसापेक्ष व्यवस्थित गर्ने मार्गनिर्देशक दस्तावेजका रुपमा परिमार्जित नीतिको अपरिहार्यता रहेको छ । विद्यमान जनसङ्ख्या नीतिको संरचना तथा कार्यान्वयन व्यवस्थामा रहेका कमीकमजोरीहरुको विश्लेषण तथा उपयुक्त सुझावहरु समाविष्ट दस्तावेज हो । यो जनसङ्ख्या सम्बन्धी योजना तथा कार्यक्रम एवं संस्थागत संरचना तथा प्रणालीहरुलाई मार्गनिर्देश गर्ने तथा लगानीका लागि वित्तीय स्रोतहरुको उचित विनियोजनमा सहयोग पुऱ्याउने दस्तावेज हो । जनसङ्ख्या सम्बन्धी बहुआयामिक पक्षहरुलाई राष्ट्रिय समाजिक, आर्थिक तथा राजनीतिक विकासका आयामहरुसंग एकीकृत गरी जनसङ्ख्यामा आधारित विकास ब्यवस्थापनको प्रभावकाारिता हासिल गर्ने नीतिगत व्यवस्था अपरिहार्य रहेको छ ।

यस अघिका नीतिको समीक्षाका नतिजालाई सम्वोधन गरी नेपालको जनसङ्ख्यालाई गुणवत्तामा आधारित बनाउने, जनसांख्यिक लाभको उच्चतम प्राप्ती तथा उपयोग सुनिश्चित गर्ने, जनसङ्ख्या र विकासबीच अन्योनाश्रित सम्बन्धलाई दिगो विकास हासिल गर्ने गरी उपयुक्त बनाउने, बहुआयामिक विकासका सबै पक्षलाई जनसङ्ख्या सापेक्ष र केन्द्रित तुल्याउने, जनसङ्ख्याको विषयलाई विकास र शासनका सबै पक्षमा मूलप्रवाहीकरण गर्ने, जनसांख्यिक गतिशीलतालाई सम्वोधन गर्न सक्ने गरी तथ्यगत प्रमाणमा आधारित जनसङ्ख्या व्यवस्थापन क्षमता सक्षम तुल्याउने तथा सामाजिक न्याय र समावेशी जनसंख्या प्रत्याभूत गर्ने गरी नीतिगत परिमार्जन अहिलेको आवश्यकता हो । संघीय शासकीय संरचना र बहुतहगत सरकार प्रणाली अनुकूल तादात्म्यता कायम हुने गरी जनसङ्ख्या सम्बन्धी नीतिगत परिमार्जनको आवश्यकता रहेको जसबाट संघात्मक शासन व्यवस्थाको जनसङ्ख्या विषयप्रति जिम्मेवारी र जवाफदेही

सुनिश्चित हुन सकोस । यसका लागि प्रदेश र स्थानीय तहका लागि संघीय मार्गदर्शनको भूमिका निर्वाह गर्ने नीतिगत व्यवस्थाको खांचो रहन्छ ।

यस नीतिले जनसङ्ख्याको क्षेत्रमा लिएका नीतिगत सुधारको दृष्टिकोणमा सक्षम जनसङ्ख्या व्यवस्थापनका लागि रणनीतिक संस्थागत क्षमताको दृष्टिकोण (Strategic Institutional Approach), दीर्घकालीन उद्देश्य प्राप्ती (Strategic Goal Attainment approach), जनसांख्यिक स्थितिमा आएको परिवर्तनको सही व्यवस्थापन गरी परिस्थितिकीय प्रभावकारिता हासिल गर्ने (Population Effectiveness Approach), विकासका सम्पूर्ण पक्षमा जनसङ्ख्या विषयको रणनीतिक उपस्थिति रहने (Strategic Positioning Approach) तथा विश्वस्तर तथा दक्षिण एशियाइ क्षेत्रमा तुलनात्मक रुपमा सक्षम तवरले जनसङ्ख्या व्यवस्थापन गर्ने दृष्टिकोण (Competitive Performance Approach) रहने छन् । त्यसैगरी जनसङ्ख्या र विकासको नीतिगत विषय सर्वपक्षीय सरोकारको भएको र यसका लागि व्यापक तथा सार्थक सहकार्य र साझेदारी अपरिहार्य हुने तथ्यलाई नीतिले आत्मसात गरी सहकार्यात्मक सवलता (Collaborative strengths) अभिवृद्धि गर्ने दृष्टिकोण समेत राखेको छ ।

नीति जारी गर्नु मात्र नीतिको उद्देश्य होइन यसको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण हुन्छ । नयां र परिमार्जित नीतिले कार्यान्वयनलाई प्रभावकारी तुल्याई उपलब्धि र नतिजा प्राप्त गर्ने आधार निर्माण गर्ने ध्येय राखेको छ । जनसङ्ख्या नीतिले जनसङ्ख्या क्षेत्रलाई उच्च कार्यसम्पादन भएको क्षेत्र (high-performance sector) का रुपमा रुपान्तरित हुनु पर्ने आवश्यकता देखेको छ । यसका लागि रुपान्तरणीय नेतृत्व, रणनीतिक जोड, सक्षम र जवाफदेही संरचना, प्रविधिगत तथा व्यवस्थापकीय सुधार, अर्थपूर्ण सहकार्य र साझेदारी, नवप्रवर्तनीय क्षमता अभिवृद्धि एवं गतिशीलताको सम्वोधन गर्ने क्षमताको आवश्यकता पर्दछ जुन यस नीतिले आत्मसात गर्ने अपेक्षा गरिएको छ ।

## परिच्छेद २: नीति संरचना

### २.१ दूरदृष्टि

"मुलुकको सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपान्तरणका लागि गुणस्तरीय जनसङ्ख्या"

### २.२ ध्येय

दिगो विकासका लगि जनसांख्यिक गतिशीलताको उपयुक्त व्यवस्थापन गरी जनसङ्ख्या र विकासबीच सामन्जस्य हासिल गर्ने ।

### २.३ लक्ष्य

(क) स्वस्थ, शिक्षित, सुसंस्कृत तथा उद्यमशील मानव पुँजीको विकास गरी मुलुकमा सामाजिक तथा आर्थिक समृद्धि हासिल गर्ने, जनसांख्यिक लाभको उच्चतम प्राप्ती तथा उपयोग गर्ने, जनसङ्ख्याको विकासात्मक

प्रभाव हासिल गरी दिगो विकासमा योगदान पुऱ्याउने तथा सामाजिक न्याय, समानता र समावेशितामा आधारित जनसङ्ख्या हासिल गर्ने लक्ष्य यस नीतिको हुनेछ।

(ख) नीतिको दूरदृष्टि र ध्येय हासिल गर्नका लागि विशिष्ट, मापनयोग्य र समय निश्चित परिमाणात्मक लक्ष्य देहाय बमोजिम हुनेछः

| क.सं. | विशिष्ट तथा मापनयोग्य नतिजाका सूचक | एकाइ | आधार बर्ष २०७९।८० | लक्ष्य २०८६।८७ |
|---|---|---|---|---|
| १ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | ५ |
| २ | श्रम सहभागिता दर (१५ बर्ष माथि) | प्रतिशत | ३८.५ | ५० |
| ३ | श्रमशक्तिमा महिला र पुरुषको सहभागिता | अनुपात | ०.९६ | १ |
| ४ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० |
| ५ | बेरोजगारी दर (१५ वर्षदेखि ५९ वर्ष उमेरका) | प्रतिशत | १९.५ | १० |
| ६ | अपेक्षित आयु (जन्म हुंदाको) | बर्ष | ७०.५ | ७५ |
| ७ | कुल प्रजनन् दर (१५ देखि ४९ बर्ष उमेर) | संख्या | १.९४ | २.१ |
| ८ | मातृ मृत्यूदर (प्रति १ लाख जीवित जन्ममा) | संख्या | १५१ | ७० |
| ९ | पांच बर्ष मुनिका बालबालिकाको मृत्यूदर (प्रति हजार जीवित जन्ममा) | संख्या | ३३ | २० |
| १० | नवजात शिशु मृत्यूदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | २१ | १२ |
| ११ | सीपयुक्त स्वास्थ्य जनशक्तिको सहयोगमा गराइएको जन्मको अनुपात | प्रतिशत | ७३ | ९० |
| १२ | न्यून पोषित जनसंख्या | प्रतिशत | २०.६ | ३ |
| १३ | परिवार नियोजनसम्बन्धी आवश्यकता आधुनिक विधि । प्रविधि । साधनद्वारा पूरा भएका प्रजनन् उमेरका (१५ देखि ४९ बर्ष उमेरका) महिलाको अनुपात | प्रतिशत | ७४ | ८० |
| १४ | कुल साक्षरता दर | प्रतिशत | ७६.३ | ९४ |
| | महिला | प्रतिशत | ६९.४ | ९९ |
| | पुरुष | प्रतिशत | ८३.६ | ९९ |
| १५ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६ | २५०० |
| १६ | पांच बर्ष मुनिका जन्मदर्ता गरिएको बालबालिका | प्रतिशत | ७४ | ९५ |
| १७ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ३२ | ८० |
| १८ | स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | २१ | १०० |
| १९ | शिक्षामा प्राविधिक तथा रोजगारमूलक व्यावसायिक शिक्षाको अंश | प्रतिशत | | ७५ |
| २० | काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या | प्रतिशत | ४८ | ७५ |

| | | | | |
|---|---|---|---|---|
| २१ | अपाङ्गमैत्री विद्यालय | प्रतिशत | | ९९ |
| २२ | रोजगारमूलक सीप र दक्षतामा आधारित श्रम आप्रवासन | प्रतिशत | २५ | १०० |
| २३ | सुरक्षित घरहरूमा बसोबास गर्ने परिवार ( प्रतिशत) | प्रतिशत | ४३.९ | ६० |
| २४ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९० |
| २५ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.२९ | ०.०५ |
| २६ | लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क | सूचकाङ्क | ०.६३ | ०.६९ |
| २७ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.७० |
| | | | | |

स्रोतः जनगणना २०२१, सोह्रौं योजना, दिगो विकास लक्ष्यहरु २०३० को भावी मार्गचित्र (२०१६ देखि २०३०), श्रम आप्रवासन सम्बन्धी प्रतिवेदनहरु

## २.४ उद्देश्य

यस नीतिको लक्ष्य हासिल गर्न लिइने उद्देश्य देहाय बमोजिम रहेका छन्:

**उद्देश्य १: नेपालको जनसङ्ख्यालाई बहुआयामिक गुणवत्ता (बौद्धिक, आर्थिक, पेशागत, नैतिक, शारीरिक तथा मानसिक) मा आधारित तुल्याई जनसांख्यिक लाभको प्राप्ती र उपयोग बढाउनु ।**

**उद्देश्य २: जनसङ्ख्याप्रति सम्वेदनशील तथा उत्तरदायी विकासको प्रणाली सुदृढ गरी जनसङ्ख्या र विकासबीचको तादात्म्यता कायम गर्नु ।**

**उद्देश्य ३: जनसङ्ख्यालाई समावेशिता र सामाजिक न्यायमा आधारित तुल्याउनु ।**

**उद्देश्य ४: जनसङ्ख्या व्यवस्थापन क्षमता सुदृढ तुल्याउनु ।**

## २.५ नीति

यस नीतिका उद्देश्यको परिपूर्तिका लागि देहायका नीति अवलम्वन गरिनेछन्:

(क) **"उद्देश्य १: नेपालको जनसङ्ख्यालाई बहुआयामिक गुणवत्ता (बौद्धिक, आर्थिक, पेशागत, नैतिक, शारीरिक तथा मानसिक) मा आधारित तुल्याई जनसांख्यिक लाभको प्राप्ती र उपयोग बढाउनु ।"** हासिल गर्न अवलम्वन गरिने नीतिहरु

१.१. जनसांख्यिक लाभांशमा बढोत्तरीका दृष्टिले सीपयुक्त, उद्यमशील, सुसंस्कृत र उत्पादनशील जनशक्तिको प्रक्षेपण, विकास र उपयोग गरिनेछ ।

१.२ स्वस्थ र क्रियाशील जनसङ्ख्याका लागि आधारभूत स्वास्थ्य सेवा प्रणाली तथा बहुपोषण सेवा सुदृढ गरिनेछ ।

१.३ अन्तर्राष्ट्रिय श्रम आप्रवासनलाई सीप र दक्षतामा आधारित, व्यवस्थित, मर्यादित र सुरक्षित तुल्याइनेछ ।

(ख) **"उद्देश्य २: जनसङ्ख्याप्रति सम्वेदनशील तथा उत्तरदायी विकासको प्रणाली सुदृढ गरी जनसङ्ख्या र विकासबीचको तादात्म्यता कायम गर्नु ।"** हासिल गर्न अवलम्वन गरिने नीतिहरु

२.१ मुलुकको आर्थिक समृद्धिमा तथा विकासका सबै पक्षमा जनसङ्ख्याको विषयलाई एकाकार गरिनेछ ।

२.२ मुलकभित्र हुने बसाइसराइलाई दिगो आर्थिक विकास तथा वातावरणीय दृष्टिले उपयुक्त तुल्याइनेछ ।

२.३ जन्मदर र प्रतिस्थापन अनुपातबीच सामन्जस्य कायम गरी सन्तुलित रुपमा जनसांख्यिक स्थिति कायम गर्न जन्मदर, मृत्यूदर तथा बसाइसराइ र वाह्य आप्रवासन तथा जनसांख्यिक प्रतिस्थापन अनुपातबीच सन्तुलन र सामन्जस्य कायम गरिनेछ ।

(ग) **"उद्देश्य ३: जनसङ्ख्यालाई समावेशिता र सामाजिक न्यायमा आधारित तुल्याउनु ।"** हासिल गर्न अवलम्वन गरिने नीतिहरु

३.१ विपन्न, सीमान्तीकृत, विभेद तथा बन्चितीमा परेका तथा जोखिमको स्थितिमा रहेका व्यक्तिका लागि संरक्षणात्मक न्याय र आधारभूत मानव विकास सेवा सुनिश्चित गरिनेछ ।

३.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई जनसङ्ख्या र विकासका सबै आयामहरूमा समाहित गरिनेछ ।

(घ) **"उद्देश्य ४: जनसङ्ख्या व्यवस्थापन क्षमता सुदृढ तुल्याउनु ।"** हासिल गर्न अवलम्वन गरिने नीतिहरु

४.१ जन्मदर र प्रतिस्थापन अनुपातबीच सामन्जस्य कायम गरी सन्तुलित रुपमा जनसांख्यिक स्थिति कायम गर्न जन्मदर, मृत्यूदर तथा बसाइसराइ र वाह्य आप्रवासन तथा जनसांख्यिक प्रतिस्थापन अनुपातबीच सन्तुलन र सामन्जस्य कायम गरिनेछ ।

४.२ जनसङ्ख्या र विकासको विषयमा नेतृत्वदायी सक्षमता भएको उपयुक्त संस्थागत व्यवस्था गरिनेछ ।

४.३ तथ्यगत प्रमाणमा आधारित जनसङ्ख्या व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।

## २.६ रणनीति

यस नीतिका उद्देश्य हासिल गर्न अवलम्वन गरिने नीतिगत व्यवस्था अन्तर्गत देहायका रणनीति अख्तियार गरिनेछन्:

(क) नीति १.१ मा उल्लिखित नीति “जनसांख्यिक लाभांशमा बढोत्तरीका दृष्टिले सीपयुक्त, उद्यमशील, सुसंस्कृत र उत्पादनशील जनशक्तिको प्रक्षेपण, विकास र उपयोग गरिनेछ ।” को कार्यान्वयनका लागि देहायका रणनीति रहनेछन्:

१. जनशक्ति विकास तथा मानव पुँजी निर्माण र उपयोगको राष्ट्रिय रणनीति निर्माण गर्ने ।

२. शिक्षा प्रणालीलाई उद्यमशीलता, रोजगामूलक सीप तथा उत्पादनको कार्यमा आधारित हुने गरी सुधार गर्ने ।

३. सबै युवाको रोजगारमूलक सीप दक्षता अभिवृद्धिमा आधारित उद्यमशील क्षमता विकास गर्ने र उपयोग गर्ने ।

४. नेपालमा जनसांख्यिक लाभको प्राप्ती तथा उच्चतम उपयोगका लागि तथ्यगत प्रमाणका आधारमा प्रभावकारी उपाय अवलम्वन गर्ने ।

(ख) नीति १.२ मा उल्लिखित नीति “स्वस्थ र क्रियाशील जनसङ्ख्याका लागि आधारभूत स्वास्थ्य सेवा प्रणाली तथा बहुपोषण सेवा सुदृढ गरिनेछ ।” को कार्यान्वयनका लागि देहायका रणनीति रहनेछन्:

१. स्वस्थ र क्रियाशील जनसङ्ख्याका लागि आधारभूत स्वास्थ्य सेवा प्रणाली सुदृढ गर्ने ।

२. बालबालिका तथा गर्भवती महिलाका लागि बहुपोषण सेवा विस्तार गर्ने ।

(ग) नीति १.३ मा उल्लिखित नीति “अन्तर्राष्ट्रिय श्रम आप्रवासनलाई सीप र दक्षतामा आधारित, व्यवस्थित, मर्यादित र सुरक्षित तुल्याइनेछ ।” को कार्यान्वयनका लागि देहायका रणनीति रहनेछन्:

१. श्रम आप्रवासनलाई पूर्णरुपमा रोजगारमूलक सीप र दक्षतामा आधारित बनाउने ।

२. श्रम आप्रवासन सम्बन्धी एकीकृत तथ्याङ्क तथा सूचना प्रणाली सुदृढ तुल्याउने ।

३. श्रम आप्रवासनलाई मर्यादित र सुरक्षित तुल्याउने ।

४. वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई मानव पुँजीका ग्रहण गरी उनीहरुले हासिल गरेको सीप, प्रविधि तथा व्यावसायिक दक्षताको उपयोग गर्ने ।

(घ) नीति २.१ मा उल्लिखित नीति “मुलुकको आर्थिक समृद्धिमा तथा विकासका सबै पक्षमा जनसङ्ख्याको विषयलाई एकाकार गरिनेछ ।” को कार्यान्वयनका लागि देहायका रणनीति रहनेछन्:

१. शासन र विकासका सबै क्षेत्र तथा विषयमा जनसङ्ख्याको विषय मूलप्रवाहीकरण गर्ने ।

२. मुलुकको आर्थिक तथा सामाजिक नीतिलाई जनसङ्ख्याको आवश्यकता सापेक्ष तुल्याउने ।

३. विकासका संरचना तथा पूर्वाधारको निर्माण तथा उपयोगलाई जनसङ्ख्यामा आधारित तुल्याउने ।

(ङ) नीति २.२ मा उल्लिखित नीति "मुलकभित्र हुने बसाइसराइलाई दिगो आर्थिक विकास तथा वातावरणीय दृष्टिले उपयुक्त तुल्याइनेछ।" को कार्यान्वयनका लागि देहायका रणनीति रहनेछन्:

१. आन्तरिक बसाइसराइ सम्बन्धी सूचना र तथ्याङ्क प्रणाली सुदृढ गर्ने र सम्वोधनका उपाय अवलम्वन गर्ने।

२. ग्रामीण क्षेत्रमा रोजगार सृजना हुने आर्थिक क्रियाकलाप वृद्धि गर्ने।

३. जनसङ्ख्या र वातावरणबीच सन्तुलित सम्बन्ध कायम हुने गरी संरक्षण क्षमता र उत्थानशीलता वृद्धि गर्ने।

(च) नीति ३.१ मा उल्लिखित नीति "विपन्न, सीमान्तीकृत, विभेद तथा बन्चितीमा परेका तथा जोखिमको स्थितिमा रहेका व्यक्तिका लागि संरक्षणात्मक न्याय र आधारभूत मानव विकास सेवा सुनिश्चित गरिनेछ।" को कार्यान्वयनका लागि देहायका रणनीति रहनेछन्:

१. बहुआयामिक गरिबीमा रहेका, सीमान्तीकृत, विभेद तथा बन्चितीमा परेका तथा जोखिमको स्थितिमा रहेका व्यक्तिको आर्थिक तथा सामाजिक संरक्षण गर्ने।

२. लैङ्गिकता आधारित हिंसा तथा विभेदको अन्त्यका लागि कानुनी, संस्थागत तथा प्रणालीगत क्षमता सुदृढ गर्ने।

३. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको समान अधिकारको संरक्षण गर्ने।

(छ) नीति ३.२ मा उल्लिखित नीति "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई जनसङ्ख्या र विकासका सबै आयामहरूमा समाहित गरिनेछ।" को कार्यान्वयनका लागि देहायका रणनीति रहनेछन्:

१. सबै शासकीय तहका नीतिगत, कानुनी, संरचनागत तथा प्रणालीगत क्षेत्रमा लैङ्गिक समानताको विषय मूलप्रवाहीकरण गर्ने।

२. लैङ्गिक समानताको दृष्टिले महिलाको मर्यादित श्रम तथा उत्पादनशील भूमिकाको उचित सम्मान र मूल्याङ्कनका लागि पद्धतिगत सुदृढीकरण गर्ने।

३. उद्यमशीलता र रोजगारी प्रवर्द्धनका साथै उत्पादनशील साधनस्रोत माथिको पहुंच वृद्धिको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गर्ने।

(ज) नीति ४.१ मा उल्लिखित नीति "जन्मदर र प्रतिस्थापन अनुपातबीच सामन्जस्य कायम हुने गरी सन्तुलित रुपमा जनसांख्यिक स्थिति कायम गर्न जन्मदर, मृत्यूदर तथा बसाइसराइ र वाह्य आप्रवासन तथा जनसांख्यिक प्रतिस्थापन अनुपातबीच सन्तुलन र सामन्जस्य कायम गरिनेछ।" को कार्यान्वयनका लागि देहायका रणनीति रहनेछन्:

१. परिवार नियोजन कार्यक्रमलाई विद्यमान जनसांख्यिक स्थिति तथा भविष्यमा हुनसक्ने प्रवृत्ति तथा परिवर्तन अनुकूल हुने गरी पुनरावलोकन तथा परिमार्जन गर्ने ।

२. परिवार नियोजन सेवा तथा प्रजनन् स्वास्थ्य सेवालाई थप सुदृढ तुल्याउने ।

३. युवा समुदायमा प्रजनन् सम्बन्धी मनोव्यवहारलाई जनसांख्यिक आवश्यकता अनुकूल तुल्याउने ।

(झ) नीति ४.२ मा उल्लिखित नीति "जनसङ्ख्या र विकासको विषयमा नेतृत्वदायी सक्षमता भएको उपयुक्त संस्थागत व्यवस्था गरिनेछ ।" को कार्यान्वयनका लागि देहायका रणनीति रहनेछन्:

१. जनसङ्ख्या र विकासको क्षेत्रमा रणनीतिक योजना तथा नीति व्यवस्थापनको नेतृत्व लिने संगठनको निर्माण गर्ने ।

२. जनसङ्ख्या सम्बन्धी नीति व्यवस्थापनको कार्यसम्पादनलाई व्यवस्थित, नियमित र योजनावद्ध तुल्याउन आवश्यक कानुनी व्यवस्था गर्ने ।

३. जनसांख्यिक विषयमा अनुसन्धान, सूचना तथा तथ्याङ्क व्यवस्थापन एवं प्रणाली सञ्चालन गर्ने सार्वजनिक निकायहरुलाई एउटै छातामुनि संस्थागत रुपमा एकीकृत गर्ने ।

४. प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या र विकासको कार्यजिम्मेवारी बहन गर्ने गरी संस्थागत तथा कार्यप्रणालीगत क्षमताको विकास गर्ने ।

(ञ) नीति ४.३ मा उल्लिखित नीति "तथ्यगत प्रमाणमा आधारित जनसङ्ख्या व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।" को कार्यान्वयनका लागि देहायका रणनीति रहनेछन्:

१. जनसङ्ख्या व्यवस्थापन सम्बन्धी एकीकृत सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गर्ने ।

२. जनसङ्ख्या सम्बन्धी विषयका विभिन्न अनुसन्धान तथा सर्वेक्षणको कार्य गर्ने ।

३. जनसङ्ख्या सम्बन्धी प्रलेख स्रोत तथा सूचना सम्बन्धी संस्थागत क्षमता विकास गर्ने ।

## २.७ कार्यनीति

यस नीतिमा उल्लिखित रणनीतिहरु अन्तर्गत देहायका कार्यनीति कार्यान्वयन गरिनेछन्:

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| **उद्देश्य १: नेपालको जनसङ्ख्यालाई बहुआयामिक गुणवत्ता (बौद्धिक, आर्थिक, पेशागत, नैतिक, शारीरिक तथा** | |

| | |
|---|---|
| **मानसिक) मा आधारित तुल्याई जनसांख्यिक लाभको प्राप्ती र उपयोग बढाउनु ।** | |
| **नीति १.१: "जनसांख्यिक लाभांशमा बढोत्तरीका दृष्टिले सीपयुक्त, उद्यमशील, सुसंस्कृत र उत्पादनशील जनशक्तिको प्रक्षेपण, विकास र उपयोग गरिनेछ ।"** | |
| १. जनशक्ति विकास तथा मानव पुँजी निर्माण एवं उपयोगको राष्ट्रिय रणनीतिक योजना निर्माण गर्ने । | १. सार्वजनिक तथा निजी क्षेत्रको विकासका लागि मानव पुँजीका रुपमा उत्पादनशील जनशक्तिको आवश्यकताको लेखाजोखा, विश्लेषण र नक्सांकन गरिनेछ ।<br>२.राष्ट्रियस्तरको जनशक्ति विकास तथा मानव पुँजीको उपयोगको रणनीतिक योजना निर्माणका लागि बहुपक्षीय सहभागितामा सामाजिक सम्वाद गरिनेछ ।<br>३. जनशक्ति विकास तथा मानव पुँजी निर्माण र उपयोगको राष्ट्रिय रणनीतिक योजना स्वीकृत गर्ने ।<br>४.सहभागितामूलक तवरले निर्माण गरिएको राष्ट्रियस्तरको जनशक्ति विकास तथा मानव पुँजीको उपयोगको रणनीतिक योजना कार्यान्वयनका लागि अनुकूल वातावरण निर्माण गरिनेछ । |
| २. शिक्षा प्रणालीलाई उद्यमशीलता, रोजगामूलक सीप तथा उत्पादनको कार्यमा आधारित हुने गरी सुधार गर्ने । | १. विद्यमान शिक्षा प्रणालीलाई उद्यमशीलता, रोजगारी तथा उत्पादनका दृष्टिले लेखाजोखा तथा विश्लेषण गरिनेछ ।<br>२. उद्यमशीलता, रोजगामूलक सीप तथा उत्पादनको कार्यमा आधारित हुने गरी शिक्षा प्रणालीलाई सुधार गर्न प्राथमिकताका उपायहरुको पहिचान गरिनेछ ।<br>३. सबै किसिमका शैक्षिक कार्यक्रमहरुलाई उद्यमशीलता र रोजगारी उन्मुख हुनेगरी परिमार्जन गरिनेछ ।<br>४. नेपाली श्रमिकको श्रम उत्पादकत्व वृद्धि गर्न पेशागत सीप विकास गरिनेछ तथा नवीन उत्पादन प्रविधिमा आधारित क्षमता अभिवृद्धि गरिनेछ ।<br>५. विद्यालय शिक्षालाई उद्यमशीलता र उत्पादन सापेक्ष तुल्याउन शिक्षण विधि र शैक्षिक पूर्वाधारमा सुधार गर्न विद्यालयहरुलाई सहयोग उपलब्ध गराइनेछ । |
| ३. सबै युवाको रोजगारमूलक सीप दक्षता अभिवृद्धिमा आधारित उद्यमशील क्षमता विकास गर्ने र उपयोग गर्ने । | १. सबै स्थानीय तहमा युवा उद्यमशीलता प्रवर्द्धन एवं रोजगार तथा व्यवसाय विकास प्रशिक्षण प्रदान गरिनेछ ।<br>२. युवावर्गलाई लक्षित गरी स्टार्टअप तथा व्यवसाय सम्वर्द्धन कार्यक्रम विस्तारित रुपमा सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | ३. उत्पादनशील रोजगारी सृजना गर्न निजी व्यावसायिक क्षेत्रसंगको सहकार्यमा वित्तीय सेवा, सीप अभिवृद्धि तथा व्यवसाय विकास सहयोगका लागि लगानी बढाइनेछ ।<br>४. आधुनिक उत्पादन प्रविधि तथा व्यवसायको विकासमा मेधावी युवालाई आकर्षित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. पर्यटन व्यवसाय, आधुनिक खेति प्रणाली, पूर्वाधार विकास, वन पैदावार प्रशोधन जस्ता सम्भाव्य आर्थिक क्षेत्रमा लगानी वृद्धि गरी रोजगारी र स्वरोजगारका अवसर विस्तार गरिनेछ ।<br>६. जनसांख्यिक लाभांश प्राप्त गर्न आर्थिक रुपले सक्रिय सबै जनशक्तिका लागि आयमूलक रोजगारीको अवसर सृजना गरिनेछ र खासगरी युवा समुदायलाई आआफ्नो सीप र दक्षताको उपयोग गरी उत्पादनशील रोजगारीमा संलग्न हुन प्रेरित  गरिनेछ ।<br>७. विद्यालयस्तर देखिनै कार्यसंस्कृतिको विकास गर्न "पढ्दै कमाउँदै र कमाउँदै पढ्दै" अवधारणालाई लागू गरिनेछ ।<br>८. जनसांख्यिक दृष्टिले वृहत्तर आर्थिक संलग्नता तथा उद्यमशील संस्कृतिको विकास गर्दै स्वदेशमै रोजगारीका अवसर सृजना  गरिनेछ ।<br>९.उत्पादनशील सहकारी मार्फत युवावर्गका लागि स्वरोजगारी सृजना गर्न प्रेरित गर्ने व्यवसाय र उद्यमलाई बीउ पूंजी तथा पूंजीगत अनुदान एवं प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।<br>१०. राष्ट्रनिर्माणप्रति प्रतिवद्ध र सुसंस्कृत युवा जनशक्ति तयार गर्न तथा सदाचारिता प्रवर्द्धन गर्न नैतिक तथा योग शिक्षाको विस्तार गरिनेछ । |
| ४. नेपालमा जनसांख्यिक लाभको प्राप्ती तथा उच्चतम उपयोगका लागि तथ्यगत प्रमाणका आधारमा प्रभावकारी उपाय अवलम्वन गर्ने । | १. जनसांख्यिक लाभको उच्चतम् प्राप्तीका लागि मानव पुजी विकास तथा उपयोगका सम्बन्धमा उपाय नवीन उपाय पहिचान गर्न अनुसन्धानमूलक तरिका अपनाइनेछ ।<br>२. आर्थिक रुपले क्रियाशील जनसङ्ख्या (१५ देखि ५९ बर्ष उमेर समूहका व्यक्ति) को ज्ञान, सीप र दक्षताको विस्तृत एवं विशिष्ठीकृत तथ्यगत आधार तयार गर्न एकीकृत सूचना तथा तथ्याङ्क व्यवस्थापन क्षमता विकास गरिनेछ ।<br>३. जनसांख्यिक लाभको उच्चतम् प्राप्ती तथा उपयोग गर्ने गरी मानव पुंजी विकासमा प्राथमिकता सहित पर्याप्त लगानीका उपाय अवलम्वन गरिनेछ ।<br>४. आर्थिक विकासका योजना तथा कार्यक्रममा जनसांख्कि लाभ हासिल गर्ने उद्देश्यले मानव पुंजीको उपयोग र आर्थिक समृद्धिबीच सामन्जस्य कायम गरिनेछ ।<br>५. जनसांख्यिक लाभको प्राप्ती तथा उपयोगमा बढोत्तरी हुने गरी मानव पुंजी |

| | |
|---|---|
| | विकासका लागि प्रदेश तथा स्थानीय तहको लगानीका लागि प्राथमिकता सहितको सुनिश्चित पद्धति अवलम्वन गर्न प्रेरित गरिनेछ ।<br>६. जनसांख्यिक लाभका दृष्टिले द्वितीय स्रोतका रुपमा उत्पादनशील र उपयोगी बृद्धावस्थाका लागि सीप, अनुभव र पेशागत दक्षताको उपयोग गर्ने गरी विभिन्न उपाय अवलम्वन गरिनेछ ।<br>७. जनसांख्यिक लाभका रुपमा उपयोग गर्ने गरी उत्पादनशील र उपयोगी अपांगता प्रत्याभूत गर्न अपांगता भएका व्यक्तिको सीप, पेशागत दक्षताको विकास गर्ने ।<br>८. सक्रिय र उत्पादनशील संलग्नता सहितको गुयावत्तायुक्त जीवनका लागि ५९ बर्ष नाघेका सबैलाई व्यावसायिक प्रशिक्षण प्रदान गरिनेछ । |

**नीति १.२: "स्वस्थ र क्रियाशील जनसङ्ख्याका लागि आधारभूत स्वास्थ्य सेवा प्रणाली तथा बहुपोषण सेवा सुदृढ गरिनेछ ।"**

| | |
|---|---|
| ५. स्वस्थ र क्रियाशील जनसङ्ख्याका लागि आधारभूत स्वास्थ्य सेवा प्रणाली सुदृढ गर्ने । | १. सबै स्वास्थ्य सेवा प्रदायक संस्थालाई गुणस्तरीय रुपमा आधारभूत तथा विशेष स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने गरी संस्थागत, जनशक्ति एवं प्रविधिगत क्षमताको सुदृढीकरण गरिनेछ ।<br>२. सबै स्वास्थ्य संस्थालाई तोकिएको मापदण्डका आधारमा सेवा प्रदान गर्न सक्षम बनाइनेछ ।<br>३. युवावर्गको मानसिक स्वास्थ्य सम्बन्धी सबै प्रकारका समस्याको समाधान गरिनेछ ।<br>४. स्वस्थ नागरिकको अवधारणालाई सबै क्षेत्रगत र विषयगत नीतिमा समावेश गरी कार्यान्वयन गर्न जोड दिइनेछ ।<br>५. आधुनिक, आयुर्वेदिक तथा वैकल्पिक स्वास्थ्य प्रणालीबीच सामन्जस्य कायम गरी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवामा सबै नागरिकको पहुंच बढाइनेछ ।<br>६. स्वास्थ्य बीमा योजनाको विस्तार र पहुंच वृद्धि गरिनेछ र कानुनी रुपमा नै प्रत्याभूत गरिनेछ ।<br>७. सबै किसिमका स्वास्थ्य सेवा सम्बन्धी प्रत्यक्ष आर्थिक सहायता कार्यक्रमलाई वित्तीय दिगोपनाका दृष्टिले सामाजिक बीमा कार्यक्रममा रुपान्तर गरिनेछ ।<br>८. जनस्वास्थ्यमा नकारात्मक असर पर्ने वस्तुको पैठारी, उत्पादन, विक्रीवितरण तथा उपभोगलाई सीमित गर्नेगरी नियमन गरिनेछ । |
| ६. बालबालिका तथा गर्भवती महिलाका लागि बहुपोषण सेवा विस्तार गर्ने । | १ आधारभूत मातृत्व सेवा, अत्यावश्यक नवजात शिशु स्याहारका साथै रोगी नवजात शिशुको स्वास्थ्य व्यवस्थापन गर्न स्वास्थ्य सेवा प्रदायकको क्षमतामा थप सुधार गरिनेछ । |

| | |
|---|---|
| | २. नवजात शिशु मृत्यदर घटाउन स्वास्थ्य सेवा क्षमता अभिवृद्धि गरिनेछ ।<br>३. महिला तथा बालबालिकाका लागि गुणस्तरीय स्वास्थ्य सेवा तथा बहुपोषण सेवाको विस्तार गरिनेछ ।<br>४. Early childhood development मा आधारित शैक्षिक विकासमा जोड दिई कार्यक्रम विस्तारका लागि लगानी बढाइनेछ ।<br>५. नवजात शिशु तथा बालबालिकामा लाग्न सक्ने सम्भाव्य रोग तथा शारीरिक तथा मानसिक अपांगताको पूर्व पहिचान गरी समाधान गर्ने प्रणालीमा सुधार गरिनेछ ।<br>६. सबै स्वास्थ्य संस्थामा सीपयुक्त दक्ष प्रसूतिकर्मीको सेवा विस्तार गर्दै लगिनेछ ।<br>७. अतिगरिब, सीमान्तीकृत, विभेदमा परेका महिलाको प्रजनन् स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी अधिकारको संरक्षण गर्न बहुपोषण कार्यक्रम विस्तार गरिनेछ ।<br>८. सामाजिक सेवा एकाइबाट विपन्न समुदायलाई निःशुल्क सेवा विस्तारित रुपमा प्रदान गर्ने गरी संस्थागत तथा वित्तीय क्षमता सुदृढ गर्ने । |

**नीति १.३: "अन्तर्राष्ट्रिय श्रम आप्रवासनलाई सीप र दक्षतामा आधारित, व्यवस्थित, मर्यादित र सुरक्षित तुल्याइनेछ ।"**

| | |
|---|---|
| ७. श्रम आप्रवासनलाई पूर्णरुपमा रोजगारमूलक सीप र दक्षतामा आधारित बनाउने । | १. सबै स्थानीय तहमा श्रम आप्रवासनका लागि आवश्यक पर्ने आधारभूत रोजगारमूलक सीप प्रदान गर्ने गरी क्षमता विस्तार गरिनेछ ।<br>२. वैदेशिक रोजगारीमा जानका लागि अनिवार्य रुपमा रोजगारमूलक सीप हासिल गर्नु पर्ने कानुनी व्यवस्था गरिनेछ ।<br>३. पेशागत संलग्नतालाई रोजगारमूलक सीपका रुपमा प्रमाणीकरण गर्ने र वैदेशिक रोजगारीका लागि मान्यता दिने पद्धति अवलम्वन गरिनेछ ।<br>४. विश्व श्रम बजारको माग र आवश्यकता बमोजिम रोजगारीमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्न नेपालका आप्रवासी श्रमिकलाई नवीनतम प्रविधि तथा कृत्रिम बुद्धिमत्ता (artificial intelligence) को क्षेत्रमा सीप र दक्षता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकता दिई व्यापक र विस्तारित तुल्याइनेछ ।<br>५. कानुनी प्रक्रिया पूरा नगरी अनौपचारिक माध्यमबाट आप्रवासी श्रमिकका रुपमा वैदेशिक रोजगारीमा जाने प्रवृत्तिलाई निरुत्साहित गर्न यस्ता युवालाई औपचारिक रुपमा कानुनी प्रक्रिया पुऱ्याई जानका लागि प्रोत्साहन दिने र सो का लागि आवश्यक पर्ने सेवा प्रवाह प्रणालीलाई |

| | |
|---|---|
| | सहज तुल्याइनेछ ।<br>६. अनौपचारिक माध्यमबाट कानुनी प्रक्रिया पूरा नगरी वैदेशिक रोजगारीमा जाने आप्रवासी श्रमिकको दर्ता र स्वीकृतिको प्रक्रियालाई कार्यान्वयनमा ल्याई उनीहरुको अधिकार संरक्षण गर्न तथा रोजगारीलाई मर्यादित तथा सुरक्षित तुल्याउन नेपाली नियोग तथा श्रम सहचारीले कानुनी सहायता तथा रोजगारी सहजीकरण संयन्त्र निर्माण गरी ट्राकिङ्ग गर्ने प्रणाली कार्यान्वयनमा ल्याइनेछ । |
| ८. श्रम आप्रवासन सम्बन्धी एकीकृत तथ्याङ्क तथा सूचना प्रणाली सुदृढ तुल्याउने । | १. आप्रवासी श्रमिकका जनसांख्यिक दृष्टिले लैङ्गिक खण्डीकृत तथा एकीकृत तथ्याङ्क प्रणाली सुदृढ गरिनेछ ।<br>२. श्रम आप्रवासनको क्षेत्रमा तथ्यगत प्रमाणमा आधारित योजना तथा कार्यक्रम र सेवा प्रवाह व्यवस्थापनका लागि हालको सूचना व्यवस्थापन प्रणालीमा अन्तक्षेत्रगत तथा अन्तर्तहगत सूचना तथा तथ्याङ्कको एकीकृत रुपमा व्यवस्थापन गर्न सक्ने गरी परिमार्जन गरिनेछ र विभिन्न निकाय ( संघका सम्बद्ध निकाय, प्रदेश सरकार र स्थानीय तहका निकाय) बीच सूचना सन्जालको विकास गरी उपयोग गरिनेछ ।<br>३. औपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा जान लागेका तथा जाने र कार्यस्थापन हुने सबै आप्रवासी कामदारको स्थितिको जानकारी लिने र अनुगमन गर्ने प्रणाली (Dedicated Tracking System) को विकास गरी उपयोग गरिनेछ र यसका लागि सबै आप्रवासी कामदारको सूचना प्रणालीमा आधारित सूचीकरण गरी अभिलेखांकन गर्ने र देहायका स्थितिको अनुगमन गर्ने प्रणाली कार्यान्वयनमा ल्याइनेछ:<br>१. पूर्वप्रस्थानको स्थिति<br>२. स्थानान्तरण र भ्रमणको स्थिति<br>३. कार्यस्थापनको स्थिति<br>४. कार्यस्थापन तथा संलग्नताको स्थिति<br>५. आप्रवासी महिला कामदारको स्थिति<br>६. कार्यअवधिपश्चात स्वदेश फिर्तीको स्थिति<br>७. सामाजिक तथा आर्थिक पुनर्एकीकरणको स्थिति |
| ९. श्रम आप्रवासनलाई मर्यादित र सुरक्षित तुल्याउने । | १.सबै स्थानीय तहमा सुरक्षित श्रम आप्रवासन का लागि अभिमुखीकरण र सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. श्रम आप्रवासनलाई सुरक्षित तुल्याउन ग्लोबल कम्प्याक्ट फर माइग्रेसनले निर्दिष्ट गरेका सुरक्षित तथा मर्यादित श्रम आप्रवासनका आधारभूत पक्षलाई कार्यान्वयन गर्न कानुनी तथा संस्थागत सुधार गरिनेछ ।<br>३. वैदेशिक रोजगारीका सबै प्रकारका जोखिमको पहिचान गर्ने र समाधान गर्न सक्ने दक्षता अभिवृद्धि गर्ने गरी रोजगारी र प्रस्थान पूर्व नै क्षमता |

| | |
|---|---|
| | विकास गर्ने गरी कार्यक्रम विस्तार गरिनेछ ।<br>४. आप्रवासी महिला कामदारलाई लक्षित गरी मर्यादित श्रम आप्रवासनका विषयमा सशक्तीकरण कार्यक्रम सबै स्थानीय तहमा आवश्यकताका आधारमा सञ्चालन गरिनेछ ।<br>५. आप्रवासी श्रमिकको मतदानको अधिकार प्रत्याभूत गरिनेछ ।<br>६. श्रम आप्रवासनबाट अधिकतम लाभ लिनका लागि दूतावास तथा श्रम सहचारीको सेवाप्रवाह क्षमता सुदृढ तुल्याइनेछ । |
| १०. वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई मानव प"जीका ग्रहण गरी उनीहरुले हासिल गरेको सीप, प्रविधि तथा व्यावसायिक दक्षताको उपयोग गर्ने । | १. वैदेशिक रोजगारीबाट फर्केका श्रमिकले हासिल गरेका सीप र दक्षता तथा पेशागत अनुभवको एकीकृत तथ्याङ्क तयार गरिनेछ ।<br>२. वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई मानव पुँजीका ग्रहण गरी हासिल गरेको सीप, प्रविधि तथा व्यावसायिक दक्षताको उपयोग गरी स्वदेशमा नै उद्यम गर्न र स्वरोजगारीमा संलग्न हुन उनीहरुलाई आवश्यक पर्ने वित्तीय प्रोत्साहन, सीप अभिवृद्धि तथा व्यवसाय विकास क्षमता विकास गरिनेछ ।<br>३. वैदेशिक रोजगारीबाट फर्केका श्रमिकलाई लक्षित गरी सबै स्थानीय तहमा स्टार्टअप उद्यम तथा व्यवसाय सम्वर्द्धन सेवाको विस्तार गरिनेछ ।<br>४. वैदेशिक रोजगारीबाट फर्की आफ्नो पेशागत ज्ञान तथा अनुभव, सीप र दक्षता तथा प्रविधिको उपयोग गरी सफलतापूर्वक उद्यम व्यवसाय सञ्चालन गर्ने र रोजगारी सृजना गर्ने आप्रवासी श्रमिकलाई उचित प्रोत्साहन सहित सम्मान गर्ने परिपाटीको थालनी गरिनेछ । |
| **उद्देश्य २. जनसङ्ख्याप्रति सम्वेदनशील तथा उत्तरदायी विकासको प्रणाली सुदृढ गरी जनसङ्ख्या र विकासबीचको तादात्म्यता कायम गर्नु ।** | |
| **नीति २.१: "मुलुकको आर्थिक समृद्धिमा तथा विकासका सबै पक्षमा जनसङ्ख्याको विषयलाई एकाकार गरिनेछ ।"** | |
| १. शासन र विकासका सबै क्षेत्र तथा विषयमा जनसङ्ख्याको विषय मूलप्रवाहीकरण गर्ने । | १. जनसङ्ख्याको विषयलाई उच्च प्राथमिकता दिई समष्टीगत आर्थिक नीति तथा वित्त नीतिमा मूलप्रवाहीकरण गर्ने पद्धतिमा सुधार गरिनेछ ।<br>२. आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा क्षेत्रगत नीति तथा रणनीतिमा लगानीको कार्यढांचा सहित जनसङ्ख्या र विकासको विषयलाई |

| | |
|---|---|
| | समावेश गर्ने परिपाटी अपनाइनेछन् । <br> ३. जनसङ्ख्या र विकासका विषयमा सामन्जस्य कायम गर्ने गरी सूचना, शिक्षा र सन्चारको कार्यनीति कार्यान्वयन गरिनेछ । <br> ४. जनसङ्ख्या र विकासबीचको अन्तर्सम्बन्धित विषयलाई सबै प्रकारका प्राज्ञिक विषय तथा प्रशिक्षणमा समावेश गरिनेछ र सूचना, शिक्षा तथा सन्चारको माध्यमबाट आमसन्चारका माध्यम मार्फत व्यापक रुपमा सचेतना अभिवृद्धि र पैरबी गरिनेछ । |
| २. मुलुकको आर्थिक तथा सामाजिक नीतिलाई जनसङ्ख्याको आवश्यकता सापेक्ष तुल्याउने । | १. आर्थिक विकासका सबै क्रियाकलापलाई समुन्नत र सुखी जनसङ्ख्याको विषयसंग आवद्ध गरिनेछ । <br> २. आर्थिक नीतिमा जनसांख्यिक लाभको प्राप्ती तथा उपयोगमा बढोत्तरी हुने गरी उपाय अवलम्वन गरिनेछ । <br> ३. जनसङ्ख्या केन्द्रित तथा सम्वेदनशील विकासका विषयमा व्यापक रुपमा सचेतना अभिवृद्धि गरिनेछ । <br> ४. जनसङ्ख्या, विकास र वातावरणबीच सामन्जस्ययुक्त अन्तर्सम्बन्ध सुदृढ तुल्याउन युवा समुदायको क्षमता विकास र परिचालन गरिनेछ । <br> ५. दिगो विकास र वातावरण संरक्षणमा जनसङ्ख्याको महत्व र अपरिहार्यताका सम्बन्धमा व्यापक रुपमा जनचेतना अभिवृद्धि गरिनेछ । |
| ३. विकासका संरचना तथा पूर्वाधारको निर्माण एवं उपयोगलाई जनसङ्ख्यामा आधारित तुल्याउने । | १. भौगोलिक क्षेत्रगत आधारमा गरिने विकासको वर्तमान ढांचालाई जनसांख्यिक आधारको विकासको ढांचामा रुपान्तरण गरिनेछ । <br> २. विकासका पूर्वाधारको निर्माण तथा विस्तारको कार्यलाई जनसङ्ख्याको दृष्टिले लेखाजोखा र विश्लेषण गर्ने परिपाटी अवलम्वन गरिनेछ र जनसांख्यिक उपयोगिताको पक्षलाई आत्मसात गरिनेछ । <br> ३. विकासमा जनसांख्यिक सरोकारलाई सम्वोधन गर्न विकासका पूर्वाधार आयोजना तथा कार्यक्रमको सन्चालन पूर्व नै जनसांख्यिक प्रभाव जनसङ्ख्या गर्ने गरी सरल र सहज परिपाटीको थालनी गरिनेछ । <br> ४. विकासका पूर्वाधार निर्माण तथा विकास कार्यक्रम सन्चालन पूर्व नै जनसांख्यिक प्रभाव जनसङ्ख्या गने व्यवस्थाका लागि कानुनका साथै कार्यविधिमा परिमार्जन गरिनेछ । |

**नीति २.२: “मुलकभित्र हुने बसाइसराइलाई दिगो आर्थिक विकास तथा वातावरणीय दृष्टिले उपयुक्त तुल्याइनेछ ।”**

| | |
|---|---|
| ४. आन्तरिक बसाइसराइ सम्बन्धी | १. आन्तरिक बसाइसराइको कारण, प्रभाव र असरका वारेमा लेखाजोखा तथा |

| | |
|---|---|
| सूचना र तथ्याङ्क प्रणाली सुदृढ गर्ने र सम्वोधनका उपाय अवलम्वन गर्ने । | विश्लेषण गरी दस्तावेज तयार गरिनेछ ।<br>२. आन्तरिक आप्रवासन र विकासबीच सामन्जस्य र तादात्म्यता कायम गर्न छुट्टै नीतिगत व्यवस्था गरिनेछ ।<br>३. सबै स्थानीय तहमा जनसङ्ख्याको स्थिति र बसाइसराइका वारेमा तथ्याङ्क संकलन र सूचना व्यवस्थापन गर्न सक्ने गरी क्षमता अभिवृद्धि गरिनेछ ।<br>४. आन्तरिक रुपमा हुने बसाइसराइ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीको स्थानीय तहमा नै विकास गरी प्रदेश तथा संघीय तहमा एकीकृत सूचना व्यवस्थापन प्रणाली क्रियाशील तुल्याइनेछ ।<br>५. आन्तरिक बसाइसराइको कारण, प्रभाव र असरका वारेमा स्थानीय तहमा समीक्षा र जनसङ्ख्या गर्ने तथा विकासको प्रणालीमा सम्वोधन गर्ने परिपाटी अवलम्वन गरिनेछ ।<br>६. श्रमशक्तिको विस्थापन र आप्रवासनलाई अनुमानयोग्य, व्यवस्थित र आर्थिक सामाजिक दृष्टिले अनुकूल तुल्याइनेछ ।<br>७. जनसङ्ख्या तथा बसाइ सराइ सम्बन्धी एकीकृत व्यवस्थापनको प्याकेजको विकास गरी कार्यान्वयनमा लगिनेछ । |
| ५. ग्रामीण क्षेत्रमा रोजगार सृजना हुने आर्थिक क्रियाकलाप वृद्धि गर्ने । | १. स्थानीयस्तरमा आर्थिक क्रियाकलापको सम्भाव्य क्षेत्रको लेखाजोखा तथा पहिचान गरी लगानीको वातावरण सहज तुल्याइनेछ ।<br>२. स्थानीय कच्चा पदार्थ र स्रोतमा आधारित उद्योग व्यवसाय प्रवर्द्धन गरी स्थानीय युवाको संलग्नता बढाउन प्रोत्साहन र सहजीकरण गरिनेछ ।<br>३. ग्रामीण क्षेत्रका युवा समुदायलाई लक्षित गरी आधुनिक तथा प्रविधिमा आधारित खेति प्रणाली तथा सामूहिक खेति प्रणाली एवं व्यावसायिक उद्यमका लागि वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।<br>४. ग्रामीण क्षेत्रमा आर्थिक उपार्जनका दृष्टिले उपयोगी हुने विकासका पूर्वाधारमा लगानी बढाउँदै लगिनेछ ।<br>५. स्थानीयस्तरमा आर्थिक क्रियाकलाप तथा रोजगारीका अवसरमा वृद्धि गर्न निजी व्यावसायिक क्षेत्रसंगको सहकार्य र साझेदारी प्रवर्द्धन गरिनेछ ।<br>६. ग्रामीण क्षेत्रका युवा जनशक्तिको अव्यवस्थित तथा योजनाविनाको बसाइसराइलाई व्यवस्थापन गर्न स्थानीयस्तरमा उत्पादनशील रोजगारी सृजना गर्ने गरी लगानी वृद्धि गरिनेछ ।<br>७. स्थानीयस्तरमा कृषि व्यावसायीकरण तथा बजारीकरण एवं पर्यटन प्रवर्द्धनमा युवालक्षित क्षमता विकास गरी संलग्नता बढाइनेछ । |
| ६. जनसङ्ख्या र वातावरणबीच सन्तुलित सम्बन्ध कायम हुने गरी | १. विपद्, महामारी तथा आपतकालीन स्थितिलाई समयमा नै प्रतिकार्य गर्न सक्षम प्रणालीको विकास गरिनेछ र यसबाट जनसांख्यिक विस्थापनको |

| | |
|---|---|
| संरक्षण क्षमता र उत्थानशीलता वृद्धि गर्ने । | स्थितिमा पर्नसक्ने असरलाई न्यूनकरण गरिनेछ ।<br>२. जनसङ्ख्या र वातावरणबीचको सम्बन्धमा आधारित रही जलवायु परिवर्तनको असर समेमतलाई ध्यानमा राखी संरक्षण र उत्थानशीलता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछन् ।<br>३. प्राकृतिक स्रोतहरुमाथि जनसङ्ख्याको दवावलाई कम गर्न जनसङ्ख्याको सापेक्षिक वितरण तथा बैकल्पिक स्रोतहरुको पहिचान गरिनेछ ।<br>४. जलवायु परिवर्तन र प्राकृतिक वातावरणमा आएको परिवर्तनलाई समानुकूलन गरी दिगो विकासमा योगदान पुऱ्याउन युवा समुदायलाई परिचालन गरिनेछ ।<br>५. एकीकृत वस्ती विकास तथा आर्थिक उपार्जनको अवसर उपलब्ध गराई आन्तरिक बसाइसराईलाई व्यवस्थित तुल्याइनेछ ।<br>६. आवास विहीनहरुका लागि आफ्नै जन्मथलोमा जीवन निर्वाह गर्न सक्ने गरी व्यवस्थित आवास तथा सामूहिक खेति व्यवसाय सञ्चालन गर्न सीप, जमीन तथा वित्तीय प्रोत्साहन दिइनेछ ।<br>७. अव्यवस्थित बसाइसराइका कारण बढ्दो शहरी गरिबी न्यूनीकरण गर्नका लागि व्यवस्थित बसोबास तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३.: जनसङ्ख्यालाई समावेशिता र सामाजिक न्यायमा आधारित तुल्याउनु ।** | |
| **नीति ३.१: "विपन्न, सीमान्तीकृत, विभेद तथा बन्चितीमा परेका तथा जोखिमको स्थितिमा रहेका व्यक्तिका लागि संरक्षणात्मक न्याय र आधारभूत मानव विकास सेवा सुनिश्चित गरिनेछ ।"** | |
| १. बहुआयामिक गरिबीमा रहेका, सीमान्तीकृत, विभेद तथा बन्चितीमा परेका तथा जोखिमको स्थितिमा रहेका व्यक्तिको आर्थिक तथा सामाजिक संरक्षण गर्ने । | १. विपन्न, वञ्चितीमा परेका तथा सीमान्तीकृत समुदायका व्यक्तिका लागि जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. जोखिमपूर्ण अवस्थामा रहेका समूहका व्यक्तिका लागि प्रभावकारी स्वास्थ्य सेवाको विस्तार गरिनेछ ।<br>३. विपन्न वर्ग लक्षित आवास तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. उत्पादनशील सहकारीमा आवद्ध तथा सामाजिक दृष्टिले पछि परेका समुदायलाई सामूहिक रुपमा उत्पादनशील सहकारी तथा उद्यम व्यवसाय सञ्चालन गर्ने क्षमता विकासका लागि आवश्यक पर्ने उद्यमशीलता प्रवर्द्धन, |

| | |
|---|---|
| | व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गरिनेछ ।<br>५. ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिको विशेष स्वास्थ्य आवश्यकताको परिपूर्तिका लागि विद्यमान स्वास्थ्य प्रणालीमा सुधार गरिनुका साथै उनीहरुको स्वास्थ्य जोखिमको निराकरण गर्ने प्रणाली स्थापना गरिनेछ ।<br>६. फरक सक्षमताको उपयोगका लागि अपांगता भएका व्यक्तिको पेशागत दक्षता अभिवृद्धि गर्ने उद्यमशीलता विकास एवं आयआर्जन अभिवृद्धि गर्ने कार्यक्रमलाई व्यापक तुल्याइनेछ ।<br>७. उत्पादनशील र उपयोगी बृद्धावस्थाका लागि सीप, अनुभव र पेशागत दक्षताको उपयोग गर्ने गरी विभिन्न उपाय अवलम्वन गरिनेछ ।<br>८. सक्रिय र उत्पादनशील संलग्नता सहितको जीवनका लागि ५९ बर्ष नाघेका सबैलाई व्यावसायिक प्रशिक्षण प्रदान गरिनेछ ।<br>९. अपांगता समावेशी स्वास्थ्य उपचार सेवा सुनिश्चित गर्न सबै अस्पतालको क्षमता सुदृढ तुल्याइनेछ ।<br>१०. अटिजम र हेमोफिलिया जस्ता जटील स्थितिमा रहेका बालबालिकाको स्वास्थ्य उपचार एवं मनोसामाजिक सेवा विस्तार तथा सुदृढ तुल्याइनेछ ।<br>११. सीमान्तीकृत, विपन्न, लोपोन्मुख जातिको संरक्षण गर्न विशेष तथा विस्तारित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१२. मानसिक रुपले अशक्त व्यक्तिका लागि विशेष स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराइनेछ ।<br>१३. समता र समावेशिताका दृष्टिले लक्षित वर्गको स्वास्थ्य अधिकार बारेको सचेतना अभिवृद्धि गर्न सूचना, शिक्षा तथा सन्चार प्रणालीलाई सवल बनाइनेछ ।<br>१४.जोखिममा रहेका र विपन्न नागरिकका लागि स्वास्थ्य बिमा कार्यक्रमको विस्तार र सुदृढीकरण गरिनेछ ।<br>१५. जोखिममा रहेका सीमान्तीकृत र विपन्न नागरिकको मानव अधिकार संरक्षणका लागि निःशुःल्क कानुनी सहायता तथा आधारभूत मानव विकास सेवा प्रवाहलाई सहज र गुणस्तरीय तुल्याइनेछ । |
| २. लैङ्गिकता आधारित सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यका लागि कानुनी, संस्थागत तथा प्रणालीगत क्षमता सुदृढ गर्ने । | १. लैङ्गिक हिंसा र विभेदको अन्त्यका लागि स्थानीय तहको न्यायिक प्रणालीलाई सुदृढ र सक्षम तुल्याइनेछ ।<br>२. लैङ्गिक हिंसा प्रभावित व्यक्तिका लागि सबै तहमा निःशुल्क कानुनी सहायता प्रणालीलाई विस्तार गरिनेछ ।<br>३. महिला, बालिका तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायका व्यक्तिहरुको न्यायमा पहुँचका लागि निःशुल्क कानूनी सहायताका विद्यमान कार्यक्रम तथा सेवा प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । |

| | |
|---|---|
| | ४. लैङ्गिक हिंसा प्रभावितका लागि आर्थिक अन्य सेवासुविधा उपलब्ध गराउन वित्तीय स्रोतको पर्याप्त व्यवस्था गरिनेछ ।<br>५. महिला, किशोरी एवं बालिका तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको मर्यादाविपरीतका हानिकारक सामाजिक कुप्रथा र प्रचलनविरुद्ध अभियान सञ्चालन गरिनेछ ।<br>६. लैङ्गिक विभेद र हिंसाको अन्त्यका साथै लैङ्गिक समता प्रवर्द्धनका लागि पुरुषवर्गको सकारात्मक योगदान र सहभागिता अभिवृद्धि गरिनेछ ।<br>७. हिंसापीडित महिला तथा बालिकाको संरक्षण, उपचार तथा पुनर्स्थापनाका लागि संस्थागत व्यवस्था सुदृढ गर्नुका साथै विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।<br>८. "बालविवाह मुक्त नेपाल" को अवधारणा कार्यान्वयनलाई प्रभावकारी तुल्याउन उत्थानशीलता अभिवृद्धिका सामाजिक परिचालनका विभिन्न अभियानमूलक कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>९. कम्तीमा बीस बर्ष पूरा भएपछि मात्र विवाह गर्न र मनोवैज्ञानिक रुपमा सक्षम भएपछि मात्र सन्तान जन्माउन प्रोत्साहित गरिनेछ ।<br>१०. लैङ्गिक तथा यौनजन्य हिंसाप्रभावित व्यक्तिका लागि रोजगारी, उद्यमशीलता विकास, आर्थिक सशक्तीकरण तथा सामाजिक पुनर्स्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>११. लैङ्गिक आधारमा सन्तुलित जनसङ्ख्या सुनिश्चित गर्न लिङ्ग छनौट गर्ने प्रवृत्तिमा निरोधात्मक उपाय अवलम्बन गरिनेछ र कानुनको कार्यान्वयन सवल तुल्याइनेछ ।<br>१२. सबैप्रकारका महामारी एवं प्राकृतिक प्रकोपको समयमा हुनसक्ने लैङ्गिक हिंसाविरुद्ध बहुपक्षीय सेवा समन्वयात्मक रुपमा प्रदान गर्ने प्रणाली सुदृढ गरिनेछ ।<br>१३. एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) को सेवा विस्तार गर्नुका साथै संस्थागत क्षमता तथा सेवा प्रणाली सुदृढ तुल्याइनेछ । |
| ३. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको समान अधिकारको संरक्षण गर्ने । | १. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सामाजिक तथा आर्थिक स्थितिको पहिचान गरी तथ्याङ्क प्रणालीमा समाविष्ट गरिनेछ ।<br>२. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको विशेष आवश्यकताको पहिचान गरी उनीहरुका लागि आधारभूत मानव विकास सेवाका साथै आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. आधारभूत मानव विकास सेवामा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको पहुंच बढाउनका लागि मनोसामाजिक विमर्श सेवा |

| | |
|---|---|
| | उपलब्ध गराइनेछ ।<br>४. महिला, बालिका तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायका व्यक्तिहरुको न्यायमा पहुँचका लागि आफ्नो अधिकारको प्रयोग गर्न सक्ने गरी सशक्तीकरणका कार्यक्रम विस्तार गरिनेछ । |
| **नीति ३.२: "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई जनसङ्ख्या र विकासका सबै आयामहरूमा समाहित गरिनेछ ।"** | |
| ४. सबै शासकीय तहका नीतिगत, कानुनी, संरचनागत तथा प्रणालीगत क्षेत्रमा लैङ्गिक समानताको विषय मूलप्रवाहीकरण गर्ने । | १. सबै तहको नीति/रणनीति, योजना, संरचना, कार्यक्रम र बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय मूलप्रवाहीकरण गरिनेछ ।<br>२. सबै क्षेत्र तथा तहमा लैङ्गिकमैत्री र सम्वेदनशील दृष्टिकोण निर्माण गर्न प्राथमिक तहदेखि उच्च तहसम्मका शिक्षा प्रणालीलाई लैङ्गिक समतायुक्त तुल्याइनेछ ।<br>३. लैङ्गिक समानता हासिल गर्नका लागि प्राथमिकता कायम गरी योजना र कार्यक्रमका लागि साधन स्रोतको प्रक्षेपण गर्ने प्रणालीका साथै लगानी कार्यढांचाको विकास गरिनेछ ।<br>४. "कोही पनि छुट्नु हुँदैन" भन्ने दिगो विकास लक्ष्यको अवधारणामा आधारित रही सबै क्षेत्रको वार्षिक कार्यक्रम तथा बजेटलाई लैङ्गिक दृष्टिले तर्जुमा गरी कार्यान्वयनमा ल्याउन समन्वय र सहजीकरण गरिनेछ । |
| ५. लैङ्गिक समानताको दृष्टिले महिलाको मर्यादित श्रम तथा उत्पादनशील भूमिकाको उचित सम्मान र मूल्याङ्कनका लागि पद्धतिगत सुदृढीकरण गर्ने । | १. महिलाले गर्ने विना ज्यालाका घरायसी काम वा कम ज्याला प्राप्त गरेका कामलाई मूल्याङ्कन गरी अर्थतन्त्रमा गरेको योगदानको गणना गर्ने परिपाटीको विकास गरिनेछ ।<br>२. दुई पुस्ताको बीचको दोहोरो भूमिकामा रहेका कामकाजी महिलाको पहिचान गरी उनीहरुको पेशागत क्षमता विकास र कार्यवातावरण सकारात्मक बनाउन उपाय अवलम्वन गरिनेछ ।<br>३. अनौपचारिक तथा असंगठित क्षेत्रमा कार्यरत महिलाको तथ्याङ्क अद्यावधिक गरी श्रम संरक्षणका उपाय अवलम्वन गरिनेछ ।<br>४. घरायसी काम तथा हेरचाहको काममा पुरुषको भूमिका बढाउंदै लैजाने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. महिलाको श्रम र समय बचत हुने सेवासुविधा र प्रविधिको प्रयोग गर्ने वातावरण सृजना गरी सोको अवलम्वन गर्न अभिप्रेरित गरिनेछ । |

| | |
|---|---|
| ६. उद्यमशीलता र रोजगारी प्रवर्द्धनका साथै उत्पादनशील साधनस्रोत माथिको पहुंच वृद्धिको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गर्ने । | १. प्राविधिक तथा व्यावसायिक शिक्षामा रहेको लैङ्गिक अन्तर घटाउन विशेष कार्यक्रम कार्यान्वयन  गरिनेछ ।<br>२. महिलाको उद्यमशीलता प्रवर्द्धन गर्नका लागि कार्यक्रमको विस्तार गरी कार्यान्वयन क्षमता सुदृढ गरिनेछ ।<br>३. उद्योग व्यवसायलगायत उत्पादनशील अवसर र स्रोतसाधनमा महिलाको स्वामित्व अभिवृद्धि गर्न थप वित्तीय प्रोत्साहन उपलब्ध गराइनेछ ।<br>४. उत्पादनमूलक सहकारीमा क्षमता अभिवृद्धिसहित महिलाको सहभागिता बढाइनेछ ।<br>५. उद्योग व्यवसाय सञ्चालन  गर्न महिला प्रवद्धित लगानीका लागि जीवन उपयोगी बजारको माग अनुसारको सीप र प्रविधिमा महिलाको पहुंच वृद्धि गरी वित्तीय सहुलियत उपलब्ध गराई प्रोत्साहन गरिनेछ ।<br>६. विपन्न, वञ्चिती मा परेका तथा सीमान्तीकृत महिलाको वञ्चितीमा परेका तथा सीमान्तीकृत महिलाको आर्थिक तथा सामाजिक स्थितिको नक्सांकन गरी उद्यमशीलतामा आधारित जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ४.: जनसङ्ख्या व्यवस्थापन क्षमता सुदृढ तुल्याउनु ।** | |
| **नीति ४.१ "जन्मदर र जनसांख्यिक प्रतिस्थापन अनुपातबीच सामन्जस्य कायम हुने गरी सन्तुलित रुपमा जनसांख्यिक स्थिति कायम गर्न जन्मदर, मृत्यूदर तथा बसाइसराइ र वाह्य आप्रवासन तथा जनसांख्यिक प्रतिस्थापन अनुपातबीच सन्तुलन र सामन्जस्य कायम गरिनेछ ।"** | |

| | |
|---|---|
| १. परिवार नियोजन कार्यक्रमलाई विद्यमान जनसांख्यिक स्थिति तथा भविष्यमा हुनसक्ने प्रवृत्ति तथा परिवर्तन अनुकूल हुने गरी पुनरावलोकन तथा परिमार्जन गर्ने । | १. जनसांख्यिक परिवर्तन र जनसङ्ख्याको उपयुक्त संरचनाको आवश्यकता आधारमा परिवार नियोजनको पद्धतिको लेखाजोखा र विश्लेषण गर्ने ।<br>२. परिवार नियोजन सेवालाई प्रभावकारी बनाउन परिवर्तित सन्दर्भ र जनसांख्यिक गतिशीलता अनुकूल हुनेगरी प्रणालीगत तथा प्रविधिगत रुपमा परिमार्जन गरिनेछ ।<br>३. परिवार नियोजन र सुरक्षित प्रजनन् स्वास्थ्य सेवालाई परिमार्जित रुपमा विस्तार गरिनेछ ।<br>४. प्रजनन् सम्बन्धी आधारभूत स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको प्रभावकारिता वृद्धि गरिनेछ ।<br>५. परिवार नियोजनको आवश्यकता र मागलाई समेट्ने र सम्वोधन गर्ने गरी तथा सन्तुलित प्रजनन्को आवश्यकतालाई समेत दृष्टिगत गरी परिवार नियोजन सम्बन्धी एकीकृत सेवा उपलब्ध गराउने क्षमता अभिवृद्धि गरिनेछ ।<br>६. परिवार नियोजनका नवीन प्रविधिको उपलब्धता, पहुंच र उपयोग बढाइनेछ ।<br>७. परिवार नियोजनका सेवालगायत सुरक्षित गर्भपतन सेवाको विस्तार र उपयोग क्षमता वृद्धि गरिनेछ । |
| २. परिवार नियोजन सेवा तथा प्रजनन् स्वास्थ्य सेवालाई थप सुदृढ तुल्याउने । | १. ग्रामीण महिलाका लागि प्रजनन् स्वास्थ्य तथा मातृत्व सेवा विस्तार तथा सुदृढ तुल्याइनेछ ।<br>२. परिवार नियोजनबाट महिलामा पर्ने नकारात्मक असर न्यूनीकरण गरिनेछ ।<br>३. किशोर किशोरीको यौनिक तथा प्रजनन् स्वास्थ्य सेवालाई विस्तार गरी पहुंच बढाइनेछ ।<br>४. सुरक्षित प्रजनन् र अत्यावश्यक स्वास्थ्य सेवाका सम्बन्धमा व्यापक रुपमा सचेतना अभिवृद्धि गरिनेछ ।<br>५. सम्मानजनक एवं सीपयुक्त दक्ष प्रसूती सेवाका लागि मिडवाइफ्रीसंग सम्बन्धित सीप विकास र उपयोग विस्तार गरिनेछ ।<br>६. गर्भावस्थामा गर्भवती महिलालाई हुनसक्ने रक्तअल्पता, कुपोषण तथा सम्भाव्य स्वास्थ्य समस्या तथा जोखिमको समाधान तथा आवश्यक उपचार सेवा प्रदान गर्नका लागि मिडवाइफ्री शिक्षा र परामर्श सेवा सुदृढ र विस्तार गरिनेछ ।<br>७. गर्भवती महिलाको गर्भावस्थामा हुनसक्ने शारीरिक, मानसिक तथा भावनात्मक परिवर्तन एवं सोसंग सम्बन्धित विभिन्न जोखिमको सहज |

| | |
|---|---|
| | रुपमा ग्रहण गर्ने तथा व्यवस्थापन गर्ने क्षमता अभिवृद्धि गर्न मिडवाइफ्री सेवा सुदृढ तुल्याइनेछ ।<br><br>८. कानुनी तथा चिकित्सिकीय आधारमा सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन सक्ने गरी प्रणाली सुदृढ गरिइनेछ ।<br><br>९. नवजात शिशुको स्वास्थ्य हेरचाह र सतर्कता, पोषण प्रणाली सुदृढ गरिनेछ ।<br><br>१०. विद्यालय नर्सको अवधारणा विस्तारित रुपमा कार्यान्वयन गरिनेछ ।<br><br>११. यौन तथा प्रजनन् स्वास्थ्यका वारेमा विद्यालय तह देखिनै किशोरकिशोरीलाई मनोसामाजिक तवरले सचेत गराउने गरी सेवा विस्तार गरिनेछ ।<br><br>९. सबै किशोर किशारी तथा समस्त युवावर्गमा यौनिक तथा प्रजनन् स्वास्थ्य अधिकारका वारेमा सचेतना अभिवृद्धि गरी प्रजनन् मनोव्यवहारमा जनसांख्यिक गतिशीलता अनुकूल हुने गरी सकारात्मक परिवर्तन गर्ने गरी कार्यक्रम विस्तार गरिनेछ ।<br><br>१०. |
| ३. युवा समुदायमा प्रजनन् सम्बन्धी मनोव्यवहारलाई जनसांख्यिक आवश्यकता अनुकूल तुल्याउने । | १. सबै स्थानीय तहमा जन्मदर, प्रतिस्थापन अनुपात, उमेर संरचना, बसाइसराइ तथा श्रम आप्रवासनबाट आर्थिक रुपले सक्रिय जनसङ्ख्यामा पर्ने असर, दिगो र सन्तुलित विकासका लागि आवश्यक पर्ने जनसङ्ख्या लगायतका जनसांख्यिक स्थितिका वारेमा समुदायमा अनुशिक्षण गरिनेछन् ।<br><br>२. जनसांख्यिक स्थितिमा आएको परिवर्तन र मुलुकका लागि उपयुक्त जनसङ्ख्याका वारेमा समुदायमा युवा सचेतना बढाउने कार्यक्रम सञ्चालन गरिनेछन् ।<br><br>३. सुरक्षित तथा सन्तुलित प्रजनन्को आवश्यकताका सम्बन्धमा किशोरकिशोरीको मनोव्यवहारमा सकारात्मक परिवर्तन ल्याउने गरी उपाय अवलम्वन गरिनेछ ।<br><br>४. दम्पतिको सन्तान जन्माउने प्रवृत्तिमा राष्ट्रको जनसांख्यिक आवश्यकको परिपूर्ति हुनेगरी सुधार गरिनेछ । |
| ४. जनसङ्ख्या र विकासको क्षेत्रमा रणनीतिक योजना तथा नीति व्यवस्थापनको नेतृत्व लिने संगठनको निर्माण गर्ने । | १. राष्ट्रिय जनसङ्ख्या परिषदलाई क्रियाशील तुल्याउन संस्थागत रणनीतिक योजना निर्माण गरी सोको कार्यान्वयनका आधारमा क्रियाशील तुल्याइनेछ ।<br><br>२. संघीय तहमा जनसङ्ख्या र विकासका विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहत उच्च तहको कार्यसम्पादन क्षमता भएको स्वायत्त, अधिकारसम्पन्न, विशेषज्ञता भएको र कार्यकारी व्यवस्थापनका दृष्टिले |

| | |
|---|---|
| | सक्षम निकायका रुपमा राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्रको स्थापना गरिनेछ । |
| ५. जनसङ्ख्या सम्बन्धी नीति व्यवस्थापनको कार्यसम्पादनलाई व्यवस्थित, नियमित र योजनावद्ध तुल्याउन आवश्यक कानुनी व्यवस्था गरिनेछ । | १. जनसङ्ख्या र विकासको कार्यजिम्मेवारीलाई योजनावद्ध, वैध, व्यवस्थित र नियमित तुल्याउन कानुनी अवधारणाका विषयमा बहुसरोकारवाला पक्षको सहभागितामा नीति सम्वाद गरिनेछ ।<br>२. जनसङ्ख्याको संरचना सम्बन्धी विषय, नियमन र विकासको जिम्मेवारी तथा जवाफदेहिताका दृष्टिले कानुनको निर्माण गर्न विषयगत विशेषज्ञताको उपयोग गरी सैद्धान्तिक तथा कार्यप्रणालीगत आधार तयार गरिनेछ ।<br>३. जनसङ्ख्या व्यवस्थापनको कार्यलाई कानुनी रुपमा वैधता प्रदान गर्न र नीति, योजना तथा कार्यकारी व्यवस्थापनको विषयमा कानुनसम्मत रुपमा कार्यसम्पादन गर्ने सक्षम निकायको व्यवस्था गर्न संघीय जनसङ्ख्या व्यवस्थापन कानुन निर्माण गरिनेछ ।<br>४. प्रदेश र स्थानीय तहमा समेत जनसंख्या व्यवस्थापन प्रणाली सुदृढ तुल्याउन संघीय जनसंख्या व्यवस्थापन मार्गदर्शन तयार गरी लागू गर्ने ।<br>५.. संघ, प्रदेश तथा स्थानीय तहमा जनसंख्या व्यवस्थापनका कार्यक्रम सन्चालन गर्न निजी व्यावसायिक क्षेत्रको संस्थागत सामाजिक जिम्मेवारीका लागि व्यवस्था गरिएको वित्तीय कोषको उपयोग गर्न समन्वय गर्ने । |
| ६. जनसांख्यिक विषयमा अनुसन्धान, सूचना तथा तथ्याङ्क व्यवस्थापन एवं प्रणाली सञ्चालन गर्ने सार्वजनिक निकायहरुलाई एउटै छातामुनि संस्थागत रुपमा एकीकृत गर्ने । | १. जनसांख्यिक विषयमा नीति व्यवस्थापन, अनुसन्धान, सूचना तथा तथ्याङ्क व्यवस्थापन, प्रलेख स्रोत तथा अभिलेख व्यवस्थापन एवं प्रणाली सञ्चालन गर्ने जिम्मेवारी लिई कार्यरत नेपाल सरकार मातहतका निकायको कार्यक्षेत्र, जिम्मेवारी तथा कार्यप्रणालीका विषयमा समीक्षा गरिनेछ ।<br>२. जनसङ्ख्या सम्बन्धी नीति तथा व्यवस्थापनको जिम्मेवारीमा संलग्न सरकारी निकायहरुलाई एउटै छातामुनि एकीकृत गर्नका लागि आवश्यक तथ्यगत प्रमाण सहितको प्रतिवेदन तयार गरिनेछ ।<br>३. जनसङ्ख्या सम्बन्धी नीति, अनुसन्धान एवं राष्ट्रिय तथ्याङ्क संरचना, व्यक्तिगत घटना दर्ता, राष्ट्रिय परिचयपत्र, सामाजिक सुरक्षा अभिलेखीकरण जस्ता जनसांख्यित महत्वका तथ्याङ्कको संकलन, विश्लेषण तथा व्यवस्थापनको जिम्मेवारीमा संलग्न सरकारी निकायहरुलाई एकीकृत गर्ने विषयमा सिफारिसका आधारमा संरचनागत सुधार गरिनेछ ।<br>४. जनसङ्ख्या व्यवस्थापनका लागि विकासका साझेदार, सरकारी निकाय, गैरसरकारी संस्था, निजी व्यावसायिक क्षेत्र, सहकारी तथा सामुदायिक |

| | |
|---|---|
| | संगठनबीचको सहकार्य र साझेदारी प्रवर्द्धन गरिनेछ । |
| ७. प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या र विकासको कार्यजिम्मेवारी बहन गर्ने गरी संस्थागत तथा कार्यप्रणालीगत क्षमताको विकास गर्ने । | १. प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या र विकासको विषयलाई संस्थागत गर्न तथा क्रियाशील तुल्याउन समन्वय र सहजीकरण गरिनेछ ।<br>२. प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या व्यवस्थापनको कार्यजिम्मेवारी भएका संरचनाको संस्थागत क्षमता विकास गरिनेछ ।<br>३. जनसङ्ख्या व्यवस्थापनको विषयमा प्रदेश तहमा योजनागत रुपमा कार्यक्रमिक सक्रियता अभिवृद्धि गर्न प्रदेश तहको सामाजिक विकास मन्त्रालयसंग सहकार्य गरिनेछ ।<br>४. स्थानीय तहमा जनसङ्ख्या र विकासका नीति कार्यान्वयन, अनुगमन, समन्वय र सहकार्य गर्न सक्ने गरी संस्थागत तथा कार्यप्रणाली व्यवस्था गर्न समन्वय र सहकार्य गरिनेछ । |
| ८. जनसङ्ख्या व्यवस्थापन सम्बन्धी एकीकृत सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गर्ने । | १. जनसङ्ख्या सम्बन्धी यौनिक तथा लैङ्गिक रुपमा खण्डीकृत, अन्तरपक्षीय तथा बहुतहगत सूचना र तथ्याङ्कको एकीकृत व्यवस्थापकीय प्रणालीको संरचना तयार गरिनेछ ।<br>२.सबै तहको जनसङ्ख्या सम्बन्धी नीति व्यवस्थापन तथा कार्यप्रणालीलाई तथ्यगत प्रमाणमा आधारित तुल्याइनेछ ।<br>३. जनसङ्ख्या विषयका सबै आवश्यक तथ्याङ्कको संकलन, प्रशोधन, विश्लेषण, उपयोग तथा सुधारका विधि निर्माण तथा परिमार्जन गरिनेछन् ।<br>४. प्रत्येक स्थानीय तहमा श्रम तथा शैक्षिक आप्रवासन र बसाइसराइ सम्बन्धी एकीकृत व्यवस्थापन सूचना प्रणालीको विकास गरी प्रदेश तथा संघ तहमा एकीकृत गरिनेछ ।<br>५. जनसङ्ख्यासंग सम्बन्धित सूचना संकलन, व्यवस्थापन, प्रकाशन तथा सार्वजनिकिकरणलाई गुणस्तरीय, व्यापक र भरपर्दो बनाइनेछ ।<br>६. आर्थिक, पेशागत तथा सामाजिक विशेषतामा आधारित रही एकीकृत सूचना व्यवस्थापन प्रणालीको उपयोग गरी प्रत्येक जनसङ्ख्याको ट्र्याकिंग गर्ने प्रणाली अवलम्वन गरिनेछ ।<br>७. स्थानीय तहमा जनसङ्ख्या सम्बन्धी सबै किसिमका विस्तृत विवरण सहितको तथ्याङ्कको संकलन, प्रशोधन र उपयोग गर्ने प्रणालीको विकास गर्ने र सम्प्रेषण गर्ने तथा सूचना सन्जालमा आवद्ध गरिनेछ । |
| ९. जनसङ्ख्या सम्बन्धी विषयका विभिन्न अनुसन्धान तथा सर्वेक्षणको | १. जनसङ्ख्या सम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापनका लागि व्यक्तिगत घटना |

| | |
|---|---|
| कार्य गर्ने । | दर्ता, नागरिक परिचयपत्र, जनसाङ्ख्यिक तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान, सर्वेक्षण र विश्लेषण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ । ,<br>२. जनसङ्ख्या तथा विकासका सूचकहरुको नियमित रुपमा अद्यावधिक गर्न तथा अनुगमनका लागि तथ्यगत आधार प्रदान गर्न जनसङ्ख्यासंग सम्बन्धित विभिन्न आवधिक तथा नियमित सर्वेक्षण सञ्चालन गरी प्रतिवेदन तयार तथा सार्वजनिकीकरण  गरिनेछन् ।<br>३. जनसांख्यिक गतिविधि तथा प्रवृत्तिमा आएको परिवर्तन एवं तिनका प्रभावका वारेमा विषयकेन्द्रित अध्ययन अनुसन्धान गरी जनसांख्यिक प्रतिवेदन तयार गरी उपयोग गरिनेछ ।<br>४. जनसङ्ख्या र विकास सम्बन्धी विषयमा गरिने अनुसन्धान तथा सर्वेक्षणको प्रणालीमा एकरुपता तथा गुणस्तरीयता कायम गर्न एवं नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमामा उपयोग गर्ने विश्वसनीयता कायम गरिनेछ ।<br>५. त्रिभुवन विश्वविद्यालयको जनसङ्ख्या अध्ययन विभाग एवं अन्य प्राज्ञिक निकाय, अनुसन्धान संस्था तथा विकासका साझेदार निकाय, अन्य सम्वद्ध निकायबीच जनसांख्यिक विषयमा अध्ययन अनुसन्धान, सर्वेक्षण, क्षमता विकास र जनसांख्यिक तथ्याङ्कको उपयोगका विषयमा सहकार्य र साझेदारी गरिनेछ ।<br>६. जनसङ्ख्या तथा विकासका विषयमा अध्ययन अनुसन्धान क्षमता अभिवृद्धि गर्ने गरी प्राज्ञिक सक्षमता सुदृढ गर्ने ।<br>७. जनसङ्ख्या तथा विकासका विषयमा एसियाइ क्षेत्र तथा वैश्विकस्तरका अन्तर्राष्ट्रिय संघसंस्थासंग समझदारी गरी अनुसन्धान तथा सर्वेक्षणको क्षमता अभिवृद्धि गरिनेछ । |
| ७. जनसङ्ख्या सम्बन्धी प्रलेख स्रोत तथा सूचना सम्बन्धी संस्थागत क्षमता विकास गर्ने । | १. संघीय तहमा जनसङ्ख्या सम्बन्धी राष्ट्रिय निकायले सञ्चालन गर्ने गरी सुविधासम्पन्न प्रलेख स्रोत तथा सुचना केन्द्रको स्थापना गरी क्रियाशील तुल्याइनेछ ।<br>२. सबै नागरिक तथा सम्वद्ध निकायलाई तथ्यमा आधारित जनसांख्यिक सूचनामा पहुंच सहज र विश्वसनीय तुल्याइनेछ ।<br>३. जनसङ्ख्या व्यवस्थापनमा सूचना प्रविधिको योजनावद्ध र व्यवस्थित उपयोगका लागि डिजिटाइजेसन र डिजिटलाइजेसनको कार्यनीति कार्यान्वयनमा ल्याइनेछ ।<br>४. जनसङ्ख्या सम्बन्धी विषयमा ज्ञानको व्यवस्थापन र विशेषज्ञ सन्जालको |

| | |
|---|---|
| | निर्माण गरी उपयोग गरिनेछन् । |

## परिच्छेद ३: नीति कार्यान्वयन

### ३.१ कार्यान्वयनको अवधारणा र दृष्टिकोण

(क) नीति आफैमा कार्यान्वयन हुने विषय होइन । यस नीतिको प्रभावकारिता यसको नतिजामूलक कार्यान्वयनमा निर्भर रहने तथ्यलाई आत्मसात गरी नीतिको अभिन्न पक्षका रुपमा यसको कार्यान्वयन व्यवस्था रहनेछ । नीति कार्यान्वयनका लागि वहुपक्षीय अवधारणा र दृष्टिकोण अवलम्वन गरिनेछ । यसमा नीतिगत मार्गदर्शन, संरचनागत सक्षमता, पद्धतिगत उपयुक्तता, मनोव्यवहारगत क्षमता विकास एवं व्यापक सहकार्य र साझेदारीको दृष्टिकोण अवलम्वन गरिनेछ ।

(ख) यस नीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनी तथा संरचनागत व्यवस्था गरिनेछ जसबाट जनसङ्ख्याको विषय तथा क्षेत्रलाई उच्च कार्यसम्पादन तथा सेवाप्रवाहको विषयक्षेत्र (high-performance and delivering thematic sector) का रुपमा स्थापित गर्ने दृष्टिकोण लिइनेछ ।

(ग) नीतिको प्रभावकारिता र उपयुक्तता यसको कार्यान्वयन र प्राप्त नतिजामा आधारित हुन्छ । प्रस्तावित नीतिले अपेक्षा गरे अनुसारको उपलब्धी र नतिजा हासिल गर्न राजनीतिक क्षमता र इच्छाशक्तिको उचित संयोजन र समन्वयन गरिनेछ । साथै सफल कार्यान्वयनका लागि तर्क र विवेकसम्मत तौरतरिका (Logic and Rationality), मनोभावनात्मक कौशल (Emotional Competence) र नतिजामा आधारित क्रियाकलाप (Action for results), जवाफदेहिता तथा निरन्तर सुधार विधि (Continuous Improvement) ले निर्देशित गर्दछ ।

(घ) संविधानले निर्देशित गरेको संघीय शासकीय संरचनामा जनसङ्ख्या र विकासको विषयगत क्षेत्रलाई उद्देश्यपरक तरिकाले एकाकार गर्ने अभिप्रायले प्रदेश तथा स्थानीय तहमा संस्थागत गरिनेछ । साथै जनसङ्ख्याको विषयमा तहगत समन्वय, सामन्जस्य र फलदायी अन्तरसम्बन्धको सुनिश्चितता गर्ने गरी पद्धतिगत व्यवस्था गरिनेछ । यसअन्तर्गत लागि जनसङ्ख्या नीतिको स्थानीयकरण गर्ने दृष्टिकोण अवलम्वन गरिनेछ ।

(ङ) नीतिको प्रभावकारी कार्यान्वयनका लागि सवल र अनुकूल वातावरणको निर्माण गर्ने, नीति कार्यान्वयनसंग सम्वद्ध निकाय र पक्ष एवं सरोकारवालालाई नीतिको कार्यान्वयनमा उनीहरुको भूमिका तथा क्रियाशीलता, नीतिको कार्यान्वयनबाट हुनसक्ने लाभ, आदिका वारेमा सुसूचित हुने गरी सचेतना र पैरबी गरिनेछ । त्यसैगरी, कार्यान्वयनको नेतृत्व लिने सक्षम संस्थागत व्यवस्था, कार्यसम्पादन व्यवस्थापन तथा नतिजाप्रतिको जवाफदेही संयन्त्र, समन्वय तथा सामन्जस्य,

प्रभाावकारी अनुगमन र मूल्याङ्कन, व्यापक सहकार्य र साझेदारी तथा निरन्तर सुधारको पद्धति जस्ता नीति व्यवस्थापनका तरिकाको अवलम्वन गरिनेछ ।

(च) नीति कार्यान्वयनको कार्यान्वयनको उपलब्धि र नतिजाको गुणस्तरको सुनिश्चितताका लागि अनुगमन र समीक्षा प्रणालीलाई सक्रिय र प्रभावकारी तुल्याई कार्यान्वयनमा आइपर्ने समस्या तथा जोखिमको समयमै पहिचान गर्ने र समाधान गर्ने पद्धति निर्माण गरिनेछ । त्यसैगरी कार्यसम्पादन र नतिजाप्रतिको जवाफदेहिता स्पष्ट पारिनु पर्दछ । नीति कार्यान्वयनको नतिजाको स्तरसंग प्रोत्साहन प्रणाली समेत आवद्ध गरिनेछ ।

## ३.२ संस्थागत व्यवस्था

(क) यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन गर्न, नियमन गर्न, नीतिगत समन्वय र सामन्जस्य कायम गर्न, समीक्षा गर्न तथा कार्यान्वयमा आइपर्ने नीतिगत समस्याको समाधान गर्न उच्च तहको नेतृत्वदायी भूमिका तथा नीति व्यवस्थापन क्षमता भएको संस्थागत व्यवस्थाको आवश्यकतालाई दृष्टिगत गरी उच्चतम निकायका रुपमा कानुनी व्यवस्था बमोजिम एक राष्ट्रिय जनसङ्ख्या परिषद रहनेछ ।

(ख) राष्ट्रिय जनसङ्ख्या परिषदको गठन विधि देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| १. | प्रधानमन्त्री | अध्यक्ष |
| २. | मन्त्री, जनसङ्ख्या तथा स्वास्थ्य | उपाध्यक्ष |
| ३. | मन्त्री, अर्थ | सदस्य |
| ४. | मन्त्री, गृह | सदस्य |
| ५. | मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | सदस्य |
| ६. | मन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ७. | मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ८. | मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा | सदस्य |
| ९. | मन्त्री, उद्योग, बाणिज्य तथा आपूर्ति | सदस्य |
| १०. | मन्त्री, युवा तथा खेलकूद | सदस्य |
| ११. | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| १२. | मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| १३. | सदस्य (जनसङ्ख्या विषय हेर्ने), राष्ट्रिय योजना आयोग | सदस्य |

| | | |
|---|---|---|
| १४. | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| १५. | विभागीय प्रमुख, जनसङ्ख्या अध्ययन विभाग, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| १६. | जनसङ्ख्या विषयका विज्ञ मध्येबाट नेपाल सरकारले मनोनित गरेका एकजना महिला र एकजना पुरुष | सदस्य |
| १७. | कार्यकारी निर्देशक, राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | सदस्य सचिव |

१. परिषदको बैठक एक आर्थिक बर्षमा कम्तीमा दुई पटक बस्नेछ र दुई बैठकबीचको फरक अवधि छ महिनाभन्दा बढी हुने छैन ।

२. परिषदको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । अध्यक्षको आदेशानुसार सदस्य सचिवले बैठक आव्हान गर्नेछ ।

३. परिषदको आवश्यकता अनुसार नेपाल सरकारका विभिन्न मन्त्रालय । निकायका प्रमुख, विशेषज्ञ संस्थाका प्रमुख एवं सम्बन्धित विषयमा विशेष ज्ञान र अनुभव हासिल गरेको विज्ञ व्यक्तिलाई समितिको बैठकमा सदस्यका रुपमा आमन्त्रित गर्न सक्नेछ ।

४. परिषदमा मनोनयन गरिने विज्ञ सदस्यको कार्यकाल दुई बर्षको हुनेछ र कार्यसम्पादन मूल्याङ्कनका आधारमा एकपटकका लागि दुई बर्ष थप गर्न सकिनेछ ।

५. परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. परिषदको सचिवालयका रुपमा राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र क्रियाशील र जिम्मेवार रहनेछ ।

(ख) नेपाल सरकार तथा राष्ट्रिय जनसङ्ख्या परिषदले लिएका नीतिगत व्यवस्था, योजना तथा रणनीतिको कार्यान्वयन गर्ने, गराउने, कार्यकारी तथा व्यवस्थापकीय तहमा निर्णय लिने, जनसङ्ख्यासंग सम्बन्धित विषयमा निकायगत एवं अन्तर्तहगत सरकारबीच समन्वय र सामन्जस्य कायम गर्ने गरी विशेषज्ञ तथा कार्यकारिणी तहको जिम्मेवारी बहन गर्ने गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहतको पेशागत रुपमा सक्षम र स्वायत्त निकायका रुपमा राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्रको स्थापना गरिनेछ । यसको सञ्चालन र व्यवस्थापनमा निर्देशन तथा समन्वय गर्नका लागि देहाय बमोजिमको कार्यकारिणी समितिको गठन गरिनेछः

| | | |
|---|---|---|
| १. | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अध्यक्ष |

| | | |
|---|---|---|
| २. | प्रमुख तथ्याङ्क अधिकारी, राष्ट्रिय तथ्याङ्क कार्यालय | सदस्य |
| ३. | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४. | सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सदस्य |
| ५. | सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ६. | सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ७. | महानिर्देशक, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | सदस्य |
| ८. | महाशाखा प्रमुख, नीति तथा योजना महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ९. | कार्यकारी निर्देशक, राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | सदस्य सचिव |

(१) राष्ट्रिय जनसङ्ख्या नीतिको प्रभावकारी कार्यान्वयनका लागि विषयगत रुपमा विशेषज्ञ सहयोग पुऱ्याउने गरी विषयगत आधारमा आवश्यकता अनुसार विज्ञ समूह बनाई कार्यकारिणी समिति (यसपछि समिति भनिएको) कार्यजिम्मेवारी दिन सक्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । अध्यक्षको आदेशानुसार सदस्य सचिवले बैठक आव्हान गर्नेछ।

(३) समितिको बैठक एक आर्थिक बर्षमा कम्तीमा छ पटक बस्नेछ र दुई बैठकबीचको फरक अवधि दुई महिनाभन्दा बढी हुने छैन।

(६) नेपाल सरकारका विभिन्न मन्त्रालय एवं निकायका प्रमुखका साथै सम्बन्धित विषयमा विशेष ज्ञान र अनुभव हासिल गरेको विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(७) समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(ग) राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्रको संगठनात्मक संरचना, आवश्यक जनशक्ति (विषयविज्ञ तथा व्यवस्थापकीय) तथा कार्यप्रणालीका विषयमा संगठन तथा व्यवस्थापन अध्ययन गरी सोको प्रतिवेदन समेतका आधारमा निर्णय लिइनेछ।

(घ) राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्रको कार्यकारी प्रमुखका रुपमा कार्यकारी निर्देशकको पद रहनेछ। जनसङ्ख्या व्यवस्थापनका विषयमा कम्तिमा पन्ध्र बर्षको उच्च तहको कार्यानुभव प्राप्त व्यक्तिलाई प्रतिस्पर्धा गराई कार्यसम्पादन सम्झौताका आधारमा चार बर्षको अवधिका लागि नेपाल सरकारले नियुक्ती गर्नेछ।

(ङ) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार एवं जवाफदेही तथा सेवाको शर्त कानुनद्वारा निर्धारण गरिनेछन् ।

## ३.३ कानुनी व्यवस्था

जनसङ्ख्या सम्बन्धी विषयमा नीति व्यवस्थापन, जनसङ्ख्या र विकासबीचको अन्तर्सम्बन्ध, जनसङ्ख्या नियमन तथा व्यवस्थापनका विषयमा कानुनी रुपमा मान्यता प्रदान गर्न तथा एकीकृत तुल्याउन छाता कानुनका रुपमा संघीय जनसङ्ख्या (विकास, नियमन तथा व्यवस्थापन) ऐन कार्यान्वयनमा ल्याइनेछ । यस्तो कानुन निर्माण गर्दा विभिन्न क्षेत्रगत तथा विषयगत कानुन कार्यान्वयन गर्ने निकाय तथा प्रदेश एवं स्थानीय तहसंग समन्वय र सामन्जस्य कायम गरिनेछ ।

## ३.४ वित्तीय व्यवस्था

(क) यस नीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापनका लागि सार्वजनिक क्षेत्रको लगानी संरचनामा नीतिमा उल्लिखित उद्देश्य अनुसारको उपलब्धि हासिल गर्न आवश्यक पर्ने लगानीको कार्यढांचासहित प्राथमिकता दिइनेछ । जनसङ्ख्या र विकासका विषयमा कार्यसम्पादन प्रगतिका आधारमा सार्वजनिक स्रोत व्यवस्थापनको आकार फराकिलो तुल्याउँदै लगिनेछ । यसका लागि संघ तह, प्रदेश तह र स्थानीय तहमा उपयुक्त तवरले सामन्जस्य कायम गरिनेछ ।

(ख) जनसङ्ख्या विषयक्षेत्रलाई मुलुकको समष्टीगत आर्थिक नीति, क्षेत्रगत तथा वित्त नीतिको अभिन्न पक्षका रुपमा समावेश गरिनेछ । साथै सरकारको मध्यकालीन खर्च संरचना र बार्षिक नीति, कार्यक्रम र बजेटमा समावेश गर्ने गरी लगानीका लागि आवश्यक समन्वय र सामन्जस्य कायम गरिनेछ । यसमा जनसङ्ख्या विषयक्षेत्रको लागत कार्यढांचा (Costing Framework) तर्जुमा गरिनेछ र यस क्षेत्रलाई वित्तीय प्रावधान विनाको प्रतिवद्धता (unfunded commitment) को स्थिति हुन नदिने व्यवस्था गरिनेछ ।

(ग) जनसङ्ख्या विषयक्षेत्रको लगानीलाई योजनावद्ध र व्यवस्थित तुल्याउन लगानी प्रवर्द्धनको अवधारणा र रणनीति अवलम्वन गरिनेछ । यसका आगामी देखि नै आवधिक योजनामा जनसङ्ख्या केन्द्रित विकासको क्षेत्रलाई उच्च प्राथमिकतासहित सरकारी क्षेत्रबाट पर्याप्त लगानी गरिनेछ । यसका लागि जनसङ्ख्या विषयक योजना तथा कार्यक्रम सञ्चालन गर्ने क्षेत्रगत निकायले आआफ्नो कार्यक्रम र बजेटमा समावेश गर्नेछन् ।

(घ) जनसङ्ख्या विषय क्षेत्रको विकास, प्रवर्द्धन र विस्तारका लागि अन्तरराष्ट्रिय विकास समुदाय र सरोकारवाला समेतको वित्तीय तथा प्राविधिक योगदानलाई प्रोत्साहन गरी सहयोग र सहभागिता परिचालन गरिनेछ ।

## ३.५ नीति समन्वय र सामन्जस्य

(क) जनसङ्ख्या सम्बन्धी विषय सर्व क्षेत्रसम्बन्धित भएकाले विषयगत, क्षेत्रगत तथा अन्तर्तहगत समन्वय र सामन्जस्य कायम गरी यो नीति कार्यान्वयन गरिनेछ । यसका लागि मूलप्रवाहीकरण, एकीकरण एवं समानुकूलनमा जोड दिइनेछ । यसमा प्रदेश तथा स्थानीय तहमा नीतिगत, संरचनागत तथा प्रणालीगत एवं कार्यविधिगत पक्षमा जनसंख्या नीतिको मूलप्रवाहीकरण तथा समानुकूलनका लागि संघीय मार्गदर्शन कार्यान्वयनमा ल्याइनेछ ।

(ख) यो नीति संघ तहका विभिन्न क्षेत्रगत तथा विषयगत मन्त्रालय तथा निकाय एवं प्रदेश तथा स्थानीय तहका निकायले जनसङ्ख्याको विषयमा नीति तथा रणनीति निर्माण गर्दा र कार्यान्वयन गर्दा मार्गदर्शनका रुपमा रहनेछ । प्रदेश तथा स्थानीय तहले यस नीतिको मूलभूत लक्ष्य र उद्देश्यमा असर नपर्ने गरी आआफ्नो सामाजिक, आर्थिक तथा सांस्कृतिक स्थितिको विश्लेषणका आधारमा सामन्जस्य कायम हुने गरी नीतिगत व्यवस्थामा समानुकूलन र सामन्जस्य कायम गरी कार्यान्वयन गर्न सक्नेछन् ।

(ग) यो नीतिको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तहको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन्छ । यसका लागि प्रदेश तथा स्थानीय तहमा नीतिप्रतिको स्वामित्व ग्रहण गर्ने अभिप्रेरणा, नीतिलाई आत्मसात गरी आआफ्नो तहमा क्षेत्रगत तथा विषयगत रुपमा मूलप्रवाहीकरण तथा एकाकार गर्ने, नीति कार्यानवयनका लागि उपयुक्त संस्थागत व्यवस्था गर्ने, कार्यक्रम तथा बजेटमा प्राथमिकता दिने, दिगो रुपमा स्रोतको व्यवस्थापन गर्ने, जवाफदेही प्रणाली स्थापना गर्ने, अनुगमन, समीक्षा तथा जनसङ्ख्या गर्ने, सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने, निरन्तर सुधार विधिको अवलम्वन गर्ने प्रदेश तथा स्थानीय तहसंग समन्वय र सामन्जस्य कायम गरिनेछ ।

नीतिको स्थानीयकरणलाई प्रभावकारी तुल्याउन योजना तथा कार्यक्रम प्रणालीमा सहकार्य, अनुगमन तथा जनसङ्ख्या कार्यमा सहभागिता, कार्यान्वयनको आवधिक तथा बार्षिक रुपमा सहसमीक्षा, कार्यक्रम सञ्चालनमा साझेदारी, समग्र कार्यान्वयनमा आपसि समझदारी, सूचना तथा तथ्याङ्क व्यवस्थापनमा सन्जालीकरण तथा आदान प्रदान गर्ने जस्ता सहकार्यात्मक पद्धतिको अवलम्वन गरिनेछ । त्यसैगरी, नीतिको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन व्यवस्थालाई प्रभावकारी तुल्याउन सवल र अनुकूल वातावरण निर्माण गर्ने, सचेतना र पैरबी गर्ने, क्षमता विकासका लागि प्राविधिक सहयोग उपलब्ध गराउने, आदि जिम्मेवारीमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय एवं राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्रले समन्वय र सहजीकरण गर्नेछन् ।

## ३.६ जोखिम पहिचान र व्यवस्थापन

(क) यस नीतिको कार्यान्वयनमा क्रममा अवधारणागत, संरचनागत, प्रणालीगत, वित्तीय तथा मनोव्यवहारगत जोखिमको सम्भावना रहन्छ । नीतिमा उल्लिखित विषयमा अवधारणागत स्पष्टता र

समान बुझाइको स्थिति कायम हुनमा कठीनाई र जटीलता हुनु, कार्यान्वयन व्यवस्था (संस्थागत क्षमता, विधि र पद्धति, कार्यान्वयनको मनोविज्ञान, आदि) को सक्षमता प्राप्त गर्नु, दिगो लगानीका लागि स्रोतको सुनिश्चितता तथा उपयोगको क्षमता हुनु, जनसङ्ख्या र विकासका विषयमा सकारात्मक मनोभाव रहनु, सबै क्षेत्रगत तथा विषयगत निकायले जनसङ्ख्या र विकासको विषयलाई प्राथमिकतामा राख्नु, संघीय संरचना बमोजिम प्रदेश तथा स्थानीय तहले सही तरिकाले नीतिको पालना गर्नु, सरोकारवालाको सार्थक सहभागिता हासिल गर्नु, जस्ता विषय जोखिमका रुपमा पर्दछन् । त्यसैगरी, संघीय शासकीय प्रणालीका विषयमा अझपनि संरचनागत, कार्यप्रणालीगत तथा मनोव्यवहारगत स्पष्टता हुन नसक्नाले जोखिमको स्थिति विद्यमान नै रहेको स्थिति छ । यद्यपि यी जोखिमको पूर्वपहिचान गर्नका लागि लेखाजोखा तथा विश्लेषण विधि सहित न्यूनीकरण र समाधानका लागि उपायगत तत्परता हासिल गर्न सकिने हुन्छ ।

(ख) जोखिम न्यूनीकरणका लागि जनसङ्ख्याको नीतिका सम्बन्धमा उच्च राजनीतिक तहमा प्रतिवद्धता र नेतृत्व लिने गरी सहभागिताका लागि प्रयत्न गर्ने, उच्चतहको कार्यसम्पादन गर्न सक्षम निकायका रुपमा सुदृढ तुल्याउने जसका लागि रुपान्तरणीय नेतृत्व, रणनीतिक योजना र व्यवस्थापन क्षमता, कार्यसम्पादन व्यवस्थापन प्रणाली तथा नतिजाप्रतिको जवाफदेहीपन, तथ्यगत प्रमाणमा आधारित अनुगमन र जनसङ्ख्या क्षमता, समस्याको पहिचान र समाधान गर्ने संयन्त्र, परिवर्तन व्यवस्थापन गर्न सक्ने सक्षमताको विकास र निरन्तर सुधार विधिको अवलम्वन गरिनेछ ।

(ग) साथै, नीतिका सम्बन्धमा तथ्यगत सूचनाको एकीकृत व्यवस्थापन गर्ने क्षमता विकास गर्ने, सम्वद्ध निकाय तथा सरोकारवालाको सहभागिता र सहकार्यात्मकता हासिल गर्न अधिवाचन र पैरबी गर्ने, सूचना, शिक्षा र सन्चारका पद्धतिको अवलम्वन गर्ने तथा नीति कार्यान्वयनका लागि जिम्मेवार निकाय राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्रको जनशक्तिमा पर्याप्त ज्ञान सीप र प्रविधि उपयोग गर्ने सक्षमताका लागि क्षमता विकास गर्ने जस्ता जोखिम न्यूनीकरणका उपाय अवम्वन गरिनेछन् । वित्तीय जोखिम न्यूनीकरणका लागि वित्तीय सुशासन, नतिजामूलक वित्तीय कार्यसम्पादन व्यवस्थापन, प्रभावकारी अनुगमन तथा समीक्षा गर्ने र समस्याको समाधान तथा जोखिमको न्यूनीकरणका लागि राष्ट्रिय तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा प्रस्तुत गरी सम्भाव्य उपाय अपनाइनेछन् । प्रदेश तथा स्थानीय तहमा समेत अनुगमन र समीक्षाका आधारमा जोखिमको पहिचान र समाधान गरिनेछन् ।

## ३.७ अनुगमन र मूल्याङ्कन तथा नीति पुनरावलोकन

(क) नीतिले परिलक्षित गरेको उद्देश्य अनुरुपको उपलब्धि र नतिजा हासिल गर्नका लागि देहाय बमोजिमको अनुगमन र मूल्याङ्कन व्यवस्था कार्यान्वयनमा ल्याइनेछः

(१) नीतिको कार्यान्वयनलाई उपलब्धि र नतिजाका आधारित तुल्याउन विद्यमान अनुगमन र मूल्याङ्कन पद्धतिमा आवश्यक समानुकूलन तथा परिमार्जन गरिनेछ । यसका लागि नीति कार्यान्वयनको अनुगमन र जनसङ्ख्यालाई व्यवस्थित र पारदर्शी तुल्याउन छुट्टै अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई कार्यान्वयनमा ल्याइनेछ ।

(२) नीति कार्यान्वयनको प्रभावकारिता मापनका लागि उपलब्धीको अनुगमन तथा मूल्याङ्कन गर्नका नीति कार्यान्वयन कार्यढांचा तथा कार्यसम्पादन नतिजा परीक्षण सूचक निर्माण गरी उपयोग गरिनेछ ।

(३) नीतिको आवधिक रुपमा गरिने समीक्षा तथा मूल्याङ्कनलाई राष्ट्रिय विकास समस्या समाधान समिति, प्रादेशिक विकास समस्या समाधान समितिमा आवद्ध गरी नीतिगत कार्यसम्पादन र प्रगतिको समीक्षा गर्ने तथा कार्यान्वयन तहको समस्याको पहिचान गरी समाधान गर्ने विधि अवलम्वन गरिनेछ ।

(४) नीतिको कार्यान्वयनको अनुगमन र मूल्याङ्कनलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश तथा स्थानीय तहको चौमासिक तथा बार्षिक समीक्षा पद्धतिमा एकाकार गरिनेछ ।

(५) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई नीति कार्यान्वयनको नतिजामूलक उपलब्धी र प्रभावकारिता अनुगमन र मूल्याङ्कन गर्न तथा सोका आधारमा सुधार गर्नका लागि सक्षम बनाइनेछ ।

(६) नीतिको अनुगमन र जनसङ्ख्यालाई वस्तुगत तथ्य र प्रमाणमा आधारित तुल्याउन एकीकृत सूचना व्यवस्थापन पद्धतिमा आधारित अनुगमन, समीक्षा र मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र क्रियाशील तुल्याइनेछ । यसका लागि सूचनाको सन्जालीकरण तथा सूचना प्रविधिमा आधारित प्रतिवेदन प्रणालीको उपयोग गरिनेछ ।

(७) जनसङ्ख्या विषय क्षेत्रको विकास तथा व्यवस्थापनका लागि संचालन गरिने कार्यक्रमगत तथा व्यावसायिक क्रियाकलापको अनुगमनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सम्बन्धित महाशाखा, राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र तथा प्रदेश एवं स्थानीय तहलाई जिम्मेवार तुल्याउने गरी संस्थागत क्षमता सुदृढ गरिनेछ ।

(८) नीतिको प्रदेश तह तथा स्थानीय तहमा प्रभावकारी रुपमा कार्यान्वयनका लागि प्रदेश सरकार तथा स्थानीय तहबीच आपसि सामन्जस्य र समझदारी कायम गरिनेछ ।

(९) प्रदेश तथा स्थानीय तहसमेतको नीतिसम्बन्धी कार्यप्रगतिको वस्तुस्थितिको सम्बन्धमा संघीय तहमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गरिनेछ ।

(१०) नीति कार्यान्वयनको नतिजालाई सम्वद्ध पक्ष र सरोकारवालालाई सुसूचित गर्ने गरी प्रत्येक बर्ष सार्वजनिकीकरण गरी विकासात्मक अनुपोषण प्राप्त गरिनेछ ।

(११) यस नीतिको कार्यान्वयनको मूल्याङ्कनको जिम्मेवारी देहाय बमोजिम हुनेछः

| **क.सं.** | **मूल्याङ्कनका तह** | **मूल्याङ्कन गर्ने निकाय** |
|---|---|---|
| १ | प्रभाव तहको मूल्याङ्कन | राष्ट्रिय विकास समस्या समाधान समिति<br>राष्ट्रिय योजना आयोग<br>राष्ट्रिय जनसङ्ख्या परिषद<br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| २ | योजना तथा कार्यक्रम तहको कार्यसम्पादन र उपलब्धिको मूल्याङ्कन | राष्ट्रिय जनसङ्ख्या परिषद<br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| ३ | नीति परीक्षण | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ४ | प्रदेश तहको नीति कार्यान्वयनको मूल्याङ्कन | प्रदेश सरकार |
| ५ | स्थानीय तहको नीति कार्यान्वयनको मूल्याङ्कन | स्थानीय सरकार |

(१२) जनसङ्ख्या क्षेत्रको आर्थिक तथा सामाजिक योगदानलाई तथ्यगत प्रमाणमा आधारित तुल्याउन जनसङ्ख्या विषयका विभिन्न सर्वेक्षण तथा अनुसन्धानको कार्यलाई थप सुदृढ तुल्याइनेछ र समयवद्ध रुपमा सर्वेक्षणमा आधारित जनसांख्यिक तथ्याङ्कलाई अद्यावधिक गरिनेछ । यस्ता सर्वेक्षण तथा अनुसन्धानको नतिजा सार्वजनिक समेत गरिनेछ ।

(१३) यस नीतिको स्वतन्त्र रुपमा गरिने नीति परीक्षण (policy audit) प्रत्येक तीन बर्षमा नीति अनुसन्धान प्रतिष्ठानबाट गराइनेछ ।

(ख) **नीति पुनरावलोकन, परिमार्जन र सुधार**

(१) यो नीति एक गतिशील दस्तावेजका रुपमा रहनेछ र समयसापेक्ष रुपमा नीतिको विश्लेषण र मूल्याङ्कन गरी आवश्यकता र औचित्यका आधारमा परिमार्जन गर्दै लगिनेछ ।

(२) यो नीतिको कार्यान्वयन अवधि कार्यान्वयन शुरु भएको आर्थिक बर्षले पांच बर्षको हुनेछ । प्रत्येक बर्ष नीति कार्यान्वयनको समीक्षा र मूल्याङ्कन गरिनेछ र कार्यान्वयनमा देखिएका समस्या समाधान गरी कार्यान्वयन व्यवस्थामा आवश्यक परिमार्जन र सुधार गर्दै लगिनेछ ।

(३) राष्ट्रिय जनसङ्ख्या परिषद तथा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा नीति कार्यान्वयनको उपलब्धिको समीक्षा गरिनेछ । उक्त समीक्षाबाट प्राप्त सुझाव समेतका आधारमा प्रत्येक पांच बर्षमा नेपाल सरकारले परिमाणात्मक उपलब्धि तथा नतिजाको लक्ष्यमा तात्विक भिन्नता नहुने किसिमले यस नीतिको प्राथमिकता, कार्ययोजना, कार्यक्रम तथा क्रियाकलाप, कार्यसम्पादन प्रणाली, उपलब्धि तथा नतिजा हासिल गर्नमा गरिएका व्यवस्थामा समसामयिक सुधार, थपघट, संशोधन वा हेरफेर गरी कार्यान्वयन गर्नेछ ।

(४) नेपाल सरकारले नीतिको परिमार्जन तथा सुधार गर्दा प्रदेश सरकार एवं स्थानीय तहसमेतको पृष्ठपोषण र सुझावका आधारमा नीतिको प्रभावकारिताको मूल्याङ्कन तथा समीक्षा गर्नेछ । साथै नीतिमा परिमार्जन र सुधारको कार्य गर्दा विभिन्न क्षेत्रगत । विषयगत मन्त्रालय एवं निकाय तथा प्रदेश तथा स्थानीय तहसंग समेत समन्वय र सामन्जस्य कायम गरिनेछ । मूल्याङ्कन तथा समीक्षाबाट प्राप्त सिकाइ एवं विज्ञ तथा सरोकारवालाको पृष्ठपोषणसमेतका आधारमा नीतिको प्रावधानमा परिमार्जन तथा कार्यान्वयन व्यवस्थामा प्राथमिकता निर्धारण सहित सुधार गरी नीतिलाई प्रभावकारी तुल्याइनेछ ।

## ३.८ नीति कार्यान्वयन कार्ययोजना

(क) यो नीति आफै कार्यान्वयन हुने विषय होइन । यसको योजनावद्ध र नतिजामा आधारित कार्यान्वयनका लागि कार्यान्वयन कार्ययोजनाको अपरिहार्यता रहन्छ । कार्ययोजनाले जनसङ्ख्याको विषयगत जिम्मेवारीमा हामी अहिले कहां छौं र के हासिल गर्न तथा कहां पुग्न चाहान्छौं? जनसङ्ख्याको क्षेत्रमा हामीले चाहेको उपलब्धि र नतिजा हासिल गर्न के गर्नु पर्दछ? अपेक्षित उपलब्धि र नतिजा हासिल भए नभएको कसरी मापन गर्ने? प्रभावकारी रुपमा कार्यान्वयन गरी प्रतिस्पर्धात्मक र गुणस्तरीय नतिजा कसरी हासिल गर्न सकिन्छ? इत्यादि विषयमा स्पष्ट मार्गदर्शन गर्दछ । यसका लागि प्राथमिकताका कार्यक्रम र क्रियाकलापको प्रस्तुती, कार्यक्रम र बजेट व्यवस्था, कानुनी तथा संस्थागत व्यवस्था, कार्यसम्पादन व्यवस्थापन पद्धति, कार्यान्वयन तथा नतिजाप्रतिको जवाफदेही एवं पारदर्शिता तथा प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीको अपरिहार्यता रहन्छ ।

(ख) नीतिको उद्देश्य परिपूर्तिका लागि नीतिगत व्यवस्था, रणनीति तथा कार्यनीतिमा उल्लिखित विषयको कार्यान्वयनलाई प्राथमिकता निर्धारण गरी तगा योजनावद्ध र व्यवस्थित तवरले उपलब्धी र

नतिजाप्रतिको जवाफदेहीपन स्पष्ट हुने गरी प्रमुख सरोकारवाला तथा विज्ञ व्यक्तिसमेतको सहभागितामा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रिय जनसङ्ख्या परिषदको मार्गनिर्देशनलाई आधार मानी कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ ।

(ग) यस नीतिसंग तादात्म्यता र सामन्जस्य कायम हुने गरी यो नीतिको कार्यान्वयन बहुतहगत आधारमा गर्नका लागि नीति स्वीकृत भएको ६ महिनाभित्र प्रदेश तथा स्थानीय तहले आआफ्नो नीति कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नेछन् ।

(घ) नीतिको समयवद्ध कार्यान्वयनका लागि कार्यान्वयन कार्ययोजनामा प्राथमिकताका कार्यक्रम तथा क्रियाकलाप, जिम्मेवार निकाय तथा सहयोगी निकाय, कार्यान्वयन शुरु गर्ने कार्यसम्पन्न गर्ने समयावधि, अनुगमनको तरिका तथा अनुगमनका उपलब्धि तथा नतिजाका सूचक सहितको कार्यतालिकाको उपयोग गरिनेछ । नीति कार्यान्वयन कार्ययोजनाको समयवद्ध कार्यतालिका अनुसूची १ मा दिइएको छ ।

## ३.९ नीतिको प्रतिस्थापन र बचाउ

(क) यो नीति कार्यान्वयनमा आएपश्चात राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ प्रतिस्थापन हनेछ ।

(ख) यस नीतिको कार्यान्वयनका सन्दर्भमा कुनै द्विविधा वा बाधा अड्काउ परेमा त्यसको व्याख्या स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्नेछ ।

(ग) यस अघि राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ बमोजिम भए गरेका कामकारवाही यसै नीति बमोजिम भए गरेको मानिनेछ ।

*** *** ***

# अनुसूची १: नीति कार्यान्वयन कार्ययोजना

## (आर्थिक बर्ष २०८२।८३ देखि २०८६।८७ सम्म)

| क्र. सं. | कार्यनीति बमोजिमका कार्य र क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा (पांच बर्षको अवधि) | | | | | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | |
| **उद्देश्य १: नेपालको जनसङ्ख्यालाई बहुआयामिक गुणवत्ता (बौद्धिक, आर्थिक, पेशागत, नैतिक, शारीरिक तथा मानसिक) मा आधारित तुल्याई जनसांख्यिक लाभको प्राप्ती र उपयोग बढाउनु ।** | | | | | | | | | |
| **नीति १.१: "जनसांख्यिक लाभांशमा बढोत्तरीका दृष्टिले सीपयुक्त, उद्यमशील, सुसंस्कृत र उत्पादनशील जनशक्तिको प्रक्षेपण, विकास र उपयोग गरिनेछ ।"** | | | | | | | | | |
| **रणनीति १: जनशक्ति विकास तथा मानव पुँजी निर्माण एवं उपयोगको राष्ट्रिय रणनीतिक योजना निर्माण गर्ने ।** | | | | | | | | | |
| १ | सार्वजनिक तथा निजी क्षेत्रको विकासका लागि मानव पुँजीका रुपमा उत्पादनशील जनशक्तिको आवश्यकताको लेखाजोखा, विश्लेषण र नक्सांकन गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | उत्पादनशील जनशक्तिको आवश्यकताको लेखाजोखा, विश्लेषण र नक्सांकन भएको हुनेछ । |
| २ | राष्ट्रियस्तरको जनशक्ति विकास तथा मानव पुँजीको उपयोगको रणनीति निर्माणका लागि सामाजिक सम्वाद गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | मानव पुँजीको उपयोगको रणनीति निर्माणका लागि सामाजिक सम्वाद भएको हुनेछ । |
| ३ | जनशक्ति विकास तथा मानव पुँजी निर्माण र उपयोगको राष्ट्रिय रणनीति स्वीकृत गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | जनशक्ति विकास तथा मानव पुँजी निर्माण र उपयोगको राष्ट्रिय रणनीति स्वीकृत भइ कार्यान्वयनमा आएको हुनेछ । |
| ४ | सहभागितामूलक तवरले निर्माण गरिएको राष्ट्रियस्तरको जनशक्ति विकास तथा मानव पुँजीको उपयोगको रणनीति कार्यान्वयन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | जनशक्ति विकास तथा मानव पुँजी निर्माण र उपयोगको राष्ट्रिय रणनीति स्वीकृत भइ कार्यान्वयनमा आएको हुनेछ । |
| **रणनीति २: शिक्षा प्रणालीलाई उद्यमशीलता, रोजगामूलक सीप तथा उत्पादनको कार्यमा आधारित हुने गरी सुधार गर्ने ।** | | | | | | | | | |
| ५ | विद्यमान शिक्षा प्रणालीलाई उद्यमशीलता, रोजगारी तथा उत्पादनका दृष्टिले लेखाजोखा तथा विश्लेषण गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | | शिक्षा प्रणालीलाई उद्यमशीलता, रोजगारी तथा उत्पादनका दृष्टिले लेखाजोखा तथा विश्लेषण भएको हुनेछ । |
| ६ | उद्यमशीलता, रोजगामूलक सीप तथा उत्पादनको कार्यमा आधारित हुने गरी शिक्षा प्रणालीलाई सुधार गर्न प्राथमिकताका उपायहरुको पहिचान गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | | शिक्षा प्रणालीलाई उद्यमशीलता, रोजगामूलक सीप तथा उत्पादनको सुधार गर्न उपायको पहिचान भएको हुनेछ । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सबै किसिमका शैक्षिक कार्यक्रमहरुलाई उद्यमशीलता र रोजगारी उन्मुख हुनेगरी परिमार्जन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | | शैक्षिक कार्यक्रमहरु उद्यमशीलता र रोजगारी उन्मुख हुनेगरी परिमार्जन गरिएको हुनेछ । |
| ८ | नेपाली श्रमिकको श्रम उत्पादकत्व वृद्धि गर्न पेशागत सीप विकास गर्ने र नवीन उत्पादन प्रविधिमा आधारित क्षमता अभिवृद्धि गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | | नेपाली श्रमिकको श्रम उत्पादकत्व वृद्धिका लागि क्षमता अभिवृद्धि भएको हुनेछ । |
| ९ | विद्यालय शिक्षालाई उद्यमशीलता र उत्पादन सापेक्ष तुल्याउन शिक्षण विधि र शैक्षिक पूर्वाधारमा सुधार गर्न विद्यालयहरुलाई सहयोग उपलब्ध गराउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | | विद्यालय शिक्षालाई उद्यमशीलता र उत्पादन सापेक्ष तुल्याउन शिक्षण विधि र शैक्षिक पूर्वाधारमा सुधार भएको हुनेछ । |
| **रणनीति ३. सबै युवाको रोजगारमूलक सीप दक्षता अभिवृद्धिमा आधारित उद्यमशील क्षमता विकास गर्ने र उपयोग गर्ने ।** | | | | | | | | | |
| १० | सबै स्थानीय तहमा युवा उद्यमशीलता प्रवर्द्धन एवम् रोजगार तथा व्यवसाय विकास प्रशिक्षण प्रदान गर्ने । | स्थानीय तह | प्रदेश सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | | | | | स्थानीय तहमा युवा उद्यमशीलता प्रवर्द्धन एवम् रोजगार तथा व्यवसाय विकास प्रशिक्षण प्रदान भएको हुनेछ । |
| ११ | युवावर्गलाई लक्षित गरी स्टार्टअप तथा व्यवसाय सम्वर्द्धन कार्यक्रम विस्तारित रुपमा सञ्चालन गर्ने । | प्रदेश तथा स्थानीय सरकार | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | | युवा लक्षित स्टार्टअप तथा व्यवसाय सम्वर्द्धन कार्यक्रम विस्तारित रुपमा सञ्चालन भएको हुनेछ । |
| १२ | उत्पादनशील रोजगारी सृजना गर्न निजी व्यावसायिक क्षेत्रसंगको सहकार्यमा वित्तीय सेवा, सीप अभिवृद्धि तथा व्यवसाय विकास सहयोगका लागि लगानी बढाउने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | उत्पादनशील रोजगारी सृजना गर्न वित्तीय सेवा, सीप अभिवृद्धि तथा व्यवसाय विकास सहयोगका लागि लगानी वृद्धि हुनेछ । |
| १३ | आधुनिक उत्पादन प्रविधि तथा व्यवसायको विकासमा मेधावी युवालाई आकर्षित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | आधुनिक उत्पादन प्रविधि तथा व्यवसायको विकासमा मेधावी युवालाई आकर्षित गर्न प्रोत्साहन हुनेछ । |
| १४ | पर्यटन, आधुनिक खेति प्रणाली, पूर्वाधार विकास, वन पैदावार प्रशोधन जस्ता सम्भाव्य आर्थिक क्षेत्रमा लगानी वृद्धि गरी रोजगारी र स्वरोजगारका अवसर विस्तार गर्ने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | सम्भाव्य आर्थिक क्षेत्रमा लगानी वृद्धि गरी रोजगारी र स्वरोजगारका अवसर विस्तार भएको हुनेछ । |
| १५ | जनसांख्यिक लाभांश प्राप्त गर्न आर्थिक रुपले सक्रिय सबै जनशक्तिका लागि आयमूलक रोजगारीको अवसर सृजना गरिनेछ र खासगरी युवा समुदायलाई आआफ्नो सीप र दक्षताको उपयोग गरी उत्पादनशील रोजगारीमा संलग्न हुन प्रेरित गर्ने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | आयमूलक रोजगारीको अवसर सृजना युवा समुदाय आआफ्नो सीप र दक्षताको उपयोग गरी उत्पादनशील रोजगारीमा संलग्न हुन प्रेरित भएको हुनेछ । |
| १६ | विद्यालयस्तर देखिनै कार्यसंस्कृतिको विकास गर्न “पढ्दै कमाउंदै र कमाउंदै पढ्दै” अवधारणालाई लागू गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | “पढ्दै कमाउंदै र कमाउंदै पढ्दै” अवधारणा विद्यालय देखि नै लागू हुनेछ । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | जनसांख्यिक दृष्टिले वृहत्तर आर्थिक संलग्नता तथा उद्यमशील संस्कृतिको विकास गर्दै स्वदेशमै रोजगारीका अवसर सृजना गर्ने । | प्रदेश तथा स्थानीय सरकार | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | | वृहत्तर आर्थिक संलग्नता तथा उद्यमशील संस्कृतिको विकास गर्दै स्वदेशमै रोजगारीका अवसर सृजना हुनेछ । |
| १८ | उत्पादनशील सहकारी मार्फत युवावर्गका लागि स्वरोजगारी सृजना गर्न प्रेरित गर्ने व्यवसाय र उद्यमलाई बीउ पूंजी तथा पूंजीगत अनुदान एवम् प्राविधिक सहयोग उपलब्ध गराउने । | प्रदेश तथा स्थानीय सरकार | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | | उत्पादनशील सहकारी मार्फत युवावर्गका लागि स्वरोजगारी सृजना गर्न सहयोग प्राप्त भएको हुनेछ । |
| १९ | राष्ट्रनिर्माणप्रति प्रतिवद्ध र सुसंस्कृत युवा जनशक्ति तयार गर्न तथा सदाचारिता प्रवर्द्धन गर्न नैतिक तथा योग शिक्षाको विस्तार गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | राष्ट्रनिर्माणप्रति प्रतिवद्ध र सुसंस्कृत युवाका लागि नैतिक तथा योग शिक्षाको विस्तार भएको हुनेछ । |
| **रणनीति ४. नेपालमा जनसांख्यिक लाभको प्राप्ती तथा उच्चतम उपयोगका लागि तथ्यगत प्रमाणका आधारमा प्रभावकारी उपाय अवलम्वन गर्ने ।** | | | | | | | | | |
| २० | जनसांख्यिक लाभको उच्चतम् प्राप्तीका लागि मानव पुजी विकास तथा उपयोगका उपाय पहिचान गर्न विभिन्न विषयमा अनुसन्धान गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | मानव पुजी विकास तथा उपयोगका विषयमा अनुसन्धान भएको हुनेछ । |
| २१ | आर्थिक रुपले क्रियाशील जनसङ्ख्याको ज्ञान, सीप र दक्षताको विस्तृत र विशिष्ठीकृत तथ्याङ्क तयार गर्ने । | राष्ट्रिय योजना आयोग | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | | | | | आर्थिक रुपले क्रियाशील जनसङ्ख्याको ज्ञान, सीप र दक्षताको विस्तृत र विशिष्ठीकृत तथ्याङ्क प्राप्त हुनेछ । |
| २२ | जनसांख्यिक लाभको उच्चतम् प्राप्ती तथा उपयोग गर्ने गरी मानव पुंजी विकासमा प्राथमिकता सहित पर्याप्त लगानीका उपाय अवलम्वन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अर्थ मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | मानव पुंजी विकासमा प्राथमिकता सहित पर्याप्त लगानी भएको हुनेछ । |
| २३ | आर्थिक विकासका योजना तथा कार्यक्रममा मानव पुजीको उपयोग र आर्थिक समृद्धिबीच सामन्जस्य कायम गर्ने । | राष्ट्रिय योजना आयोग | अर्थ मन्त्रालय | | | | | | मानव पुजीको उपयोग र आर्थिक समृद्धिबीच सामन्जस्य कायम भएको हुनेछ । |
| २४ | जनसांख्यिक लाभको प्राप्ती तथा उपयोगमा बढोत्तरी हुने गरी मानव पुंजी विकासका लागि प्रदेश तथा स्थानीय तहको लगानीका लागि प्राथमिकता सहितको सुनिश्चित पद्धति अवलम्वन गर्न प्रेरित गर्ने । | प्रदेश तथा स्थानीय सरकार | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अर्थ मन्त्रालय | | | | | | मानव पुंजी विकासका लागि प्रदेश तथा स्थानीय तहको लगानीका लागि सहज र सकारात्मक वातावरण निर्माण भएको हुनेछ । |
| २५ | जनसांख्यिक लाभका दृष्टिले द्वितीय स्रोतका रुपमा उत्पादनशील र उपयोगी बृद्धावस्थाका लागि सीप, अनुभव र पेशागत दक्षताको उपयोग गर्ने गरी विभिन्न उपाय अवलम्वन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | उत्पादनशील र उपयोगी बृद्धावस्थाका लागि सीप, अनुभव र पेशागत दक्षताको उपयोग भएको हुनेछ । |
| २६ | जनसांख्यिक लाभका रुपमा उपयोग गर्ने गरी उत्पादनशील र उपयोगी अपांगता प्रत्याभूत गर्न अपांगता भएका व्यक्तिको सीप, पेशागत | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | उत्पादनशील र उपयोगी अपांगता प्रत्याभूत गर्न अपांगता भएका व्यक्तिको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दक्षताको विकास गर्ने । | | | | | | | | सीप, पेशागत दक्षताको विकास भएको हुनेछ । |
| २७ | सक्रिय र उत्पादनशील संलग्नता सहितको गुणवत्तायुक्त जीवनका लागि ५९ बर्ष नाघेका सबैलाई व्यावसायिक प्रशिक्षण प्रदान गर्ने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय प्रदेश तथा स्थानीय सरकार | | | | | | गुणवत्तायुक्त जीवनका लागि ५९ बर्ष नाघेका सबैले व्यावसायिक प्रशिक्षण प्राप्त गरेका हुनेछन् । |
| **रणनीति ५. स्वस्थ र क्रियाशील जनसङ्ख्याका लागि आधारभूत स्वास्थ्य सेवा प्रणाली सुदृढ गर्ने ।** | | | | | | | | | |
| २८ | सबै स्वास्थ्य सेवा प्रदायक संस्थालाई गुणस्तरीय रुपमा आधारभूत तथा विशेष स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने गरी संस्थागत, जनशक्ति एवम् प्रविधिगत क्षमता सुदृढीकरण गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | सबै स्वास्थ्य संस्थाको संस्थागत, जनशक्ति एवम् प्रविधिगत क्षमता सुदृढीकरण हुनेछ । |
| २९ | सबै स्वास्थ्य संस्थालाई तोकिएको मापदण्डका आधारमा सेवा प्रदान गर्न सक्षम तुल्याउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | सबै स्वास्थ्य संस्था मापदण्डका आधारमा सेवा प्रदान गर्न सक्षम भएका हुनेछन् । |
| ३० | युवावर्गको मानसिक स्वास्थ्य सम्बन्धी सबै प्रकारका समस्याको समाधान गर्ने गरी उपाय अवलम्वन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | युवावर्गको मानसिक स्वास्थ्य सम्बन्धी सबै प्रकारका समस्याको समाधान गर्ने गरी उपाय अवलम्वन गरिनेछन् । |
| ३१ | स्वस्थ नागरिकको अवधारणालाई सबै क्षेत्रगत र विषयगत नीतिमा समावेश गरी कार्यान्वयन गर्न जोड दिने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय राष्ट्रिय योजना आयोग | प्रदेश तथा स्थानीय सरकार | | | | | | स्वस्थ नागरिकको अवधारणा सबै क्षेत्रगत र विषयगत नीतिमा समावेश भएको हुनेछ । |
| ३२ | आधुनिक, आयुर्वेदिक तथा वैकल्पिक स्वास्थ्य प्रणालीबीच सामन्जस्य कायम गरी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवामा सबै नागरिकको पहुंच बढाउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | स्वास्थ्य उपचार सेवामा सबै नागरिकको पहुंच हुनेछ । |
| ३३ | स्वास्थ्य बीमा योजनाको विस्तार र पहुंच वृद्धि गरिनेछ र कानुनी रुपमा नै प्रत्याभूत गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | स्वास्थ्य बीमा योजनाको विस्तार र पहुंचका लागि कानुनी व्यवस्था भएको हुनेछ । |
| ३४ | सबै किसिमका स्वास्थ्य सेवा सम्बन्धी प्रत्यक्ष आर्थिक सहायता कार्यक्रमलाई वित्तीय दिगोपनाका दृष्टिले सामाजिक बीमा कार्यक्रममा रुपान्तर गर्ने विधि लागू गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | स्वास्थ्य बीमा कार्यक्रमको दायरा फराकिलो भएको हुनेछ । |
| ३५ | जनस्वास्थ्यमा नकारात्मक असर पर्ने वस्तुको पैठारी, उत्पादन, विक्रीवितरण तथा उपभोगलाई सीमित गर्नेगरी नियमन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | जनस्वास्थ्यमा नकारात्मक असर पर्ने वस्तुको नियमन भएको हुनेछ । |
| **रणनीति ६. बालबालिका तथा गर्भवती महिलाका लागि बहुपोषण सेवा विस्तार गर्ने ।** | | | | | | | | | |
| ३६ | आधारभूत मातृत्व सेवा, अत्यावश्यक नवजात शिशु स्याहारका साथै रोगी नवजात शिशुको | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | आधारभूत मातृत्व सेवा, अत्यावश्यक नवजात शिशु |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य व्यवस्थापन गर्न स्वास्थ्य सेवा प्रदायकको क्षमतामा थप सुधार गर्ने । | | | | | | | | स्याहारका विषयमा क्षमता सुदृढ भएको हुनेछ । |
| ३७ | नवजात शिशु मृत्यदर घटाउन स्वास्थ्य सेवा क्षमता अभिवृद्धि गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | नवजात शिशु मृत्यदर घटाउन स्वास्थ्य सेवा क्षमता अभिवृद्धि भएको हुनेछ । |
| ३८ | महिला तथा बालबालिकाका लागि गुणस्तरीय स्वास्थ्य सेवा तथा बहुपोषण सेवाको विस्तार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | महिला तथा बालबालिकाका लागि गुणस्तरीय स्वास्थ्य सेवा तथा बहुपोषण सेवाको विस्तार भएको हुनेछ । |
| ३९ | Early childhood development मा आधारित शैक्षिक विकासमा जोड दिई कार्यक्रम विस्तारका लागि लगानी बढाउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | बाल विकास कार्यक्रमका लागि लगानी बढ्नेछ । |
| ४० | नवजात शिशु तथा बालबालिकामा लाग्न सक्ने सम्भाव्य रोग तथा शारीरिक तथा मानसिक अपांगताको पूर्व पहिचान गरी समाधान गर्ने प्रणालीमा सुधार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | नवजात शिशु तथा बालबालिकाको शारीरिक तथा मानसिक अपांगताको पूर्व पहिचान गरी समाधान गर्ने प्रणालीमा सुधार भएको हुनेछ । |
| ४१ | सबै स्वास्थ्य संस्थामा सीपयुक्त दक्ष प्रसूतिकर्मीको सेवा विस्तार गर्ने गरी सीपयुक्त स्वास्थ्य जनशक्तिको व्यवस्था गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | दक्ष प्रसूतिकर्मीको सेवा विस्तार भएको हुनेछ । |
| ४२ | अतिगरिब, सीमान्तीकृत, विभेदमा परेका महिलाको प्रजनन् स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी अधिकारको संरक्षण गर्न बहुपोषण कार्यक्रम विस्तार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | अतिगरिब, सीमान्तीकृत, विभेदमा परेका महिलाको प्रजनन् स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी अधिकारको संरक्षण गर्न बहुपोषण कार्यक्रम विस्तार भएको हुनेछ । |
| ४३ | सामाजिक सेवा एकाइबाट विपन्न समुदायका महिला तथा बालबालिकालाई निःशुल्क सेवा विस्तारित रुपमा प्रदान गर्ने गरी संस्थागत तथा वित्तीय क्षमता सुदृढ गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | विपन्न वर्गका लागि महिला तथा बालबालिकालाई सामाजिक सेवा एकाइको संस्थागत तथा वित्तीय क्षमता सुदृढ र विस्तारित भएको हुनेछ । |
| **रणनीति ७. श्रम आप्रवासनलाई पूर्णरुपमा रोजगारमूलक सीप र दक्षतामा आधारित बनाउने ।** | | | | | | | | | |
| ४४ | सबै स्थानीय तहमा श्रम आप्रवासनका लागि आवश्यक पर्ने आधारभूत रोजगारमूलक सीप प्रदान गर्ने गरी क्षमता विस्तार गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्थानीय सरकार | | | | | | स्थानीय तहमा श्रम आप्रवासनका लागि आवश्यक पर्ने आधारभूत रोजगारमूलक सीप प्रदान गर्ने गरी क्षमता विस्तार भएको हुनेछ । |
| ४५ | वैदेशिक रोजगारीमा जानका लागि अनिवार्य रुपमा रोजगारमूलक सीप हासिल गर्नु पर्ने कानुनी व्यवस्था गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | | | | | | वैदेशिक रोजगारीमा जानका लागि अनिवार्य रुपमा रोजगारमूलक सीप हासिल गर्नु पर्ने कानुनी व्यवस्था हुनेछ । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | पेशागत संलग्नतालाई रोजगारमूलक सीपका रुपमा प्रमाणीकरण गर्ने र वैदेशिक रोजगारीका लागि मान्यता दिने पद्धति अवलम्बन गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | | | | | पेशागत संलग्नतालाई रोजगारमूलक सीपका रुपमा प्रमाणीकरण गर्ने र वैदेशिक रोजगारीका लागि मान्यता दिने पद्धति लागू भएको हुनेछ । |
| ४७ | विश्व श्रम बजारको माग र आवश्यकता बमोजिम रोजगारीमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्न नेपालका आप्रवासी श्रमिकलाई नवीनतम प्रविधि तथा कृत्रिम बुद्धिमत्ता (artificial intelligence) को क्षेत्रमा सीप र दक्षता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकता दिई व्यापक र विस्तारित तुल्याउने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | | | | | श्रम बजारको माग र आवश्यकता अनुसारको नवीनतम प्रविधिमा आधारित पेशागत सीप र दक्षता अभिवृद्धिका कार्यक्रम विस्तार भएको हुनेछ । |
| ४८ | कानुनी प्रक्रिया पूरा नगरी अनौपचारिक माध्यमबाट आप्रवासी श्रमिकका रुपमा वैदेशिक रोजगारीमा जाने प्रवृत्तिलाई निरुत्साहित गर्न यस्ता युवालाई औपचारिक रुपमा कानुनी प्रक्रिया पुऱ्याई जानका लागि प्रोत्साहन दिने र सो का लागि आवश्यक पर्ने सेवा प्रवाह प्रणालीलाई सहज तुल्याउने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | औपचारिक रुपमा कानुनी प्रक्रिया पुऱ्याई जानकासेवा प्रवाह प्रणालीलाई सहज हुनेछ र कानुनी प्रक्रिया पूरा नगरी अनौपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा जाने क्रम घटेको हुनेछ । |
| ४९ | अनौपचारिक माध्यमबाट कानुनी प्रक्रिया पूरा नगरी वैदेशिक रोजगारीमा जाने आप्रवासी श्रमिकको दर्ता र स्वीकृतिको प्रक्रियालाई कार्यान्वयनमा ल्याई उनीहरुको अधिकार संरक्षण गर्न तथा रोजगारीलाई मर्यादित तथा सुरक्षित तुल्याउन नेपाली नियोग तथा श्रम सहचारीले संयन्त्र निर्माण गरी ट्राकिङ्ग गर्ने प्रणाली कार्यान्वयनमा ल्याउने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | परराष्ट्र मन्त्रालय | | | | | | अनौपचारिक माध्यमबाट कानुनी प्रक्रिया पूरा नगरी वैदेशिक रोजगारीमा जाने आप्रवासी श्रमिकको अधिकारको संरक्षण हुनुका साथै रोजगारीलाई मर्यादित तथा सुरक्षित तुल्याउन संयन्त्र निर्माण भएको हुनेछ । |
| **रणनीति ८. श्रम आप्रवासन सम्बन्धी एकीकृत तथ्याङ्क तथा सूचना प्रणाली सुदृढ तुल्याउने ।** | | | | | | | | | |
| ५० | आप्रवासी श्रमिकका जनसांख्यिक दृष्टिले लैङ्गिक खण्डीकृत तथा एकीकृत तथ्याङ्क प्रणाली सुदृढ गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | | | | | जनसांख्यिक दृष्टिले लैङ्गिक खण्डीकृत तथा एकीकृत तथ्याङ्क प्रणाली उपयोगमा आएको हुनेछ । |
| ५१ | श्रम आप्रवासन सम्बन्धी सूचना तथा तथ्याङ्कको एकीकृत रुपमा व्यवस्थापन गर्न सक्ने गरी परिमार्जन गर्ने र विभिन्न निकाय (संघका सम्बद्ध निकाय, प्रदेश सरकार र स्थानीय तहका निकाय) बीच सूचना सन्जालको विकास गरी उपयोग गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | श्रम आप्रवासन सम्बन्धी सूचना तथा तथ्याङ्कको एकीकृत रुपमा व्यवस्थापन तथा सूचना सन्जालको विकास गरी उपयोग भएको हुनेछ । |
| ५२ | औपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा जान लागेका तथा जाने र कार्यस्थापन हुने सबै आप्रवासी कामदारको स्थितिको जानकारी लिने र अनुगमन गर्ने प्रणाली (Dedicated Tracking | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्थानीय सरकार | | | | | | आप्रवासी कामदारको स्थितिको जानकारी लिने र अनुगमन गर्ने प्रणाली (Dedicated Tracking |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | System) को विकास गरी उपयोगमा ल्याउने । | | | | | | | | System) को विकास गरी उपयोगमा आएको हुनेछ । |
| ५३ | सबै स्थानीय तहमा सुरक्षित श्रम आप्रवासनका लागि अभिमुखीकरण र सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्थानीय सरकार | | | | | | स्थानीय तहमा सुरक्षित श्रम आप्रवासन का लागि अभिमुखीकरण र सशक्तीकरण कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| **रणनीति ९. श्रम आप्रवासनलाई मर्यादित र सुरक्षित तुल्याउने ।** | | | | | | | | | |
| ५४ | श्रम आप्रवासनलाई सुरक्षित तुल्याउन ग्लोबल कम्प्याक्ट फर माइग्रेसनले निर्दिष्ट गरेका सुरक्षित तथा मर्यादित श्रम आप्रवासनका आधारभूत पक्षलाई कार्यान्वयन गर्न कानुनी तथा संस्थागत सुधार गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | | | | | | मर्यादित श्रम आप्रवासनका आधारभूत पक्षलाई कार्यान्वयन गर्न कानुनी तथा संस्थागत सुधार भएको हुनेछ । |
| ५५ | वैदेशिक रोजगारीका सबै प्रकारका जोखिमको पहिचान गर्ने र समाधान गर्न सक्ने दक्षता अभिवृद्धि गर्ने गरी रोजगारी र प्रस्थान पूर्व नै क्षमता विकास गर्ने गरी कार्यक्रम विस्तार गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्थानीय सरकार | | | | | | रोजगारी र प्रस्थान पूर्व नै जोखिम व्यवस्थापन क्षमता विकास भएको हुनेछ । |
| ५६ | आप्रवासी महिला कामदारलाई लक्षित गरी मर्यादित श्रम आप्रवासनका विषयमा सशक्तीकरण कार्यक्रम सबै स्थानीय तहमा आवश्यकताका आधारमा सञ्चालन गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्थानीय सरकार | | | | | | मर्यादित श्रम आप्रवासनका विषयमा सशक्तीकरण कार्यक्रम सबै स्थानीय तहमा सञ्चालन भएको हुनेछ । |
| ५७ | आप्रवासी श्रमिकको मतदानको अधिकार प्रत्याभूत गर्ने । | निर्वाचन आयोग | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | | | | | | आप्रवासी श्रमिकलाई मतदानको अधिकार प्राप्त भएको हुनेछ । |
| ५८ | श्रम आप्रवासनबाट अधिकतम लाभ लिनका लागि नेपाली दूतावास तथा श्रम सहचारीको सेवाप्रवाह क्षमता सुदृढ तुल्याउने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | परराष्ट्र मन्त्रालय | | | | | | दूतावास तथा श्रम सहचारीको सेवाप्रवाह क्षमता सुदृढ भएको हुनेछ । |
| **रणनीति १०. वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई मानव पुंजीका रुपमा ग्रहण गरी उनीहरुले हासिल गरेको सीप, प्रविधि तथा व्यावसायिक दक्षताको उपयोग गर्ने ।** | | | | | | | | | |
| ५९ | वैदेशिक रोजगारीबाट फर्केका श्रमिकले हासिल गरेका सीप र दक्षता तथा पेशागत अनुभवको एकीकृत तथ्याङ्क तयार गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्थानीय सरकार | | | | | | वैदेशिक रोजगारीबाट फर्केका श्रमिकले हासिल गरेका सीप र दक्षता तथा पेशागत अनुभवको एकीकृत तथ्याङ्क तयार भएको हुनेछ । |
| ६० | वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई मानव पुँजीका ग्रहण गरी हासिल गरेको सीप, प्रविधि तथा व्यावसायिक दक्षताको उपयोग गरी स्वदेशमा नै उद्यम गर्न र स्वरोजगारीमा संलग्न हुन उनीहरुलाई आवश्यक पर्ने वित्तीय प्रोत्साहन, सीप अभिवृद्धि तथा व्यवसाय विकास क्षमता विकास गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | अर्थ मन्त्रालय | | | | | | वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई आवश्यक पर्ने वित्तीय प्रोत्साहन, सीप अभिवृद्धि तथा व्यवसाय विकास क्षमता विकास भएको हुनेछ । |
| ६१ | वैदेशिक रोजगारीबाट फर्केका श्रमिकलाई लक्षित | श्रम, रोजगार तथा | उद्योग, बाणिज्य | | | | | | वैदेशिक रोजगारीबाट फर्केका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गरी सबै स्थानीय तहमा स्टार्टअप उद्यम तथा व्यवसाय सम्वर्द्धन सेवाको विस्तार गर्ने । | सामाजिक सुरक्षा मन्त्रालय | तथा आपूर्ति मन्त्रालय | | | | | | श्रमिकका लागि स्थानीय तहमा स्टार्टअप उद्यम तथा व्यवसाय सम्वर्द्धन सेवा उपलब्ध हुनेछ । |
| ६२ | वैदेशिक रोजगारीबाट फर्की आफ्नो पेशागत ज्ञान तथा अनुभव, सीप र दक्षता तथा प्रविधिको उपयोग गरी सफलतापूर्वक उद्यम व्यवसाय सञ्चालन गर्ने र रोजगारी सृजना गर्ने आप्रवासी श्रमिकलाई उचित प्रोत्साहन सहित सम्मान गर्ने परिपाटीको थालनी गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | | वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी श्रमिकलाई उद्यम व्यवसाय सञ्चालनका आधारमा उचित प्रोत्साहन सहित सम्मान गर्ने परिपाटीको थालनी भएको हुनेछ । |

**उद्देश्य २. जनसङ्ख्याप्रति सम्वेदनशील तथा उत्तरदायी विकासको प्रणाली सुदृढ गरी जनसङ्ख्या र विकासबीचको तादात्म्यता कायम गर्नु ।**

**रणनीति ११. शासन र विकासका सबै क्षेत्र तथा विषयमा जनसङ्ख्याको विषय मूलप्रवाहीकरण गर्ने ।**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६३ | जनसङ्ख्याको विषयलाई उच्च प्राथमिकता दिई आवधिक योजना, समष्टीगत आर्थिक नीति तथा वित्त नीतिमा मूलप्रवाहीकरण गर्ने पद्धतिमा सुधार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय योजना आयोग | | | | | | आवधिक योजना, समष्टीगत आर्थिक नीति तथा वित्त नीतिमा जनसङ्ख्याको विषय मूलप्रवाहीकरण भएको हुनेछ । |
| ६४ | आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा क्षेत्रगत नीति तथा रणनीतिमा लगानीको कार्यढांचा सहित जनसङ्ख्या र विकासको विषयलाई समावेश गर्ने परिपाटी अवलम्वन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय योजना आयोग | | | | | | जनसङ्ख्या र विकासको विषय आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा क्षेत्रगत नीति तथा रणनीतिमा लगानीको कार्यढांचा सहित समावेश भएको हुनेछ । |
| ६५ | जनसङ्ख्या र विकासका विषयमा सामन्जस्य कायम गर्ने गरी सूचना, शिक्षा र सन्चारको कार्यनीति कार्यान्वयन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | | | | | | जनसङ्ख्या र विकासका विषयमा सूचना, शिक्षा र सन्चारको कार्यनीति कार्यान्वयनमा आएको हुनेछ । |
| ६६ | जनसङ्ख्या र विकासबीचको अन्तर्सम्बन्धित विषयलाई सबै प्रकारका प्राज्ञिक विषय तथा प्रशिक्षणमा समावेश गरिनेछ र सूचना, शिक्षा तथा सन्चारको माध्यमबाट आमसन्चारका माध्यम मार्फत व्यापक रुपमा सचेतना अभिवृद्धि र पैरबी गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | | | | | | जनसङ्ख्या र विकासको विषय प्राज्ञिक विषय तथा प्रशिक्षणमा समावेश भएको हुनेछ र सचेतना अभिवृद्धि हुनेछ । |

**रणनीति १२: मुलुकको आर्थिक तथा सामाजिक नीतिलाई जनसङ्ख्याको आवश्यकता सापेक्ष तुल्याउने ।**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६७ | आर्थिक विकासका सबै क्रियाकलापलाई समुन्नत र सुखी जनसङ्ख्याको विषयसंग आवद्ध गर्ने । | अर्थ मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | आर्थिक विकासका सबै क्रियाकलापमा समुन्नत र सुखी जनसङ्ख्याको विषय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | आवद्ध भएको हुनेछ । |
| ६८ | आर्थिक नीतिमा जनसांख्यिक लाभको प्राप्ती तथा उपयोगमा बढोत्तरी हुने गरी उपाय अवलम्वन गर्ने । | अर्थ मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | आर्थिक नीतिमा जनसांख्यिक लाभको प्राप्ती तथा उपयोगमा बढोत्तरी हुने गरी उपाय अवलम्वन गरिएको हुनेछ । |
| ६९ | जनसङ्ख्या केन्द्रित तथा सम्वेदनशील विकासका विषयमा व्यापक रुपमा सचेतना अभिवृद्धि गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द प्रदेश तथा स्थानीय सरकार | | | | | | जनसङ्ख्या केन्द्रित तथा सम्वेदनशील विकासका विषयमा व्यापक रुपमा सचेतना अभिवृद्धि भएको हुनेछ । |
| ७० | जनसङ्ख्या, विकास र वातावरणबीच सामन्जस्ययुक्त अन्तर्सम्बन्ध सुदृढ तुल्याउन युवा समुदायको क्षमता विकास र परिचालन गर्ने गरी व्यापक रुपमा कार्यक्रम सञ्चालन गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | प्रदेश तथा स्थानीय सरकार | | | | | | जनसङ्ख्या, विकास र वातावरणका विषयमा युवा समुदायको क्षमता विकास भएको हुनेछ । |
| ७१ | दिगो विकास र वातावरण संरक्षणमा जनसङ्ख्याको महत्व र अपरिहार्यताका सम्बन्धमा व्यापक रुपमा जनचेतना अभिवृद्धि गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | प्रदेश तथा स्थानीय सरकार | | | | | | दिगो विकास र वातावरण संरक्षणमा जनसङ्ख्याको महत्व र अपरिहार्यताका सम्बन्धमा व्यापक रुपमा जनचेतना अभिवृद्धि हुनेछ । |
| **रणनीति १३. विकासका संरचना तथा पूर्वाधारको निर्माण एवं उपयोगलाई जनसङ्ख्यामा आधारित तुल्याउने ।** | | | | | | | | | |
| ७२ | भौगोलिक क्षेत्रगत आधारमा गरिने विकासको वर्तमान ढांचालाई जनसांख्यिक आधारको विकासको ढांचामा रुपान्तरण गर्ने । | राष्ट्रिय योजना आयोग | प्रदेश तथा स्थानीय सरकार | | | | | | जनसांख्यिक आधारको विकासको ढांचा रुपान्तरण भएको हुनेछ । |
| ७३ | विकासका पूर्वाधारको निर्माण तथा विस्तारको कार्यलाई जनसङ्ख्याको दृष्टिले लेखाजोखा र विश्लेषण गर्ने परिपाटी अवलम्वन गर्ने र जनसांख्यिक उपयोगिताको पक्षलाई आत्मसात गर्ने । | भौतिक योजना तथा यातायात मन्त्रालय | शहरी विकास मन्त्रालय प्रदेश तथा स्थानीय सरकार | | | | | | विकासका पूर्वाधारको निर्माण तथा विस्तारको कार्यलाई जनसङ्ख्याको दृष्टिले लेखाजोखा र विश्लेषण गर्ने परिपाटी लागू भएको हुनेछ । |
| ७४ | विकासमा जनसांख्यिक सरोकारलाई सम्वोधन गर्न विकासका पूर्वाधार आयोजना तथा कार्यक्रमको सञ्चालन पूर्व नै जनसांख्यिक प्रभाव जनसङ्ख्या गर्ने गरी सरल र सहज परिपाटीको थालनी गर्ने । | भौतिक योजना तथा यातायात मन्त्रालय | शहरी विकास मन्त्रालय प्रदेश तथा स्थानीय सरकार | | | | | | विकासमा जनसांख्यिक प्रभाव जनसङ्ख्या गर्ने परिपाटी लागू भएको हुनेछ । |
| ७५ | विकासका पूर्वाधार निर्माण तथा विकास कार्यक्रम सञ्चालन पूर्व नै जनसांख्यिक प्रभाव मूल्याङ्कन गने व्यवस्थाका लागि कानुनका साथै कार्यविधिमा परिमार्जन गर्ने । | भौतिक योजना तथा यातायात मन्त्रालय | कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय प्रदेश तथा स्थानीय सरकार | | | | | | विकासमा जनसांख्यिक प्रभाव जनसङ्ख्या गर्ने व्यवस्थाका लागि कानुनी व्यवस्था भएको हुनेछ । |
| **रणनीति १४. आन्तरिक बसाइसराइ सम्बन्धी सूचना र तथ्याङ्क प्रणाली सुदृढ गर्ने र सम्वोधनका उपाय अवलम्वन गर्ने ।** | | | | | | | | | |
| ७६ | आन्तरिक बसाइसराइको कारण, प्रभाव र असरका वारेमा लेखाजोखा तथा विश्लेषण गरी दस्तावेज तयार गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | आन्तरिक बसाइसराइको कारण, प्रभाव र असरका वारेमा लेखाजोखा तथा विश्लेषण सहितको दस्तावेज |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | तयार हुनेछ । |
| ७७ | आन्तरिक आप्रवासन र विकासबीच सामन्जस्य र तादात्म्यता कायम गर्न छुट्‌टै नीतिगत व्यवस्था गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | गृह मन्त्रालय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | | | | | आन्तरिक आप्रवासन र विकासबीच सामन्जस्य र तादात्म्यता कायम गर्न छुट्‌टै नीतिगत व्यवस्था भएको हुनेछ । |
| ७८ | सबै स्थानीय तहमा जनसङ्ख्याको स्थिति र बसाइसराइका वारेमा तथ्याङ्क संकलन र सूचना व्यवस्थापन गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | स्थानीय सरकार | | | | | | जनसङ्ख्याको स्थिति र बसाइसराइका वारेमा तथ्याङ्क संकलन र सूचना व्यवस्थापन गर्न सक्ने गरी क्षमता अभिवृद्धि हुनेछ । |
| ७९ | आन्तरिक रुपमा हुने बसाइसराइ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीको स्थानीय तहमा नै विकास गरी प्रदेश तथा संघीय तहमा एकीकृत सूचना व्यवस्थापन प्रणाली क्रियाशील तुल्याउने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | प्रदेश तथा स्थानीय सरकार | | | | | | आन्तरिक रुपमा हुने बसाइसराइ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीको स्थानीय तहमा विकास भै उपयोग भएको हुनेछ । |
| ८० | आन्तरिक बसाइसराइको कारण, प्रभाव र असरका वारेमा स्थानीय तहमा समीक्षा र जनसङ्ख्या गर्ने तथा विकासको प्रणालीमा सम्वोधन गर्ने परिपाटी अवलम्वन गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | स्थानीय सरकार | | | | | | आन्तरिक बसाइसराइको कारण, प्रभाव र असरका वारेमा स्थानीय तहमा समीक्षा र जनसङ्ख्या गर्ने तथा विकासको प्रणालीमा सम्वोधन गर्ने परिपाटीको विकास भएको हुनेछ । |
| ८१ | श्रमशक्तिको विस्थापन र आप्रवासनलाई अनुमानयोग्य, व्यवस्थित र आर्थिक सामाजिक दृष्टिले अनुकूल तुल्याउने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | श्रमशक्तिको विस्थापन र आप्रवासनलाई अनुमानयोग्य, व्यवस्थित र आर्थिक सामाजिक दृष्टिले अनुकूल तुल्याउर्ने कार्य शुरु हुनेछ । |
| ८२ | जनसङ्ख्या तथा बसाइ सराइ सम्बन्धी एकीकृत व्यवस्थापनको प्याकेजको विकास गरी कार्यान्वयन गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | स्थानीय सरकार | | | | | | जनसङ्ख्या तथा बसाइ सराइ सम्बन्धी एकीकृत व्यवस्थापनको प्याकेज कार्यान्वयन भएको हुनेछ । |

**रणनीति १५. ग्रामीण क्षेत्रमा रोजगार सृजना हुने आर्थिक क्रियाकलाप वृद्धि गर्ने ।**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८३ | स्थानीयस्तरमा आर्थिक क्रियाकलापको सम्भाव्य क्षेत्रको लेखाजोखा तथा पहिचान गरी लगानीको वातावरण सहज तुल्याउने । | स्थानीय सरकार | प्रदेश सरकार | | | | | | स्थानीयस्तरमा आर्थिक क्रियाकलापका लागि लगानीको वातावरण सहज हुनेछ । |
| ८४ | स्थानीय कच्चा पदार्थ र स्रोतमा आधारित उद्योग व्यवसाय प्रवर्द्धन गरी स्थानीय युवाको संलग्नता बढाउन प्रोत्साहन र सहजीकरण गर्ने । | स्थानीय सरकार | प्रदेश सरकार | | | | | | स्थानीय कच्चा पदार्थ र स्रोतमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन हुनेछ । |
| ८५ | ग्रामीण क्षेत्रका युवा समुदायलाई लक्षित गरी आधुनिक तथा प्रविधिमा आधारित खेति प्रणाली तथा सामूहिक खेति प्रणाली एवं व्यावसायिक उद्यमका लागि वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने । | कृषि विकास मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | युवा समुदायलाई लक्षित गरी आधुनिक तथा प्रविधिमा आधारित खेति प्रणाली तथा सामूहिक खेति प्रणाली एवं व्यावसायिक उद्यमका लागि |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध हुनेछ । |
| ८६ | ग्रामीण क्षेत्रमा आर्थिक उपार्जनका दृष्टिले उपयोगी हुने विकासका पूर्वाधारमा लगानी बढाउँदै लैजाने । | स्थानीय सरकार | प्रदेश सरकार | | | | | | आर्थिक उपार्जनका दृष्टिले उपयोगी हुने विकासका पूर्वाधारमा लगानी बढेको हुनेछ । |
| ८७ | स्थानीयस्तरमा आर्थिक क्रियाकलाप तथा रोजगारीका अवसरमा वृद्धि गर्न निजी व्यावसायिक क्षेत्रसंगको सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने । | स्थानीय सरकार | प्रदेश सरकार | | | | | | स्थानीयस्तरमा आर्थिक क्रियाकलाप तथा रोजगारीका अवसरमा वृद्धि गर्नसहकार्य र साझेदारी प्रवर्द्धन हुनेछ । |
| ८८ | ग्रामीण क्षेत्रका युवा जनशक्तिको अव्यवस्थित तथा योजनाविनाको बसाइसराइलाई व्यवस्थापन गर्न स्थानीयस्तरमा उत्पादनशील रोजगारी सृजना गर्ने गरी लगानी वृद्धि गर्ने । | स्थानीय सरकार | प्रदेश सरकार | | | | | | स्थानीयस्तरमा उत्पादनशील रोजगारी सृजना गर्ने गरी लगानी वृद्धि हुनेछ । |
| ८९ | स्थानीयस्तरमा कृषि व्यावसायीकरण तथा बजारीकरण एवं पर्यटन प्रवर्द्धनमा युवालक्षित क्षमता विकास गरी संलग्नता बढाउँदै जाने । | स्थानीय सरकार | प्रदेश सरकार | | | | | | स्थानीयस्तरमा कृषि व्यावसायीकरण तथा बजारीकरण एवं पर्यटन प्रवर्द्धनमा युवालक्षित संलग्नता बढेको हुनेछ । |

**रणनीति १६. जनसङ्ख्या र वातावरणबीच सन्तुलित सम्बन्ध कायम हुने गरी संरक्षण क्षमता र उत्थानशीलता वृद्धि गर्ने ।**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९० | विपद्, महामारी तथा आपतकालीन स्थितिलाई समयमा नै प्रतिकार्य गर्न सक्षम प्रणालीको विकास गरिनेछ र यसबाट जनसांख्यिक विस्थापनको स्थितिमा पर्नसक्ने असरलाई न्यूनीकरण गर्ने । | गृह मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | विपद्, महामारी तथा आपतकालीन स्थितिबाट जनसांख्यिक विस्थापनको स्थितिमा पर्नसक्ने असरलाई न्यूनकरण हुनेछ । |
| ९१ | जनसङ्ख्या र वातावरणबीचको सम्बन्धमा आधारित रही जलवायु परिवर्तनको असर समेमतलाई ध्यानमा राखी संरक्षण र उत्थानशीलता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने । | वन तथा वातावरण मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | जनसङ्ख्या र वातावरणबीचको सम्बन्धमा आधारित रही जलवायु परिवर्तनका विषयमा उत्थानशीलता वृद्धि भएको हुनेछ । |
| ९२ | प्राकृतिक स्रोतहरुमाथि जनसङ्ख्याको दवावलाई कम गर्न जनसङ्ख्याको सापेक्षिक वितरण तथा बैकल्पिक स्रोतहरुको पहिचान गर्ने परिपाटीको थालनी गर्ने । | वन तथा वातावरण मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | जनसङ्ख्याको सापेक्षिक वितरण तथा प्राकृतिक बाहेकका बैकल्पिक स्रोतहरुको पहिचान गर्ने परिपाटीको थालनी भएको हुनेछ । |
| ९३ | जलवायु परिवर्तन र प्राकृतिक वातावरणमा आएको परिवर्तनलाई समानुकूलन गरी दिगो विकासमा योगदान पुऱ्याउन युवा समुदायलाई परिचालन गरिनेछ । | वन तथा वातावरण मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | जलवायु परिवर्तन र प्राकृतिक वातावरणमा आएको परिवर्तनलाई समानुकूलन गरी दिगो विकासमा योगदान पुऱ्याउन युवा समुदाय परिचालित भएको हुनेछ । |
| ९४ | एकीकृत वस्ती विकास तथा आर्थिक उपार्जनको अवसर उपलब्ध गराई आन्तरिक बसाइसराईलाई व्यवस्थित तुल्याउने । | शहरी विकास मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | एकीकृत वस्ती विकास तथा आर्थिक उपार्जनका आधारमा आन्तरिक बसाइसराइ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | व्यवस्थित भएको हुनेछ । |
| ९५ | आवास विहीनहरुका लागि आफ्नै जन्मथलोमा जीवन निर्वाह गर्न सक्ने गरी व्यवस्थित आवास तथा सामूहिक खेति व्यवसाय सञ्चालन गर्न सीप, जमीन तथा वित्तीय प्रोत्साहन दिने । | शहरी विकास मन्त्रालय<br>कृषि विकास मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | आफ्नै जन्मथलोमा जीवन निर्वाह गर्न सक्ने गरी आवास विहीनहरुलाई व्यवस्थित आवास तथा सामूहिक खेति व्यवसाय सञ्चालन गर्न सीप, जमीन तथा वित्तीय प्रोत्साहनको व्यवस्था हुनेछ । |
| ९६ | अव्यवस्थित बसाइसराइका कारण बढ्दो शहरी गरिबी न्यूनीकरण गर्नका लागि व्यवस्थित बसोबास तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने । | प्रदेश तथा स्थानीय सरकार | शहरी विकास मन्त्रालय | | | | | | अव्यवस्थित बसाइसराइका कारण बढ्दो शहरी गरिबी न्यूनीकरण गर्नका लागि व्यवस्थित बसोबास तथा रोजगारमूलक कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| **रणनीति १७. बहुआयामिक गरिबीमा रहेका, सीमान्तीकृत, विभेद तथा बन्चितीमा परेका तथा जोखिमको स्थितिमा रहेका व्यक्तिको आर्थिक तथा सामाजिक संरक्षण गर्ने ।** | | | | | | | | | |
| ९७ | विपन्न, वञ्चितीमा परेका तथा सीमान्तीकृत समुदायका व्यक्तिका लागि जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गर्ने । | स्थानीय सरकार | प्रदेश सरकार | | | | | | विपन्न, वञ्चितीमा परेका तथा सीमान्तीकृत समुदायका व्यक्तिका लागि जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| ९८ | जोखिमपूर्ण अवस्थामा रहेका समूहका व्यक्तिका लागि प्रभावकारी स्वास्थ्य सेवाको विस्तार गर्ने । | स्थानीय सरकार | प्रदेश सरकार | | | | | | जोखिमपूर्ण अवस्थामा रहेका समूहका व्यक्तिका लागि प्रभावकारी स्वास्थ्य सेवाको विस्तार भएको हुनेछ । |
| ९९ | विपन्न वर्ग लक्षित आवास तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्ने । | शहरी विकास मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | विपन्न वर्ग लक्षित आवास तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| १०० | उत्पादनशील सहकारीमा आवद्ध तथा सामाजिक दृष्टिले पछि परेका समुदायलाई सामूहिक रुपमा उत्पादनशील सहकारी तथा उद्यम व्यवसाय सञ्चालन गर्ने क्षमता विकासका लागि आवश्यक पर्ने उद्यमशीलता प्रवर्द्धन, व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गर्ने । | प्रदेश तथा स्थानीय सरकार | भूमि व्यवस्था तथा सहकारी मन्त्रालय<br>उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | | उत्पादनशील सहकारीमा आवद्ध तथा सामाजिक दृष्टिले पछि परेका समुदायलाई उत्पादनशील सहकारी तथा उद्यम व्यवसाय सञ्चालन गर्ने उद्यमशीलता प्रवर्द्धन, व्यावसायिक तथा सीपमूलक तालिम प्रदान भएको हुनेछ । |
| १०१ | ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिको विशेष स्वास्थ्य आवश्यकताको परिपूर्तिका लागि विद्यमान स्वास्थ्य प्रणालीमा सुधार गरिनुका साथै उनीहरुको स्वास्थ्य जोखिमको निराकरण गर्ने प्रणाली स्थापना गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिका लागि स्वास्थ्य जोखिमको निराकरण गर्ने प्रणाली कार्यान्वयनमा आएको हुनेछ । |
| १०२ | फरक सक्षमताको उपयोगका लागि अपांगता भएका व्यक्तिको पेशागत दक्षता अभिवृद्धि गर्ने उद्यमशीलता विकास एवं आयआर्जन अभिवृद्धि गर्ने कार्यक्रमलाई व्यापक तुल्याउने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | अपांगता भएका व्यक्तिको पेशागत दक्षता अभिवृद्धि गर्ने उद्यमशीलता विकास एवं आयआर्जन अभिवृद्धि भएको हुनेछ । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १०३ | उत्पादनशील र उपयोगी बृद्धावस्थाका लागि सीप, अनुभव र पेशागत दक्षताको उपयोग गर्ने गरी विभिन्न उपाय अवलम्वन गर्ने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | ज्येष्ठ नागरिकको सीप, अनुभव र पेशागत दक्षताको उपयोग |
| ११४ | सक्रिय र उत्पादनशील संलग्नता सहितको जीवनका लागि ५९ बर्ष नाघेका सबैलाई व्यावसायिक प्रशिक्षण प्रदान गर्ने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | ५९ बर्ष नाघेका सबैलाई व्यावसायिक प्रशिक्षण प्रदान गरिएको हुने । |
| १०५ | अपांगता समावेशी स्वास्थ्य उपचार सेवा सुनिश्चित गर्न सबै अस्पतालको क्षमता सुदृढ गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | अपांगता समावेशी स्वास्थ्य उपचार सेवाका लागि अस्पतालको क्षमता सुदृढ भएको हुनेछ । |
| १०६ | अटिजम र हेमोफिलिया जस्ता जटील स्थितिमा रहेका बालबालिकाको स्वास्थ्य उपचार एवं मनोसामाजिक सेवा विस्तार तथा सुदृढ तुल्याउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | अटिजम र हेमोफिलिया जस्ता जटील स्थितिमा रहेका बालबालिकाको स्वास्थ्य उपचार एवं मनोसामाजिक सेवा विस्तार तथा सुदृढ भएको हुनेछ । |
| १०७ | सीमान्तीकृत, विपन्न, लोपोन्मुख जातिको संरक्षण गर्न विशेष तथा विस्तारित कार्यक्रम सञ्चालन गर्ने । | स्थानीय सरकार | प्रदेश सरकार | | | | | | सीमान्तीकृत, विपन्न, लोपोन्मुख जातिको संरक्षण गर्न विशेष तथा विस्तारित कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| १०८ | मानसिक रुपले अशक्त व्यक्तिका लागि विशेष स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | मानसिक रुपले अशक्त व्यक्तिका लागि विशेष स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराउने व्यवस्था हुनेछ । |
| १०९ | समता र समावेशिताका दृष्टिले लक्षित वर्गको स्वास्थ्य अधिकार बारेको सचेतना अभिवृद्धि गर्न सूचना, शिक्षा तथा सन्चार प्रणालीलाई सवल तुल्याउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | लक्षित वर्गको स्वास्थ्य अधिकार बारेको सचेतना अभिवृद्धि भएको हुनेछ । |
| ११० | जोखिममा रहेका र विपन्न नागरिकका लागि स्वास्थ्य बिमा कार्यक्रमको विस्तार र सुदृढीकरण गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | जोखिममा रहेका र विपन्न नागरिकका लागि स्वास्थ्य बिमा कार्यक्रमको विस्तार र सुदृढीकरण भएको हुनेछ । |
| १११ | जोखिममा रहेका सीमान्तीकृत र विपन्न नागरिकको मानव अधिकार संरक्षणका लागि निःशुःल्क कानुनी सहायता तथा आधारभूत मानव विकास सेवा प्रवाहलाई सहज र गुणस्तरीय तुल्याउने । | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय प्रदेश तथा स्थानीय सरकार | | | | | | जोखिममा रहेका सीमान्तीकृत र विपन्न नागरिकका लागि निःशुल्क कानुनी सहायता आधारभूत मानव विकास सेवा प्रवाह प्रणाली सुदृढ भएको हुनेछ । |
| **रणनीति १८. लैङ्गिकता आधारित सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यका लागि कानुनी, संस्थागत तथा प्रणालीगत क्षमता सुदृढ गर्ने ।** | | | | | | | | | |
| ११२ | लैङ्गिक हिंसा र विभेदको अन्त्यका लागि स्थानीय तहको न्यायिक प्रणालीलाई सुदृढ र सक्षम तुल्याउने । | प्रदेश तथा स्थानीय सरकार | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय स्वास्थ्य तथा | | | | | | लैङ्गिक हिंसा र विभेदको अन्त्यका लागि स्थानीय तहको न्यायिक प्रणालीलाई सुदृढ र सक्षम हुनेछ । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | जनसङ्ख्या मन्त्रालय | | | | | | |
| ११३ | लैङ्गिक हिंसा प्रभावित व्यक्तिका लागि सबै तहमा निःशुल्क कानुनी सहायता प्रणालीलाई विस्तार गर्दै लगिने । | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | सबै तहमा लैङ्गिक हिंसा प्रभावित व्यक्तिका लागि निःशुल्क कानुनी सहायता प्रणाली विस्तार भएको हुनेछ । |
| ११४ | महिला, बालिका तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायका व्यक्तिहरुको न्यायमा पहुँचका लागि निःशुल्क कानूनी सहायताका विद्यमान कार्यक्रम तथा सेवा प्रणालीलाई थप प्रभावकारी बनाउने । | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | निःशुल्क कानूनी सहायताका विद्यमान कार्यक्रम तथा सेवा प्रणाली थप प्रभावकारी भएको हुनेछ । |
| ११५ | लैङ्गिक हिंसा प्रभावितका लागि आर्थिक अन्य सेवासुविधा उपलब्ध गराउन वित्तीय स्रोतको पर्याप्त व्यवस्था गर्ने । | अर्थ मन्त्रालय<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | लैङ्गिक हिंसा प्रभावितका लागि वित्तीय स्रोतको पर्याप्त व्यवस्था भएको हुनेछ । |
| ११६ | महिला, किशोरी एवं बालिका तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको मर्यादाविपरीतका हानिकारक सामाजिक कुप्रथा र प्रचलनविरुद्ध अभियान सञ्चालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | महिला, किशोरी एवं बालिका तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको मर्यादाविपरीतका हानिकारक सामाजिक कुप्रथा र प्रचलनविरुद्ध अभियान सञ्चालन भएको हुनेछ । |
| ११७ | लैङ्गिक विभेद र हिंसाको अन्त्यका साथै लैङ्गिक समता प्रवर्द्धनका लागि पुरुषवर्गको सकारात्मक योगदान र सहभागिता अभिवृद्धि गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | लैङ्गिक विभेद र हिंसाको अन्त्यका साथै लैङ्गिक समता प्रवर्द्धनका लागि पुरुषवर्गको सकारात्मक योगदान र सहभागिता अभिवृद्धि भएको हुनेछ । |
| ११८ | हिंसापीडित महिला तथा बालिकाको संरक्षण, उपचार तथा पुनर्स्थापनाका लागि संस्थागत व्यवस्था सुदृढ गर्नुका साथै विभिन्न कार्यक्रम सञ्चालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | हिंसापीडित महिला तथा बालिकाको संरक्षण, उपचार तथा पुनर्स्थापनाका लागि संस्थागत व्यवस्था तथा सेवाप्रवाह सुदृढ हुनेछ । |
| ११९ | "बालविवाह मुक्त नेपाल" को अवधारणा कार्यान्वयनलाई प्रभावकारी तुल्याउन उत्थानशीलता अभिवृद्धिका सामाजिक परिचालनका विभिन्न अभियानमूलक कार्यक्रम कार्यान्वयन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | "बालविवाह मुक्त नेपाल" को अवधारणा कार्यान्वयनका लागि सामाजिक परिचालन भएको हुनेछ । |
| १२० | कम्तीमा बीस बर्ष पूरा भएपछि मात्र विवाह गर्न र मनोवैज्ञानिक रुपमा सक्षम भएपछि मात्र सन्तान जन्माउन प्रोत्साहित गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | विवाह गर्न र मनोवैज्ञानिक रुपमा सक्षम भएपछि मात्र सन्तान जन्माउन प्रोत्साहित हुनेछन् । |
| १२१ | लैङ्गिक तथा यौनजन्य हिंसाप्रभावित व्यक्तिका लागि रोजगारी, उद्यमशीलता विकास, आर्थिक सशक्तीकरण तथा सामाजिक पुनर्स्थापनका कार्यक्रम सञ्चालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | ैङ्गिक तथा यौनजन्य हिंसाप्रभावित व्यक्तिका लागि रोजगारी, उद्यमशीलता विकास, आर्थिक सशक्तीकरण तथा सामाजिक पुनर्स्थापनका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| १२२ | लैङ्गिक आधारमा सन्तुलित जनसङ्ख्या सुनिश्चित गर्न लिङ्ग छनौट गर्ने प्रवृत्तिमा निरोधात्मक उपाय अवलम्वन गरिनेछ र कानुनको कार्यान्वयन सवल तुल्यउने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | लिङ्ग छनौट गर्ने प्रवृत्तिमा निरोधात्मक उपाय अवलम्वन गर्न कानुनको सवल कार्यान्वयन भएको हुनेछ । |
| १२३ | सबैप्रकारका महामारी एवं प्राकृतिक प्रकोपको समयमा हुनसक्ने लैङ्गिक हिंसाविरुद्ध बहुपक्षीय सेवा समन्वयात्मक रुपमा प्रदान गर्ने प्रणाली सुदृढ तुल्याउने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | सबैप्रकारका महामारी एवं प्राकृतिक प्रकोपको समयमा हुनसक्ने लैङ्गिक हिंसाविरुद्ध बहुपक्षीय सेवा समन्वयात्मक रुपमा प्रदान गर्ने प्रणाली सुदृढ भएको हुनेछ । |
| १२४ | एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) को सेवा विस्तार गर्नुका साथै संस्थागत क्षमता तथा सेवा प्रणाली सुदृढ तुल्याउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) को सेवा विस्तार र संस्थागत क्षमता तथा सेवा प्रणाली सुदृढ भएको हुनेछ । |
| १२५ | अस्पतालका सामाजिक सेवा एकाइबाट विपन्न समुदायका व्यक्तिलाई निःशुल्क सेवा विस्तारित रुपमा प्रदान गर्ने गरी संस्थागत तथा वित्तीय क्षमता सुदृढ गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | अस्पतालका सामाजिक सेवा एकाइको सेवा विस्तारित रुपमा प्रदान गर्ने गरी संस्थागत तथा वित्तीय क्षमता सुदृढ भएको हुनेछ । |
| **रणनीति १९. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको समान अधिकारको संरक्षण गर्ने ।** | | | | | | | | | |
| १२६ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सामाजिक तथा आर्थिक स्थितिको पहिचान गरी तथ्याङ्क प्रणालीमा समाविष्ट गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | |
| १२७ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको विशेष आवश्यकताको पहिचान गरी उनीहरुका लागि आधारभूत मानव विकास सेवाका साथै आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | |
| १२८ | आधारभूत मानव विकास सेवामा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको पहुंच बढाउनका लागि मनोसामाजिक विमर्श सेवा उपलब्ध गराउने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको पहुंच आधारभूत मानव विकास सेवामा बढाउन मनोसामाजिक विमर्श सेवा उपलब्ध भएको हुनेछ । |
| १२९ | महिला, बालिका तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायका व्यक्तिहरुको न्यायमा पहुँचका लागि आफ्नो अधिकारको प्रयोग गर्न सक्ने गरी सशक्तीकरणका कार्यक्रम विस्तार गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | न्यायमा समावेशी पहुंच तथा अधिकार प्रयोगका लागि सशक्तीकरणको कार्यक्रम विस्तार भएको हुनेछ । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **रणनीति २०. सबै शासकीय तहका नीतिगत, कानुनी, संरचनागत तथा प्रणालीगत क्षेत्रमा लैङ्गिक समानताको विषय मूलप्रवाहीकरण गर्ने ।** | | | | | | | | | |
| १३० | सबै तहको नीति/रणनीति, योजना, संरचना, कार्यक्रम र बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय मूलप्रवाहीकरण गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | सबै तहको नीति/रणनीति, योजना, संरचना, कार्यक्रम र बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय मूलप्रवाहीकरण भएको हुनेछ । |
| १३१ | सबै क्षेत्र तथा तहमा लैङ्गिकमैत्री र सम्वेदनशील दृष्टिकोण निर्माण गर्न प्राथमिक तहदेखि उच्च तहसम्मका शिक्षा प्रणालीलाई लैङ्गिक समतायुक्त तुल्याउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | प्राथमिक तहदेखि उच्च तहसम्मका शिक्षा प्रणालीलाई लैङ्गिक समतायुक्त हुनेछ । |
| १३२ | लैङ्गिक समानता हासिल गर्नका लागि प्राथमिकता कायम गरी योजना र कार्यक्रमका लागि साधन स्रोतको प्रक्षेपण गर्ने प्रणालीका साथै लगानी कार्यढांचाको विकास गर्ने । | अर्थ मन्त्रालय<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | लैङ्गिक समानतामा आधारित योजना र कार्यक्रमका लागि साधन स्रोतको प्रक्षेपण गर्ने प्रणालीका साथै लगानी कार्यढांचा कार्यान्वयनमा आएको हुनेछ । |
| १३३ | "कोही पनि छुट्नु हुंदैन" भन्ने दिगो विकास लक्ष्यको अवधारणामा आधारित रही सबै क्षेत्रको वार्षिक कार्यक्रम तथा बजेटलाई लैङ्गिक दृष्टिले तर्जुमा गरी कार्यान्वयनमा ल्याउन समन्वय र सहजीकरणका उपाय अवलम्वन गर्ने । | अर्थ मन्त्रालय<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | "कोही पनि छुट्नु हुंदैन" भन्ने मूलमन्त्रमा आधारित भै लैङ्गिक दृष्टिले कार्यक्रम र बजेट प्रणाली कार्यान्वयनमा आउनेछ । |
| **रणनीति २१. लैङ्गिक समानताको दृष्टिले महिलाको मर्यादित श्रम तथा उत्पादनशील भूमिकाको उचित सम्मान र मूल्याङ्कनका लागि पद्धतिगत सुदृढीकरण गर्ने ।** | | | | | | | | | |
| १३४ | महिलाले गर्ने विना ज्यालाका घरायसी काम वा कम ज्याला प्राप्त गरेका कामलाई मूल्याङ्कन गरी अर्थतन्त्रमा गरेको योगदानको गणना गर्ने परिपाटीको विकास गर्ने । | राष्ट्रिय तथ्याङ्क कार्यालय<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | महिलाले गर्ने विना ज्यालाका घरायसी काम वा कम ज्याला प्राप्त गरेका कामलाई मूल्याङ्कन गरी अर्थतन्त्रमा गरेको योगदानको गणना गर्ने परिपाटी विकसित भएको हुनेछ । |
| १३५ | दुई पुस्ताको बीचको दोहोरो भूमिकामा रहेका कामकाजी महिलाको पहिचान गरी उनीहरुको पेशागत क्षमता विकास र कार्यवातावरण सकारात्मक बनाउन उपाय अवलम्वन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | दोहोरो भूमिकामा रहेका कामकाजी महिलाका पेशागत क्षमता विकास र कार्यवातावरण सकारात्मक हुनेछ । |
| १३६ | अनौपचारिक तथा असंगठित क्षेत्रमा कार्यरत महिलाको तथ्याङ्क अद्यावधिक गरी श्रम संरक्षणका उपाय अवलम्वन गर्ने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | | | | | | अनौपचारिक तथा असंगठित क्षेत्रमा कार्यरत महिलाको तथ्याङ्क अद्यावधिक हुने र श्रम संरक्षण भएको हुनेछ । |
| १३७ | घरायसी काम तथा हेरचाहको काममा पुरुषको भूमिका बढाउंदै लैजाने गरी कार्यक्रम सञ्चालन | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | प्रदेश तथा स्थानीय सरकार | | | | | | घरायसी काम तथा हेरचाहको काममा पुरुषको भूमिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्ने । | मन्त्रालय | | | | | | | बढेको हुनेछ । |
| १३८ | महिलाको श्रम र समय बचत हुने सेवासुविधा र प्रविधिको प्रयोग गर्ने वातावरण सृजना गरी सोको अवलम्वन गर्न अभिप्रेरित गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | महिलाको श्रम र समय बचत हुने सेवासुविधा र प्रविधिको प्रयोग गर्ने वातावरण सहज हुनेछ । |

**रणनीति २२. उद्यमशीलता र रोजगारी प्रवर्द्धनका साथै उत्पादनशील साधनस्रोत माथिको पहुंच वृद्धिको माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गर्ने ।**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३९ | प्राविधिक तथा व्यावसायिक शिक्षामा रहेको लैङ्गिक अन्तर घटाउन विशेष कार्यक्रम कार्यान्वयन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | प्राविधिक तथा व्यावसायिक शिक्षामा रहेको लैङ्गिक अन्तर घटाउन विशेष कार्यक्रम कार्यान्वयन भएको हुनेछ । |
| १४० | महिलाको उद्यमशीलता प्रवर्द्धन गर्नका लागि कार्यक्रमको विस्तार गरी कार्यान्वयन क्षमता सुदृढ तुल्याउने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | महिलाको उद्यमशीलता प्रवर्द्धन गर्नका लागि कार्यक्रमको विस्तार तथा कार्यान्वयन क्षमता सुदृढ भएको हुनेछ । |
| १४१ | उद्योग व्यवसायलगायत उत्पादनशील अवसर र स्रोतसाधनमा महिलाको स्वामित्व अभिवृद्धि गर्न थप वित्तीय प्रोत्साहन उपलब्ध गराउने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | उद्यममा महिलाको स्वामित्व अभिवृद्धि गर्न थप वित्तीय प्रोत्साहन उपलब्ध भएको हुनेछ । |
| १४२ | उत्पादनमूलक सहकारीमा क्षमता अभिवृद्धिसहित महिलाको सहभागिता बढाउने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | उत्पादनमूलक सहकारीमा महिलाको सक्षम सहभागिता भएको हुने । |
| १४३ | उद्योग व्यवसाय सञ्चालन गर्न महिला प्रवद्धित लगानीका लागि जीवन उपयोगी बजारको माग अनुसारको सीप र प्रविधिमा महिलाको पहुंच वृद्धि गरी वित्तीय सहुलियत उपलब्ध गराई प्रोत्साहन गर्ने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | महिला प्रवद्धित लगानीका लागि व्यवसायिक सीप र प्रविधि तथा प्रोत्साहन उपलब्ध भएको हुनेछ । |
| १४४ | विपन्न, वञ्चिती मा परेका तथा सीमान्तीकृत महिलाको वञ्चितीमा परेका तथा सीमान्तीकृत महिलाको आर्थिक तथा सामाजिक स्थितिको नक्सांकन गरी उद्यमशीलतामा आधारित जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गर्ने । | प्रदेश तथा स्थानीय सरकार | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | | | | | | विपन्न, वञ्चिती मा परेका तथा सीमान्तीकृत महिलाको वञ्चितीमा परेका तथा सीमान्तीकृत महिलाको आर्थिक तथा सामाजिक स्थितिको नक्सांकन भएको हुनेछ ।<br>समावेशी आधारमा जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन भएको हुनेछ । |

**उद्देश्य ४.: जनसङ्ख्या व्यवस्थापन क्षमता सुदृढ तुल्याउनु ।**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **रणनीति २३. परिवार नियोजन कार्यक्रमलाई विद्यमान जनसांख्यिक स्थिति तथा भविष्यमा हुनसक्ने प्रवृत्ति तथा परिवर्तन अनुकूल हुने गरी पुनरावलोकन तथा परिमार्जन गर्ने ।** | | | | | | | | | |
| १४५ | जनसांख्यिक परिवर्तन र जनसङ्ख्याको उपयुक्त संरचनाको आवश्यकता आधारमा परिवार नियोजनको पद्धतिको लेखाजोखा र विश्लेषण गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | | | | | | जनसांख्यिक स्थितिमा आएको परिवर्तन आधारमा परिवार नियोजनको पद्धतिको लेखाजोखा र विश्लेषण भएको हुनेछ । |
| १४६ | परिवार नियोजन सेवालाई प्रभावकारी बनाउन परिवर्तित सन्दर्भ र आवश्यकताका आधारमा प्रणालीगत तथा प्रविधिगत रुपमा परिमार्जन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | परिवार नियोजन सेवामा परिमार्जन भएको हुनेछ । |
| १४७ | परिवार नियोजन र सुरक्षित प्रजनन् स्वास्थ्य सेवालाई परिमार्जित रुपमा विस्तार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | परिवार नियोजन सेवा परिमार्जित रुपमा विस्तार भएको हुनेछ । |
| **रणनीति २४. परिवार नियोजन सेवा तथा प्रजनन् स्वास्थ्य सेवालाई थप सुदृढ तुल्याउने ।** | | | | | | | | | |
| १४८ | ग्रामीण महिलाका लागि प्रजनन् स्वास्थ्य तथा मातृत्व सेवा विस्तार तथा सुदृढ तुल्याउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | प्रजनन् स्वास्थ्य तथा मातृत्व सेवा विस्तार तथा सुदृढ भएको हुनेछ । |
| १४९ | प्रजनन् सम्बन्धी आधारभूत स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको प्रभावकारिता वृद्धि गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | प्रजनन् सम्बन्धी आधारभूत स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको प्रभावकारिता वृद्धि भएको हुनेछ । |
| १५० | परिवार नियोजनबाट महिलामा पर्ने नकारात्मक असर न्यूनीकरणका उपाय अवलम्वन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | परिवार नियोजनबाट महिलामा पर्ने नकारात्मक असर न्यूनीकरण भएको हुनेछ । |
| १५१ | किशोर किशोरीको यौनिक तथा प्रजनन् स्वास्थ्य सेवालाई विस्तार गरी पहुंच बढाउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | किशोर किशोरीको यौनिक तथा प्रजनन् स्वास्थ्य सेवालाई विस्तार भै पहुंच बढ्नेछ । |
| १५२ | सुरक्षित प्रजनन् र अत्यावश्यक स्वास्थ्य सेवाका सम्बन्धमा व्यापक रुपमा सचेतना अभिवृद्धि गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | सुरक्षित प्रजनन् र अत्यावश्यक स्वास्थ्य सेवाका सम्बन्धमा सचेतना बढेको हुनेछ । |
| १५३ | सम्मानजनक एवं सीपयुक्त दक्ष प्रसूती सेवाका लागि मिडवाइफ्रीसंग सम्बन्धित सीप विकास र उपयोग विस्तार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | सम्मानजनक एवं सीपयुक्त दक्ष प्रसूती सेवाका लागि मिडवाइफ्रीसंग सम्बन्धित सीप विकास र उपयोग विस्तार भएको हुनेछ । |
| १५४ | गर्भावस्थामा गर्भवती महिलालाई हुनसक्ने रक्तअल्पता, कुपोषण तथा सम्भाव्य स्वास्थ्य समस्या तथा जोखिमको समाधान तथा आवश्यक उपचार सेवा प्रदान गर्नका लागि मिडवाइफ्री शिक्षा र परामर्श सेवा सुदृढ र विस्तार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | मिडवाइफ्री शिक्षा र परामर्श सेवा सुदृढ र विस्तार भएको हुनेछ । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५५ | गर्भवती महिलाको गर्भावस्थामा हुनसक्ने शारीरिक, मानसिक तथा भावनात्मक परिवर्तन एवं सोसंग सम्बन्धित विभिन्न जोखिमको सहज रुपमा ग्रहण गर्ने तथा व्यवस्थापन गर्ने क्षमता अभिवृद्धि गर्न मिडवाइफ्री सेवा सुदृढ तुल्याउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | मिडवाइफ्री सेवा सुदृढ भएको हुनेछ । |
| १५६ | कानुनी तथा चिकित्सिकीय आधारमा सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने गरी प्रणाली सदृढ गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | कानुनी तथा चिकित्सिकीय आधारमा सुरक्षित गर्भपतन सेवा उपलब्ध भएको हुनेछ । |
| १५७ | नवजात शिशुको स्वास्थ्य हेरचाह र सतर्कता, पोषण प्रणाली सुदृढ गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | नवजात शिशुको स्वास्थ्य हेरचाह र सतर्कता, पोषण प्रणाली सुदृढ भएको हुनेछ । |
| १५८ | विद्यालय नर्सको अवधारणा विस्तारित रुपमा कार्यान्वयन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | विद्यालय नर्सको अवधारणा विस्तारित रुपमा कार्यान्वयन भएको हुनेछ । |
| १५९ | यौन तथा प्रजनन् स्वास्थ्यका वारेमा विद्यालय तह देखिनै किशोरकिशोरीलाई मनोसामाजिक तवरले सचेत गराउने गरी सेवा विस्तार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | यौन तथा प्रजनन् स्वास्थ्यका वारेमा किशोरकिशोरीलाई मनोसामाजिक तवरले सचेत गराउने गरी सेवा विस्तार भएको हुनेछ । |
| १६० | सबै किशोर किशारी तथा समस्त युवावर्गमा यौनिक तथा प्रजनन् स्वास्थ्य अधिकारका वारेमा सचेतना अभिवृद्धि गरी प्रजनन् मनोव्यवहारमा जनसांख्यिक गतिशीलता अनुकूल हुने गरी सकारात्मक परिवर्तन गर्ने गरी कार्यक्रम विस्तार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | युवावर्गमा यौनिक तथा प्रजनन् स्वास्थ्य अधिकारका वारेमा सचेतना अभिवृद्धि भएको र प्रजनन् मनोव्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ । |

**रणनीति २५: युवा समुदायमा प्रजनन् सम्बन्धी मनोव्यवहारलाई जनसांख्यिक आवश्यकता अनुकूल तुल्याउने ।**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६१ | सबै स्थानीय तहमा जन्मदर, प्रतिस्थापन अनुपात, उमेर संरचना, बसाइसराइ तथा श्रम आप्रवासनबाट आर्थिक रुपले सक्रिय जनसङ्ख्यामा पर्ने असर, दिगो र सन्तुलित विकासका लागि आवश्यक पर्ने जनसङ्ख्या लगायतका जनसांख्यिक स्थितिका वारेमा समुदायमा अनुशिक्षण गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | प्रदेश तथा स्थानीय सरकार | | | | | | जनसांख्यिक स्थितिका बहुआयामिक पक्षका वारेमा समुदायमा अनुशिक्षण गरिएको हुनेछ । |
| १६२ | जनसांख्यिक स्थितिमा आएको परिवर्तन र मुलुकका लागि उपयुक्त जनसङ्ख्याका वारेमा समुदायमा युवा सचेतना बढाउने कार्यक्रम सञ्चालन गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | प्रदेश तथा स्थानीय सरकार | | | | | | जनसांख्यिक स्थितिमा आएको परिवर्तनका सम्बन्धमा युवा सचेतना बढेको हुनेछ । |
| १६३ | सुरक्षित तथा सन्तुलित प्रजननको आवश्यकताका सम्बन्धमा किशोरकिशोरीको मनोव्यवहारमा सकारात्मक परिवर्तन ल्याउने गरी उपाय अवलम्वन गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | प्रदेश तथा स्थानीय सरकार | | | | | | किशोरकिशोरीको मनोव्यवहारमा सुरक्षित तथा सन्तुलित प्रजननको आवश्यकताका सकारात्मक परिवर्तन भएको हुनेछ । |
| १६४ | दम्पतिको सन्तान जन्माउने प्रवृत्तिमा राष्ट्रको जनसांख्यिक आवश्यकको परिपूर्ति हुनेगरी सुधार गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | प्रदेश तथा | | | | | | दम्पतिको सन्तान जन्माउने प्रवृत्तिमा राष्ट्रको जनसांख्यिक आवश्यकको परिपूर्ति हुनेगरी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | सुधार भएको हुनेछ । |
| **रणनीति २६: जनसङ्ख्या र विकासको क्षेत्रमा रणनीतिक योजना तथा नीति व्यवस्थापनको नेतृत्व लिने संगठनको निर्माण गर्ने ।** | | | | | | | | | |
| १६५ | राष्ट्रिय जनसङ्ख्या परिषदलाई क्रियाशील तुल्याउन संस्थागत रणनीतिक योजना निर्माण गरी सोको कार्यान्वयनका आधारमा क्रियाशील तुल्याउने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | | | | | | राष्ट्रिय जनसङ्ख्या परिषद रणनीतिक रुपमा क्रियाशील भएको हुनेछ । |
| १६६ | संघीय तहमा जनसङ्ख्या र विकासका विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहत उच्च तहको कार्यसम्पादन क्षमता भएको स्वायत्त, अधिकारसम्पन्न, विशेषज्ञता भएको र कार्यकारी व्यवस्थापनका दृष्टिले सक्षम निकायका रुपमा राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्रको स्थापना गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | | | | | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्रको स्थापना भएको हुनेछ । |
| **रणनीति २७: जनसङ्ख्या सम्बन्धी नीति व्यवस्थापनको कार्यसम्पादनलाई व्यवस्थित, नियमित र योजनावद्ध तुल्याउन आवश्यक कानुनी व्यवस्था गर्ने ।** | | | | | | | | | |
| १६७ | जनसङ्ख्या र विकासको कार्यजिम्मेवारीलाई योजनावद्ध, वैध, व्यवस्थित र नियमित तुल्याउन कानुनी अवधारणाका विषयमा बहुसरोकारवाला पक्षको सहभागितामा नीति सम्वाद गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | | | | | | कानुनी अवधारणाका विषयमा बहुसरोकारवाला पक्षको सहभागितामा नीति सम्वाद भएको हुनेछ । |
| १६८ | जनसङ्ख्याको संरचना सम्बन्धी विषय, नियमन र विकासको जिम्मेवारी तथा जवाफदेहिताका दृष्टिले कानुनको निर्माण गर्न विषयगत विशेषज्ञताको उपयोग गरी सैद्धान्तिक तथा कार्यप्रणालीगत आधार तयार गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | | | | | | कानुनको निर्माण गर्न सैद्धान्तिक तथा कार्यप्रणालीगत आधार तयार भएको हुनेछ । |
| १६९ | जनसङ्ख्या व्यवस्थापनको कार्यलाई कानुनी रुपमा वैधता प्रदान गर्न र नीति, योजना तथा कार्यकारी व्यवस्थापनको विषयमा कानुनसम्मत रुपमा कार्यसम्पादन गर्ने सक्षम निकायको व्यवस्था गर्न संघीय जनसङ्ख्या व्यवस्थापन कानुन निर्माण गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | | | | | | संघीय जनसङ्ख्या व्यवस्थापन कानुन निर्माण भएको हुनेछ । |
| १७० | प्रदेश र स्थानीय तहमा समेत जनसंख्या व्यवस्थापन प्रणाली सुदृढ तुल्याउन संघीय जनसंख्या व्यवस्थापन मार्गदर्शन तयार गरी लागू गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | | | | | | जनसंख्या व्यवस्थापन प्रणालीका लागिसंघीय जनसंख्या व्यवस्थापन मार्गदर्शन तयार भई लागू भएको हुनेछ । |
| १७१ | संघ, प्रदेश तथा स्थानीय तहमा जनसंख्या व्यवस्थापनका कार्यक्रम सन्चालन गर्न निजी व्यावसायिक क्षेत्रको संस्थागत सामाजिक जिम्मेवारीका लागि व्यवस्था गरिएको वित्तीय कोषको उपयोग गर्न समन्वय गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | अर्थ मन्त्रालय | | | | | | जनसंख्या व्यवस्थापनका कार्यक्रम सन्चालन गर्न कोषको व्यवस्थाका लागि समन्वय भएको हुनेछ । |

**रणनीति २८. जनसांख्यिक विषयमा अनुसन्धान, सूचना तथा तथ्याङ्क व्यवस्थापन एवं प्रणाली सञ्चालन गर्ने सार्वजनिक निकायहरुलाई एउटै छातामुनि संस्थागत रुपमा एकीकृत गर्ने ।**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७२ | जनसांख्यिक विषयमा नीति व्यवस्थापन, अनुसन्धान, सूचना तथा तथ्याङ्क व्यवस्थापन, प्रलेख स्रोत तथा अभिलेख व्यवस्थापन एवं प्रणाली सञ्चालन गर्ने जिम्मेवारी लिई कार्यरत नेपाल सरकार मातहतका निकायको कार्यक्षेत्र, जिम्मेवारी तथा कार्यप्रणालीका विषयमा समीक्षा गर्ने परिपाटीको थालनी गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | जनसांख्यिक विषयका विभिन्न पक्षमा कार्यक्षेत्र, जिम्मेवारी तथा कार्यप्रणालीका विषयमा समीक्षा भएको हुनेछ । |
| १७३ | जनसङ्ख्या सम्बन्धी नीति तथा व्यवस्थापनको जिम्मेवारीमा संलग्न सरकारी निकायहरुलाई एउटै छातामुनि एकीकृत गर्नका लागि आवश्यक तथ्यगत प्रमाण सहितको प्रतिवेदन तयार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | | | | | जनसङ्ख्या सम्बन्धी नीति तथा व्यवस्थापनको जिम्मेवारीमा संलग्न सरकारी निकायहरुलाई एउटै छातामुनि एकीकृत गर्नका लागि आधार निर्माण भएको हुनेछ । |
| १७४ | जनसङ्ख्या सम्बन्धी नीति, अनुसन्धान एवं राष्ट्रिय तथ्याङ्क संरचना, व्यक्तिगत घटना दर्ता, राष्ट्रिय परिचयपत्र, सामाजिक सुरक्षा अभिलेखीकरण जस्ता जनसांख्यित महत्वका तथ्याङ्कको संकलन, विश्लेषण तथा व्यवस्थापनको जिम्मेवारीमा संलग्न सरकारी निकायहरुलाई एकीकृत गर्ने विषयमा सिफारिसका आधारमा संरचनागत सुधारका उपाय अवलम्वन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | | | | | जनसङ्ख्या सम्बन्धी जिम्मेवारी भएको एकीकृत संरचनागत सुधार भएको हुनेछ । |
| १७५ | जनसङ्ख्या व्यवस्थापनका लागि विकासका साझेदार, सरकारी निकाय, गैरसरकारी संस्था, निजी व्यावसायिक क्षेत्र, सहकारी तथा सामुदायिक संगठनबीचको सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश तथा स्थानीय सरकार | | | | | | जनसङ्ख्या व्यवस्थापनका लागि सहकार्य र साझेदारी प्रवर्द्धन भएको हुनेछ । |

**रणनीति २९: प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या र विकासको कार्यजिम्मेवारी बहन गर्ने गरी संस्थागत तथा कार्यप्रणालीगत क्षमताको विकास गर्ने ।**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७६ | प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या र विकासको विषयलाई संस्थागत गर्न तथा क्रियाशील तुल्याउन समन्वय र सहजीकरण गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | प्रदेश तथा स्थानीय सरकार | | | | | | जनसङ्ख्या र विकासको विषयलाई संस्थागत गर्न प्रदेश तथा स्थानीय तहमा समन्वय र सहजीकरण भएको हुनेछ । |
| १७७ | प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या व्यवस्थापनको कार्यजिम्मेवारी भएका संरचनाको संस्थागत क्षमता विकास गर्ने । | प्रदेश तथा स्थानीय सरकार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | जनसङ्ख्या व्यवस्थापनको कार्यजिम्मेवारी भएका संरचनाको प्रदेश तथा स्थानीय तहमा संस्थागत क्षमता विकास भएको हुनेछ । |
| १७८ | जनसङ्ख्या व्यवस्थापनको विषयमा प्रदेश तहमा योजनागत रुपमा कार्यक्रमिक सक्रियता अभिवृद्धि गर्न प्रदेश तहको सामाजिक विकास मन्त्रालयसंग | प्रदेश सरकार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | प्रदेश तहको सामाजिक विकास मन्त्रालयसंग जनसङ्ख्या व्यवस्थापनको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सहकार्य गर्ने । | | | | | | | | विषयमा सहकार्य हुनेछ । |
| १७९ | स्थानीय तहमा जनसङ्ख्या र विकासका नीति कार्यान्वयन, अनुगमन, समन्वय र सहकार्य गर्न सक्ने गरी संस्थागत तथा कार्यप्रणाली व्यवस्था गर्न समन्वय र सहकार्य प्रवर्द्धन गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | प्रदेश सरकार<br>स्थानीय सरकार | | | | | | जनसङ्ख्या र विकासका नीति कार्यान्वयन, अनुगमन, समन्वय र सहकार्य गर्न सक्ने गरी स्थानीय तहमा संस्थागत तथा कार्यप्रणाली व्यवस्था गर्न समन्वय र सहकार्य भएको हुनेछ । |
| **रणनीति ३०: जनसङ्ख्या व्यवस्थापन सम्बन्धी एकीकृत सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गर्ने ।** | | | | | | | | | |
| १८० | जनसङ्ख्या सम्बन्धी यौनिक तथा लैङ्गिक रुपमा खण्डीकृत, अन्तरपक्षीय तथा बहुतहगत सूचना र तथ्याङ्कको एकीकृत व्यवस्थापकीय प्रणालीको संरचना तयार गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | जनसङ्ख्या सम्बन्धी सूचना र तथ्याङ्कको एकीकृत व्यवस्थापकीय प्रणालीको संरचना तयार भएको हुनेछ । |
| १८१ | सबै तहको जनसङ्ख्या सम्बन्धी नीति व्यवस्थापन तथा कार्यप्रणालीलाई तथ्यगत प्रमाणमा आधारित तुल्याउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | जनसङ्ख्या सम्बन्धी नीति व्यवस्थापन तथा कार्यप्रणालीलाई तथ्यगत प्रमाणमा आधारित हुनेछ । |
| १८२ | जनसङ्ख्या विषयका सबै आवश्यक तथ्याङ्कको संकलन, प्रशोधन, विश्लेषण, उपयोग तथा सुधारका विधि निर्माण तथा परिमार्जन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | जनसङ्ख्या विषयका सबै आवश्यक तथ्याङ्कको संकलन, प्रशोधन, विश्लेषण, उपयोग तथा सुधारका विधि निर्माण तथा परिमार्जन भएको हुनेछ । |
| १८३ | प्रत्येक स्थानीय तहमा श्रम तथा शैक्षिक आप्रवासन र बसाइसराइ सम्बन्धी एकीकृत व्यवस्थापन सूचना प्रणालीको विकास गरी प्रदेश तथा संघ तहमा एकीकृत गर्ने । | स्थानीय तह<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रदेश सरकार<br>राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | | | | | | स्थानीय तहमा श्रम तथा शैक्षिक आप्रवासन र बसाइसराइ सम्बन्धी एकीकृत व्यवस्थापन सूचना प्रणालीको विकास तथा उपयोग भएको हुनेछ । |
| १८४ | जनसङ्ख्यासंग सम्बन्धित सूचना संकलन, व्यवस्थापन, प्रकाशन तथा सार्वजनिकिकरणलाई गुणस्तरीय, व्यापक र भरपर्दो बनाउने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | प्रदेश सरकार<br>स्थानीय सरकार | | | | | | जनसङ्ख्या संग सम्बन्धित सूचना संकलन, व्यवस्थापन, प्रकाशन तथा सार्वजनिकिकरणलाई गुणस्तरीय, व्यापक र भरपर्दो हुनेछ । |
| १८५ | आर्थिक, पेशागत तथा सामाजिक विशेषतामा आधारित रही एकीकृत सूचना व्यवस्थापन प्रणालीको उपयोग गरी प्रत्येक जनसङ्ख्याको ट्र्याकिंग गर्ने प्रणाली अवलम्वन गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | प्रदेश सरकार<br>स्थानीय सरकार | | | | | | सूचना व्यवस्थापन प्रणालीको उपयोग गरी प्रत्येक जनसङ्ख्याको ट्र्याकिंग गर्ने प्रणाली क्रियाशील हुनेछ । |
| १८६ | स्थानीय तहमा जनसङ्ख्या सम्बन्धी सबै किसिमका विस्तृत विवरण सहितको तथ्याङ्कको संकलन, प्रशोधन र उपयोग गर्ने प्रणालीको विकास गर्ने र सम्प्रेषण गर्ने तथा सूचना सन्जालमा आवद्ध तुल्याउने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | प्रदेश सरकार<br>स्थानीय सरकार<br>राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | जनसङ्ख्या सम्बन्धी सबै किसिमका तथ्याङ्कको संकलन, प्रशोधन र उपयोग गर्ने प्रणालीको विकास गर्ने र सम्प्रेषण गर्ने तथा सूचना सन्जालमा आवद्ध गर्ने स्थानीय तहमा क्षमता विकास |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | भएको हुनेछ । |
| **रणनीति ३१: जनसङ्ख्या सम्बन्धी विषयका विभिन्न अनुसन्धान तथा सर्वेक्षणको कार्य गर्ने ।** | | | | | | | | | |
| १८७ | जनसङ्ख्या सम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापनका लागि व्यक्तिगत घटना दर्ता, नागरिक परिचयपत्र, जनसाङ्ख्यिक तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान, सर्वेक्षण र विश्लेषण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने । , | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | प्रदेश सरकार<br>स्थानीय सरकार<br>राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | जनसङ्ख्या सम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन कार्यका लागि तथ्यगत आधार निर्माण भएको हुनेछ । |
| १८८ | जनसङ्ख्या तथा विकासका सूचकहरुको नियमित रुपमा अद्यावधिक गर्न तथा अनुगमनका लागि तथ्यगत आधार प्रदान गर्न जनसङ्ख्यासंग सम्बन्धित विभिन्न आवधिक तथा नियमित सर्वेक्षण सञ्चालन गरी प्रतिवेदन तयार तथा सार्वजनिकीकरण गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | जनसङ्ख्या तथा विकासका सूचकहरुको सम्बन्धमा आवधिक तथा नियमित सर्वेक्षण सञ्चालन गरी प्रतिवेदन तयार तथा सार्वजनिकीकरण भएको हुनेछ । |
| १८९ | जनसांख्यिक गतिविधि तथा प्रवृत्तिमा आएको परिवर्तन एवं तिनका प्रभावका वारेमा विषयकेन्द्रित अध्ययन अनुसन्धान गरी जनसांख्यिक प्रतिवेदन तयार गरी उपयोग गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | जनसांख्यिक गतिविधि तथा प्रवृत्तिका सम्बन्धमा अध्ययन अनुसन्धान गरी जनसांख्यिक प्रतिवेदन तयारी तथा उपयोग हुनेछ । |
| १९० | जनसङ्ख्या र विकास सम्बन्धी विषयमा गरिने अनुसन्धान तथा सर्वेक्षणको प्रणालीमा एकरुपता तथा गुणस्तरीयता कायम गर्न एवं नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमामा उपयोग गर्ने विश्वसनीयता कायम गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमामा जनसङ्ख्या र विकास सम्बन्धी विषयमा गरिने अनुसन्धान तथा सर्वेक्षणको नतिजा उपयोग हुनेछ । |
| १९१ | त्रिभुवन विश्वविद्यालयको जनसङ्ख्या अध्ययन विभाग एवं अन्य प्राज्ञिक निकाय, अनुसन्धान संस्था तथा विकासका साझेदार निकाय, अन्य सम्वद्ध निकायबीच जनसांख्यिक विषयमा अध्ययन अनुसन्धान, सर्वेक्षण, क्षमता विकास र जनसांख्यिक तथ्याङ्कको उपयोगका विषयमा सहकार्य र साझेदारी गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | जनसङ्ख्याको विषयमा अनुसन्धान, सर्वेक्षण, क्षमता विकास र जनसांख्यिक तथ्याङ्कको उपयोगका विषयमा बहुपक्षीय सहकार्य र साझेदारी विकास हुनेछ । |
| १९२ | जनसङ्ख्या तथा विकासका विषयमा अध्ययन अनुसन्धान क्षमता अभिवृद्धि गर्ने गरी प्राज्ञिक सक्षमता सुदृढ गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | त्रिभुवन विश्वविद्यालय, जनसंख्या अध्ययन विभाग | | | | | | जनसङ्ख्या तथा विकासका विषयमा अध्ययन अनुसन्धान क्षमता अभिवृद्धि गर्न प्राज्ञिक सक्षमता सुदृढ भएको हुनेछ । |
| १९३ | जनसङ्ख्या तथा विकासका विषयमा एसियाइ क्षेत्र तथा वैश्विकस्तरका अन्तर्राष्ट्रिय संघसंस्थासंग समझदारी गरी अनुसन्धान तथा सर्वेक्षणको क्षमता अभिवृद्धि गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द्र | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | अनुसन्धान तथा सर्वेक्षणको क्षमता अभिवृद्धि भएको हुनेछ । |
| **रणनीति ३२: जनसङ्ख्या सम्बन्धी प्रलेख स्रोत तथा सूचना सम्बन्धी संस्थागत क्षमता विकास गर्ने ।** | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९४ | संघीय तहमा जनसङ्ख्या सम्बन्धी राष्ट्रिय कार्यकारी निकायले सञ्चालन गर्ने गरी सुविधासम्पन्न प्रलेख स्रोत तथा सुचना केन्द्रको स्थापना गरी क्रियाशील तुल्याउने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | जनसङ्ख्या सम्बन्धी विषयमा क्रियाशील प्रलेख स्रोत तथा सुचना केन्द्र सञ्चालन भएको हुनेछ । |
| १९५ | सबै नागरिक तथा सम्वद्ध निकायलाई तथ्यमा आधारित जनसांख्यिक सूचनामा पहुंच सहज र विश्वसनीय तुल्याउने उपाय अवलम्वन गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | राष्ट्रिय तथ्याङ्क कार्यालय | | | | | | तथ्यमा आधारित जनसांख्यिक सूचनामा पहुंच वृद्धि भएको हुनेछ । |
| १९६ | जनसङ्ख्या व्यवस्थापनमा सूचना प्रविधिको योजनावद्ध र व्यवस्थित उपयोगका लागि डिजिटाइजेसन र डिजिटलाइजेसनको कार्यनीति कार्यान्वयनमा ल्याउने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | जनसङ्ख्या व्यवस्थापन डिजिटाइजेसन र डिजिटलाइजेसनमा आधारित भएको हुनेछ । |
| १९७ | जनसङ्ख्या सम्बन्धी विषयमा ज्ञानको व्यवस्थापन र विशेषज्ञ सन्जालको निर्माण गरी उपयोग गर्ने । | राष्ट्रिय जनसङ्ख्या तथा विकास केन्द | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | | | | | जनसङ्ख्या सम्बन्धी विषयमा विशेषज्ञ सन्जालको उपयोग गरिनेछ । |

*** *** ***